# वैयक्तिक अध्ययन प्रतिवेदन

चितवन राष्ट्रिय निकुञ्ज तथा उपत्यका सडक विस्तार आयोजनाको

# आदिवासी जनजातिको मानव अधिकार

उल्लङ्घनका घटनाहरू

नेपाल तथा पेरुको छनौट भएका भूमि सम्बन्धित द्वन्द्वबाट प्रभावित जनसमुदायका आदिवासी जनजाति मानव अधिकार रक्षकहरुको संरक्षण तथा भूमिअधिकार प्रवर्धन परियोजना

यूरोपियन युनियनको सहयोगमा आदिवासी जनजाति महिला महासंघद्वारा सञ्चालित परियोजना

डिसेम्बर २०२१

*सहयोग*

यूरोपियन यूनियन

*प्रकाशक*

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

# वैयक्तिक अध्ययन प्रतिवेदन

चितवन राष्ट्रिय निकुञ्ज तथा उपत्यका सडक विस्तार आयोजनाको

# आदिवासी जनजातिको मानव अधिकार

उल्लङ्घनका घटनाहरू

प्रकाशकः
**राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)**
काठमाडौं महानगरपालिका-१०, बुद्धनगर, फोनः +९७७-१-४७९४१९२
ईमेलः niwf2057@gmail.com, वेभसाइट: www.niwf.org,np

© सम्पूर्ण अधिकार लेखकमा सुरक्षित

वि.सं. २०७९ (ई.सं. २०२२) - १००० प्रति

मुद्रण तथा लेआउट : **सर्वदा प्रिन्टिङ सोलुसन प्रा.लि.**
ज्वागल, ललितपुर, ९८५११९८५७६

ISBN : 978-9937-0-0000-0

# राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

कार्यसमितिका पदाधिकारीहरु

| पद | नाम |
| --- | --- |
| अध्यक्ष | श्री चिनी माया माझी |
| वरिष्ठ उपाध्यक्ष | श्री पुष्पा बुढाथोकी (व्याँसीशौका) |
| उपाध्यक्ष (हिमाल) | श्री छिङ चिप्पा ल्होमी |
| उपाध्यक्ष (पहाड) | श्री सृजना प्रधान |
| उपाध्यक्ष (तराई) | श्री लखि कुमारी गणेश |
| महासचिव | श्री जुनिता राई (शान्ती) |
| कोषाध्यक्ष | श्री निर्मला भुजेल |
| सचिव (अनुसन्धान तथा सूचना र सञ्चार) | श्री सावित्रा चेपाङ |
| सचिव (विदेश तथा परियोजना) | श्री मन्जु धिमाल |
| सचिव (जनसर्म्पक तथा संगठन विस्तार) | श्री नानु धिमाल |
| सचिव (भाषा तथा संस्कृति) | श्री ल्याटिन डोल्मा लामा |

# कृतज्ञता !

चितवन राष्ट्रिय निकुञ्ज तथा उपत्यका सडक विस्तार आयोजनाले आदिवासी जनजाति महिला अधिकार हनन सम्बन्धी वैयक्तिक अध्ययन गर्न नेपाल तथा पेरुको छनौट भएका भूमि सम्बन्धित द्वन्द्वबाट प्रभावित जनसमुदायका आदिवासी जनजाति मानव अधिकार रक्षकहरुको संरक्षण तथा भूमि अधिकार प्रवर्धन परियोजना मार्फत् सहयोग पुऱ्याउने यूरोपियन युनियन प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यसै गरि अध्ययन टोली र चितवन राष्ट्रिय निकुञ्ज तथा उपत्यका सडक विस्तार आयोजनाबाट प्रभावित सम्पूर्ण सहभागी सूचनादाता र वहाँहरुको समुदाय खासगरी चितवन भरतपुर महानगरपालिका वडा नम्बर २८ योगी टोलका कुमाल समुदाय, चितवन भरतपुर महानगरपालिका वडा नम्बर २३ जहदरे खड्गौलीका दराई समुदाय, चितवन माडी नगरपालिका वडा नम्बर ७ देवेन्द्रपुरका चेपाङ समुदाय, नवलपरासी देवचुली नगरपालिका वडा नम्बर ७ केउरेनीका बोटे समुदाय र नवलपरासी कावासोती नगरपालिका वडा नम्बर १५ बाघखोरका बोटे समुदाय, र काठमाण्डौको सामाखुशी-टोखा, बालाजु-बाईपास र थानकोट नेवाः समुदाय तथा ललितपुरको हरिसिद्धी नेवाः समुदाय प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्तमा, यस अध्ययन कार्यमा मद्दत पऱ्याउनु हुने राष्ट्रिय आदिवासी जनजाति महिला महासंघका सदस्य र कर्मचारीहरुको सहयोग, संयोजन र सहजिकरणको प्रशंसा गर्दछु ।

यस अध्ययनमा सहयोग पुऱ्याउने व्यक्ति तथा समुदायको अनुमितमा यो पुस्तक प्रकाशन गरिएको हो ।

चिनिमाया माझी
अध्यक्ष, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ
काठमाण्डौ, नेपाल

# अध्ययन टोली

१. ज्ञान बहादुर तामाङ्ग, प्रमुख अनुसन्धानकर्ता
२. संगिता भुजेल, अनुसन्धानकर्ता
३. साबित्रा चेपाङ, अनुसन्धानकर्ता
४. गंगा कुमारी लिङदेन, अनुसन्धानकर्ता
५. अनिता माझी, अनुसन्धानकर्ता
६. कमला गुरुङ्ग (नीति तथा पैरवी अधिकृत), क्षेत्र अनुगमनकर्ता
(चितवन राष्ट्रिय निकुञ्ज, चितवन र नवलपरासी)

१. विद्या श्रेष्ठ, प्रमुख अनुसन्धानकर्ता
२. छिङचिप्पा ल्होमी, अनुसन्धानकर्ता
३. सिर्जना प्रधान, अनुसन्धानकर्ता
४. नानु थामी, अनुसन्धानकर्ता
५. हिरा कुमारी तामाङ, (स्थानीय संयोजक), क्षेत्र अनुगमन कर्ता
(उपत्यका सडक विस्तार आयोजना, काठमाण्डौ)

# विषय-सूची

**भाग – १ : वैयक्तिक अध्ययन प्रतिवेदन** १
चितवन राष्ट्रिय निकुञ्जको आदिवासी जनजातिको
मानव अधिकार उल्लङ्घनका घटनाहरू १

**१.० परिचय तथा विधि** ३
१.१ वैयक्तिक अध्ययनको पृष्ठभूमि ३
१.२ वैयक्तिक अध्ययनको उद्देश्य ५
१.३ वैयक्तिक अध्ययनको क्षेत्र ५
१.४ वैयक्तिक अध्ययनमा प्रयोग भएका विधिहरू ६
१.४.१ द्धितिय स्रोतहरुको पुनरावलोकन ६
१.४.२ प्रयोग भएका सूचनाहरुको प्रकृति ७
१.४.३ क्षेत्र छनौटको आधार र प्रकृया ७
१.४.४ सूचना संकलनका तरिका वा औजारहरू ८
१.४.५ अध्ययन टोली र अभिमुखीकरण तालिम ९
१.४.६ क्षेत्रकार्य १०
१.४.७ सूचनाको व्याख्या तथा प्रस्तुतीकरण १०
१.५ वैयक्तिक अध्ययनको सीमा ११

**२.० चितवन राष्ट्रिय निकुञ्ज र आदिवासी जनजातिको अधिकार** १२
२.१ चितवन राष्ट्रिय निकुञ्ज १२
२.२ राष्ट्रिय निकुञ्ज र आदिवासी जनजातिको अधिकार १४

**३.० वैयक्तिक अध्ययनको प्रस्तुतीकरण** १८
३.१ आदिवासी चेपाङ समुदाय (घटना नं. १) १८
३.२ आदिवासी दराई समुदाय (घटना नं. २) २५
३.३ आदिवासी कुमाल समुदाय (घटना नं. ३) ३०

३.४ आदिवासी बोटे समुदाय (बाघखोर) (घटना नं. ४) ३६
३.५ आदिवासी बोटे समुदाय (केउरेनी) (घटना नं. ५) ४४

**४.० वैयक्तिक अध्ययनको प्रस्तुतीकरण** **४८**
३.१ निष्कर्ष ४८
३.२ भावि कार्यदिशा ५१

**भाग – २ : वैयक्तिक अध्ययन प्रतिवेदन** **५३**
उपत्यका सडक विस्तार आयोजनाको आदिवासी जनजाति
नेवार महिलाको मानव अधिकार उल्लङ्घनका घटनाहरू ५३

**१.० परिचय तथा विधि** **५५**
१.१ परिचय ५५
१.२ वैयक्तिक अध्ययनको पृष्ठभूमि ५६
१.३ सडक विस्तार आयोजना ५६
१.४ आयोजनाले प्रभाव पारेका क्षेत्रहरू ५७
१.५ मुख्य विधि ५९

**२.० आयोजना र आदिवासी जनजाति नेवाः महिलाको जीविकोपार्जन** **६०**

**३.० वैयक्तिक अध्ययनको प्रस्तुति** **६२**
३.१ आयोजनाले घर भत्काए पछि घर-जग्गाको मालिक
महिला भाडाको घरमा (घटना नं. १) ६२
३.२ एक वृद्धा महिला वृद्धा आश्रममा आश्रय लिन बाध्य (घटना नं. २) ६३
३.३ आयोजनाले एक महिलाको आँट डगमगाइ दियो (घटना नं. ३) ६४
३.४ एक वृद्धा महिलाको न्यायको आशाको अन्त्य (घटना नं. ४) ६५

**४.० काठमाण्डौ उपत्यकाको सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक स्थलमा आयोजनाको प्रभाव** **६७**

**५.० आयोजनाले हनन गरेको आदिवासी जनजातिको अधिकार** **६८**
-पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी ६९
-आदिवासी जनजातिको भूमि तथा स्रोत-साधन माथिको अधिकार ७०
-आदिवासी जनजातिको निर्णय प्रकृयामा भाग लिन पाउने अधिकार ७१
आधारभूत मानव अधिकारको हनन ७१

**६.० सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनबारे जानकारी** **७२**
६.१ राष्ट्रिय कानुन ७२
नेपालको संविधान, २०७२ ७२
सार्वजनिक सडक ऐन, २०३१ ७२
जग्गा एकीकरण ऐन, २०३४ ७३

६.२ अन्तर्राष्ट्रिय कानुन ७३
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ७३
महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ ७३
नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ७३
आदिवासी तथा जनजाति सम्बन्धी महासन्धी, १९८९ (आईएलओ महासन्धि नं. १६९)
संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्र, २००७ ७४

**७.० आयोजना प्रभावित समुदायले गरेको कानुनी कार्यहरू** ७४

**८.० आयोजना प्रभावित व्यक्तिहरुको सङ्घर्षहरू** ७५

**९.० निष्कर्ष र सुझावहरू** ७६

**परिशिष्टहरू** ७९
परिशिष्ट १ : सूचना सहितको मञ्जुरीको ढाँचा ७९
परिशिष्ट २ क : प्रश्नावली (समूह छलफलको लागि/ चितवन राष्ट्रिय निकुञ्ज) ८१
परिशिष्ट २ ख : प्रश्नावली (वैयक्तिक अध्ययनको लागि/ चितवन राष्ट्रिय निकुञ्ज) ८४
परिशिष्ट २ ग : प्रश्नावली (समूह छलफलको लागि काठमाण्डौ उपत्यका) ???

भाग - १

# वैयक्तिक अध्ययन प्रतिवेदन

चितवन राष्ट्रिय निकुञ्जको

# आदिवासी जनजातिको मानव अधिकार

उल्लङ्घनका घटनाहरू

# १.० परिचय तथा विधि

## १.१ वैयक्तिक अध्ययनको पृष्ठभूमि

आदिवासी जनजाति महिला महासंघ नेपालको आदिवासी जनजाति महिला संगठनहरुको एक मात्र छाता संगठन हो । आदिवासी जनजाति महिला महासंघले आफ्नै अग्रसरता तथा विकास साझेदार (दातृ) निकायहरुको सहयोगमा सचेतना अभिवृद्धि, शिक्षा, सशक्तिकरण, सञ्जाल विस्तार, अधिकार र पैरवीका परियोजना तथा कार्यक्रमहरू विगत २० वर्ष देखि सञ्चालन गर्दै आएको छ । साथै आदिवासी जनजाति महिलाहरुको अवस्था र मानव अधिकारको स्थितिबारे अनुसन्धान र प्रकाशन गर्दै आएको छ ।

*संरक्षित क्षेत्र स्पष्ट रूपमा परिभाषित वा सीमाङ्कित भौगोलिक क्षेत्र हो र यो कानुनी वा अन्य कुनै प्रभावकारी उपायबाट प्रकृति र यससंग सम्बन्धित पर्यावरण र सांस्कृतिक मूल्य-मान्यताको दीर्घकालिन संरक्षणमा समर्पित र परिचित हुन्छ (IUCN, २००८) ।*

चितवन राष्ट्रिय निकुञ्ज वन्यजन्तु तथा प्राकृतिक स्रोत-साधनहरुको संरक्षणमा समर्पित नेपालको एक संरक्षित क्षेत्र हो र वन्यजन्तु तथा प्राकृतिक स्रोत-साधनहरुको संरक्षण गर्दा संरक्षित क्षेत्रहरुले मानव अधिकारको प्रत्याभूति हुने कार्यमा सकारात्मक योगदान पुऱ्याउछ भन्ने अपेक्षा गरिएको हुन्छ । यद्यपि, चितवन राष्ट्रिय निकुञ्जको हकमा मानव अधिकारको प्रत्याभूतिको अपेक्षा गर्न सकिदैन । चितवन राष्ट्रिय निकुञ्जले नागरिकहरुमा, खासगरी निकुञ्ज तथा आसपासको क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिमा नकारात्मक प्रभाव पारेको छ । चितवन राष्ट्रिय निकुञ्ज आदिवासी जनजातिको अधिकार तथा जनजीविकाको विषयमा संवेदनशील हुने र सम्बोधन गर्ने कुरामा पूर्ण रूपमा असफल छ र यस व्यवहारले संरक्षणको प्रयास तथा प्रतिफललाई समेत चुनौती दिएको छ ।

चितवन राष्ट्रिय निकुञ्जको परिवेशमा हेर्ने हो भने आदिवासी जनजातिको मानव अधिकार एक विवादित अनि सङ्क्रमित विषय हो । चितवन राष्ट्रिय निकुञ्जले आदिवासी जनजातिको दुवै वैयक्तिक तथा सामूहिक अधिकारको

गम्भीर हनन गरेको छ । निकुञ्जले धेरै आदिवासी जनजाति समुदाय, जस्तैः थारु, बोटे, चेपाङ, दराई, कुमाल, आदि जसको परम्परागत जीवीकोपार्जन चितवन राष्ट्रिय निकुञ्ज र यससंग सम्बन्धित स्रोतसाधनमा निर्भर हुने गर्दथ्यो, उनिहरुलाई क्रमशः विस्थापन गरि रहेको छ। चितवन राष्ट्रिय निकुञ्ज र यसको वरपर वसोबास गर्ने आदिवासी जनजातिहरुलाई निकुञ्जले लगाउने गरेको विभिन्न किसिमका आरोपहरू (जस्तैः चोरी सिकारी, चोरी सिकारीको मतियार, अवैध मछवार, काठ तथा वन पैदवार चोरी, आदि), अवैध धरपकड, हिरासत र थुना, अनावश्यक दण्ड जरिवाना र माछामार्ने तथा प्राकृतिक स्रोतसाधनमा आधारित परम्परागत व्यवसाय सञ्चालन गर्न पाउने इजाजतपत्र बरामत गर्ने र असभ्य गाली-गलौजका कारण पीडित छन् । चितवन राष्ट्रिय निकुञ्जको स्थापनाले यस क्षेत्रका आदिवासी जनजातिले आफ्नो पैतृकभूमि वा भू-भागको अधिकार गुमाएका छन् र मानव अधिकारको उपभोग गर्नबाट बञ्चित हुन पुगेका छन् ।

राष्ट्रिय सञ्चार माध्यम, अनुसन्धान प्रतिवेदन, आदिवासी जनजाति संगठन तथा स्थानीय बासिन्दाहरुको भनाइमा चितवन राष्ट्रिय निकुञ्जले बल प्रयोग गरि वा डर धम्की देखाएर स्थानान्तरण, अनावश्यक पीडा वा दुःख दिने, विना अपराध धरपकड गर्ने, गालीगलौज गर्ने, कुटपिट गर्ने, झुठो मुद्धा लगाएर थुनामा राख्ने, झन्झटिलो तारिख र अत्याधिक जरिवाना तिराउने जस्ता कार्य गरि आदिवासी जनजातिको मानव अधिकार हननका घटनाहरू घटाउने गरेको छ। यस्ता कार्यहरुले आदिवासी जनजातिको भूमि माथिको अधिकार, परम्परागत जीविकोपार्जनको अधिकार, परम्परागत प्राकृतिक स्रोत-साधन माथिको पहुँचको अधिकार तथा संस्कृति, परम्परा र संस्कार मान्न पाउने अधिकारको हनन भएको छ। यस अर्थमा, आदिवासी जनजाति महिलाहरू जसको प्रत्यक्ष सम्बन्ध कृषि, प्राकृतिक स्रोत-साधनमा आधारित परम्परागत जीविकोपार्जन र संस्कृति, परम्परा र संस्कारजन्य कार्यसँग रहेको हुन्छ, उनिहरुको मानव अधिकारको अवस्था अझ दयनीय बनेको छ ।

यसै परिवेशमा आदिवासी जनजाति महिला महासंघले छनौट गरेका समुदायहरुमा मानव अधिकार हननका घटनाहरुलाई अध्ययन, अभिलेखीकरण, प्रकाशन, प्रसारण र नीतिगत पैरवी गर्ने र नेपालका आदिवासी जनजातिको अधिकार संरक्षण तथा प्रवर्धनमा योगदान पुऱ्याउने उद्देश्यले यस वैयक्तिक अध्ययन कार्यको अग्रसरता लिएको छ ।

### १.२ **वैयक्तिक अध्ययनको उद्देश्य**

परियोजनामा उल्लेख भए अनुरूप यस वैयक्तिक अध्ययनको उद्देश्य यस प्रकार रहेको छ :

- चितवन राष्ट्रिय निकुञ्जमा आदिवासी जनजाति महिलाहरुको मानव अधिकार विशेषतः भूमि अधिकारको हननको घटनाहरुको अध्ययन गर्नु, र
- नीतिगत पैरवीका लागि उक्त अध्ययनलाई प्रकाशन र प्रसारण गर्नु ।

उल्लेखित उद्देश्य प्राप्त गर्नको लागि यस वैयक्तिक अध्ययनले विशेषतः दुई वटा प्रमुख विधिहरू अवलम्बन गरेको छः

१) लक्षित समूहगत छलफल

२) मुख्य सूचनादातासंग अन्तरवार्ता ।

समूहगत छलफलको उद्देश्य चितवन राष्ट्रिय निकुञ्जको सन्दर्भमा आदिवासी जनजाति महिलाहरुको अधिकारको अवस्थाबारे जानकारी प्राप्त गर्नु र मानव अधिकार हनन सम्बन्धी विषयको पहिचान गर्नु रहेको छ । मानव अधिकार हननको विषय पहिचान गरे पश्चात् मुख्य सूचनादातासंग गरिने अन्तरवार्ताको माध्यमबाट आदिवासी जनजातिको अधिकार हननबारे सघन अध्ययन गरि वैयक्तिक अध्ययन प्रतिवेदन तयार गर्नु रहेको छ ।

### १.३ **वैयक्तिक अध्ययनको महत्व**

यस अध्ययनले चितवन राष्ट्रिय निकुञ्ज वरिपरि बसोबास गर्ने आदिवासी

जनजाति महिलाहरुको मानव अधिकारको अवस्था र उनिहरुको मानव अधिकार हननको प्रतिनिधि घटनाबारे जानकारी दिने हुदा यस अध्ययनको महत्व छ । संरक्षित क्षेत्रले गरेको मानव अधिकार हननको घटनाबारे बृहत् जनचेतना र शिक्षा दिन, नीतिगत पैरवी गरि आदिवासी जनजाति महिलाहरुको मानव अधिकारको संरक्षण र प्रवर्धन गर्न र कानुनी राज्यको अवधारण, जवाफदेहिता र आदिवासी जनजाति महिलाहरुको न्याय प्रवर्धन गर्न सहयोग पुऱ्याउने हुदा यस अध्ययनको महत्व छ ।

यसैगरी चितवन राष्ट्रिय निकुञ्ज र यस वरपर बसोबास गर्ने आदिवासी जनजाति समुदायको सन्दर्भमा यस अध्ययनले सम्पत्तिको अधिकार, परम्परागत भूमि माथिको अधिकार, स्वनिर्णयको अधिकार, परम्परागत स्रोत-साधन उपयोगको अधिकार, पैतृक थात्थलोको अधिकार, पूर्वसुसूचीत जानकारी सहितको स्वतन्त्र मञ्जुरीको अधिकार तथा बलपूर्वक परम्परागत भूमिबाट निकाला हुनु पर्ने स्थितिबाट उन्मुक्ति जस्ता विषय समेत उठान गरेको हुदा यस अध्ययनको महत्व छ ।

## १.४ **वैयक्तिक अध्ययनको विधि**

अध्ययनको उद्देश्य प्राप्त गर्नको लागि यस अध्ययनले मुख्यतः द्वितिय स्रोत-साधनहरुको अध्ययन र छलफल, सूचना सङ्कलन औजारहरू (चेकलिस्ट) को तयारी, अध्ययन टोलीको निर्माण र अभिमुखीकरण, क्षेत्रकार्य, सूचनाहरुको विश्लेषण र प्रस्तुति, आदि लगायत निम्न प्रमुख विधिहरुको प्रयोग गरेको थियो ।

### १.४.१ द्वितिय स्रोत-साधनहरुको अध्ययन

परियोजना, चितवन राष्ट्रिय निकुञ्ज, यस वरपर बसोबास गर्ने आदिवासी जनजाति महिलाहरुको अधिकारको सामान्य स्थितिबारे जानकारी लिन र आवश्यक सूचना सङ्कलन औजारहरू (चेकलिस्ट) तयार गर्नको लागि प्राप्त

द्वितिय स्रोत-साधनहरुको अध्ययन र छलफल गरिएको थियो ।

१.४.२ प्रयोग भएका सूचनाहरुको प्रकृति

यस अध्ययनमा प्रयोग भएका सूचनाहरू मुख्यतः क्षेत्र अध्ययनबाट प्राप्त भएका सूचनाहरू नै हुन् । यद्यपि, केही आवश्यक सूचनाहरू भने प्राप्त द्वितिय स्रोत-साधनहरुबाट पनि प्रयोग गरिएको छ ।

१.४.३ क्षेत्र छनौटका आधार र प्रकृया

अध्ययन क्षेत्र छनौट गर्दा निम्न मुख्य आधारहरू प्रयोग गरिएका थिए ः

१) चितवन राष्ट्रिय निकुञ्ज वरपर बसोबास गरेका आदिवासी जनजाति समुदाय,
२) चितवन राष्ट्रिय निकुञ्जका कारण पीडित आदिवासी जनजाति समुदाय, र
३) विगतमा अध्ययन/अनुसन्धान नगरिएका वा न्यून अध्ययन/अनुसन्धान गरिएका आदिवासी जनजाति समुदाय ।

यसैगरी अध्ययन क्षेत्र छनौट गर्दा द्वितिय स्रोत-साधनहरुको अध्ययन तथा छलफल र आदिवासी जनजाति समुदाय र तिनका संगठन र आदिवासी जनजाति मानव अधिकार रक्षकहरुको सञ्जालका प्रतिनिधिसंग सम्पर्क र संवाद गएिको थियो ।

अध्ययनका लागि समुदाय छनौट, सूचना सङ्कलन औजारहरू (चेकलिस्ट) को तयारी, अध्ययन टोलीको निर्माण र अभिमुखीकरण, क्षेत्रकार्य, आदि कार्य सम्पन्न गरिएको थियो । अध्ययनका लागि छनौट भएका आदिवासी जनजाति र तिनका समुदाय तपसिल अनुसार छन् ः

तालिका १ : अध्ययनका लागि छनौट भएका आदिवासी जनजाति

| क्र.सं. | आदिवासी | प्रतिनिधि सहभागी सङ्ख्या | प्रतिनिधित्व गरिएको घर सङ्ख्या | अनुमानित जनसङ्ख्या | |
|---|---|---|---|---|---|
| १. | कुमाल | ४७ | ७०० | ४००० | योगी टोल, भरतपुर महानगरपालिका २८, चितवन |
| २. | दराई | २५ | १०० | १५०० | खड्गौली, भरतपुर महानगरपालिका २३, चितवन |
| ३. | बोटे | १३ | ६५ | ३५० | केउरेनी, देवचुली नगरपालिका ७, नवलपरासी |
| ४. | चेपाङ | १७ | ५५ | ३७० | देवेन्द्रपुर, माडी नगरपालिका ७, चितवन |
| ५. | बोटे | ६ | १७ | ११० | बाघखोर, कावासोती नगरपालिका १५, नवलपरासी |

### १.४.४ सूचना सङ्कलनका तरिका वा औजारहरू

छनौट भएका समुदायमा सूचना सङ्कलन गर्न दुई प्रकारको औजार (चेकलिष्ट) प्रयोग गरिएको थियो ।

१) लक्षित समूह छलफलको लागि तयार गरिको चेकलिष्ट, जसको उद्देश्य आदिवासी जनजाति महिलाहरुको मानव अधिकार हननको सामान्य अवस्थाबारे सूचना प्राप्त गर्नु र मानव अधिकार हनन भएको व्यक्तिको पहिचान गर्नु रहेको थियो । र

२) मुख्य सूचनादातासंग छलफल गर्नका लागि तयार गरिको चेकलिष्ट, जसको उद्देश्य व्यक्तिगत मानव अधिकार हननको घटनाबारे सूचना प्राप्त गर्नु रहेको थियो ।

प्रमुख अनुसन्धानकर्ताले अभिमुखीकरण तथा क्षेत्रकार्य अगावै सूचना सङ्कलन गर्ने औजार (चेकलिष्ट) तयार पारेको थियो । प्रारम्भमा चेकलिष्ट अंग्रेजी भाषामा तयार गरिएको थियो । अध्ययन टोली तथा छलफललाई सहज बनाउने अभिप्रायले यसलाई स्थानीय नेपाली भाषामा अनुवाद गरियो । साथै, अध्ययन टोलीले छनौट भएका समुदाय र सूचनादातासंग छलफल तथा संवाद गर्न स्वेच्छिक मञ्जुरी प्राप्त गर्ने खाका तयार गरिएको थियो ।

### १.४.५ अध्ययन टोली र अभिमुखीकरण तालिम

अध्ययन टोलीमा कुल ६ जना सदस्यहरू थिए । उक्त ६ जनाको अध्ययन टोलीलाई २ उप-टोलीमा विभाजन गरिएको थियो । हरेक उप-टोलीमा ३ जना (१ जना संवाद सहजकर्ता, १ जना संवाद अभिलेखनकर्ता र १ जना क्षेत्र संयोजक तथा अनुगमनकर्ता) सदस्य थिए ।

प्रमुख अनुसन्धानकर्ताले अनुसन्धानकर्ता तथा क्षेत्र संयोजक तथा अनुगमनकर्ताहरुलाई अध्ययनको विधि, तरिका र व्यवहार तथा सूचना सङ्कलन गर्ने औजार (चेकलिष्ट) को बारेमा २ दिने अभिमुखीकरण तालिम मार्फत समग्र जानकारी दिएका थिए । अभिमुखीकरण तालिम हरेक दिनको बिहान ९ बजे शुरु गरि साँझ ५ बजे सम्म सञ्चालन गरिएको थियो । अभिमुखीकरण तालिममा काल्पनिक घटनालाई लिएर वैयक्तिक अध्ययनको व्यवहारिक ज्ञान, सीप तथा प्रविधिको विषयमा छलफल गरिएको थियो । अभिमुखीकरण तालिमले अनुसन्धानकर्ताहरुलाई विषयवस्तुबारे जानकार हुन र आफुलाई वैयक्तिक अध्ययनको क्षेत्रकार्य गर्न तयार बनाएको थियो ।

### १.४.६ क्षेत्रकार्य

अध्ययन टोलीले छनौट भएको समुदायमा छलफल तथा वैयक्तिक अन्तरवार्ता गर्न कुल १० दिन (१ दिन क्षेत्र अभ्यास, २ दिन बाटो यात्रा र ७ दिन क्षेत्र अध्ययन), अक्टोवर २० देखि २९, २०२१ सम्म लगानी गरेको थियो। १ दिने क्षेत्र अभ्यास पश्चात् दुवै २ उप-टोली योजना अनुरूप तोकिएको समुदायमा छलफल तथा वैयक्तिक अन्तरवार्ता गर्न खटिएको थियो ।

प्रमुख अनुसन्धानकर्ताले पनि उप-टोलीको सदस्यको हैसियतमा क्षेत्रकार्यको जिम्मेवारी लिदै उप-टोलीहरुलाई कार्यक्षेत्रमा आवश्यक सूचनाहरू आए नआएको निश्चित गरि सल्लाह तथा निर्देशन दिने र प्राप्त सूचनाहरुलाई संगठित गर्न लगाउने जस्ता कार्यहरू हरेक साँझ दिनको क्षेत्रकार्य सम्पन्न भए पश्चात् दिएको थिए ।

क्षेत्रकार्यको दौरानमा परियोजना कर्मचारीले अध्ययनको संयोजन, सहजीकरण र अनुगमन गर्ने, अध्ययनको उद्देश्य अनुरूप सूचना सङ्कलन कार्यको गुणस्तर हेर्ने र अध्ययन टोलीलाई आवश्यक सल्लाह दिने कार्य गरेका थिए ।

### १.४.७ सूचनाको व्याख्या तथा प्रस्तुतीकरण

यस अध्ययनमा गुणात्मक तथा सङ्ख्यात्मक दुवै प्रकारका सूचनाहरू प्रयोग गरिएका छन् । चितवन राष्ट्रिय निकुञ्जको आदिवासी जनजाति महिलाहरुको मानव तथा परम्परागत भूमि माथिको अधिकार हननका घटना, आदि दुवै गुणात्मक तथा सङ्ख्यात्मक रूपमा प्रस्तुत गरिएको छ। यसैगरी मानव अधिकार हननका वैयक्तिक घटनाहरुलाई गुणात्मक रूपमा प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक तथा कतिपय गुणात्मक सूचनाहरुलाई सामान्य तवरले सांकेतिक र संगठित रूपमा प्रस्तुत गरिएको छ र आवृत्ति, प्रतिशत र औसत मापन गरि घटनाहरुलाई शब्दमा वर्णन गरिएको छ ।

यसैगरी अनुसन्धानकर्ताहरुले समूह तथा सूचनादाताको छलफल बाट प्राप्त सूचनाहरुको लिखित नोटलाई अध्ययन गरि भिन्न भिन्न सुहाउदो शीर्षकहरुमा राखी सङ्क्षिप्त प्रारम्भिक प्रतिवेदन तयारी गरिएको थियो। प्रारम्भिक प्रतिवेदनका उक्त विभिन्न शीर्षकहरुलाई पुनः मिल्दो शीर्षकहरुमा राखी विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यसरी विषयवस्तुलाई प्रस्तुत गर्दा अनुसन्धानकर्ताहरुको लिखित नोटलाई ध्यान दिइ घटना, त्यसको कारण र असरको सङ्क्षिप्त वर्णन लिखित प्रतिवेदनको रूपमा प्रस्तुत गरिएको छ ।

**१.५ अध्ययनको सीमा**

यस अध्ययनको उद्देश्य पूर्णरूपमा हासिल भएको छ भन्ने दाबा गरिएको छैन । यद्यपि, चितवन राष्ट्रिय निकुञ्ज वरिपरि बसोबास गर्ने आदिवासी जनजातिको मानव अधिकार हननको अवस्थालाई प्रतिनिधि घटनाहरू मार्फत उजागर गर्न सक्षम भएको छ ।

सूचनादाताहरुले घटनाको बारे भन्न नसक्नु वा नचाहानु, जस्तैः घटना घटेको मिति, पीडित तथा पीडकको वास्तविक विवरण, घटनाको पूर्ण विवरण दिन हिचकिचाउनु वा डराउनु, ठोस प्रमाण पेश गर्न नसक्नु, सीमित नमुना अध्ययन, आदि यस अध्ययनका सीमा हुन् । छनौट भएका समुदायमा पुरुष सदस्यहरुनै मानव अधिकार हननको विषयहरुमा बोल्ने तथा प्रतिवाद गर्ने भएकाले उनिहरुनै मानव अधिकार हननका सिकार भएको पाइएको छ । खासगरी छनौट भएको समुदायमा परम्परागत भूमि माथिको अधिकार हननको विषयमा बोल्ने तथा प्रतिवाद गर्ने पुरुष सदस्यहरू भएको हुदा यस विषयमा महिलाहरुको मानव अधिकार हननको घटनाहरू शून्य रहेको छ । यद्यपि, परिवारको पुरुष सदस्यको मानव अधिकार हननले परिवारको अन्य सदस्यलाई पनि प्रत्यक्ष असर पार्ने भएको हुदा र परम्परागत भूमिमा आधारित क्रियाकलापहरू प्रत्यक्ष रूपमा महिलासंग सम्बन्धित हुने भएको हुदा परम्परागत भूमि माथिको अधिकार

हननको प्रत्यक्ष असर महिला माथि परेको देख्न सकिन्छ ।

यसका वावजुद पनि यस अध्ययनले आदिवासी जनजातिको मानव अधिकार हननको अवस्थालाई प्रतिनिधि घटनाहरू मार्फत उजागर गर्न सफल भएको छ।

## २.० राष्ट्रिय निकुञ्ज र आदिवासी जनजाति

### २.१ चितवन राष्ट्रिय निकुञ्ज

लामो इतिहास बोकेको चितवन राष्ट्रिय निकुञ्जको प्रारम्भ सन् १८०० को शुरुवात तिर एक संरक्षित क्षेत्रको रूपमा भएको पाइन्छ। यद्यपि, यस निकुञ्जको वैधानिक संरचना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, १९७३, चितवन राष्ट्रिय निकुञ्ज नियमन, १९७४ र मध्यवर्ती क्षेत्र (बफरजोन) व्यवस्थापन नियमन, १९९६ अन्तर्गत भएको छ। सन् १९७५ देखि यो निकुञ्जको रेखदेख तथा संरक्षणको जिम्मा नेपाली सेनाले गर्दै आएको छ।

टिकौली जंगल स्थित महेन्द्र मृग वाटिका (जो सन् १९५९ मा स्व. राजा महेन्द्रले मृग संरक्षणको लागि छुट्याइएको थियो) र राप्ति नदिको दक्षिणी भूभाग (जो सन् १९६३ मा गैंडा संरक्षणको लागि छुट्याइएको थियो) को विस्तारितरूप आजको चितवन राष्ट्रिय निकुञ्ज हो । अन्तर्राष्ट्रिय महत्वको दृष्टिकोणमा चितवन राष्ट्रिय निकुञ्जको अनुपम जैविक प्रणालीलाई मानेर नेपाल सरकारले सन् १९७३ मा नेपालको पहिलो संरक्षित क्षेत्र घोषणा गरेको थियो । यस निकुञ्जको विस्तार पछि यसको क्षेत्रफल ९५२.६३ वर्ग किलोमिटर रहेको छ। यस निकुञ्ज समुन्द्री सतहबाट ११० मिटर देखि ८५० मिटर माथि रहेको छ। यो चारवटा जिल्लाहरू - चितवन, मकवानपुर, पर्सा र नवलपरासी सम्म फैलिएको छ।

सन् १९८४ मा युनेस्कोले चितवन राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा क्षेत्रको रूपमा मान्यता दिएको छ । सन् १९९६ मा चितवन राष्ट्रिय निकुञ्जको

वरिपरिका कुल ७५० वर्ग किलोमिटर क्षेत्रफललाई मध्यवर्ती (बफरजोन) क्षेत्रको रूपमा घोषणा गरिएको छ । उक्त बफरजोन क्षेत्रमा वन तथा निजी खेतियोग्य जमिन (कुल ७५००० हेक्टर वन क्षेत्र तथा निजी खेतियोग्य जमिन) परेका छन् । यसैगरि सन् २००३ मा अन्तर्राष्ट्रिय महत्वको रामसार सन्धिलाई आधार बनाइ बफरजोन क्षेत्रमा परेका विस हजारी ताल तथा अन्य ताल-तलैयाहरुलाई समेटेर सिमसार क्षेत्र घोषणा गरिएको छ । नेपाल सरकारले राष्ट्रिय निकुञ्जबाट हुने आम्दानीको ३० देखि ४० प्रतिशत आम्दानी बफरजोन क्षेत्रको समुदाय विकास तथा प्राकृतिक स्रोत-साधनको व्यवस्थापनका लागि छुट्याउने व्यवस्था मिलाएको छ ।

चितवन राष्ट्रिय निकुञ्ज विविध जैविक विविधता (प्राणी तथा वनस्पति) ले भरिपूर्ण संरक्षित क्षेत्र हो । उष्ण तथा सदावहार वन, घाँसे मैदान, चुरे पर्वत, नदि प्रणालीले निर्माण गरेको ताल-तलैया, मुख्य नदि प्रणालीहरू जस्तैः राप्ति, नारायणी, रेउ नदिहरुले निर्माण गरेको मैदानी भूभाग, आदि यस निकुञ्जको विविधता हो । यसैगरी निकुञ्ज प्राणी तथा वनस्पतिहरुको विविधताको दृष्टिकोणले पनि धनि छ । यो निकुञ्ज ५० भन्दा बढि स्तनधारी प्रजातिको प्राणीहरुको वासस्थान हो । चितवन राष्ट्रिय निकुञ्ज ५२५ भन्दा बढि चराचुरुङ्गीको प्रजातिहरू, ५५ अभयचर तथा गोहीका प्रजातिहरू र अन्य लोपोन्मूख वा संरक्षण सूचीमा सूचीकृत प्राणीहरुका प्रजातिहरू जस्तैः एक सिंगे गैंडा, पाटे बाघ, आदिको वासस्थान हो । यस निकुञ्जमा प्राणीहरुको विविधतालाई हेर्ने हो भने ३१ प्रतिशत स्तनधारी, ६१ प्रतिशत चराचुरुङ्गी, ३४ अभयचर तथा गोही र ६५ प्रतिशत माछाको रहेको पाइन्छ । यो निकुञ्ज एक सिंगे गैंडा र धेरै प्रजातिका चराचुरुङ्गी (३५० भन्दा बढि चराचुरुङ्गीको प्रजाति) को बासस्थान भएको कारण विश्वमा प्रसिद्ध छ र यो विश्व जैविक विविधताको हटस्पट मध्येको एक हो ।

चितवन राष्ट्रिय निकुञ्ज एक वैदेशिक सीमा (भारत) तथा अर्को संरक्षित क्षेत्र

(पर्सा वन्यजन्तु संरक्षण) संग जोडिएको संरक्षित क्षेत्र हो । घना सम्पन्न वन सम्पदा, वन्यजन्तु तथा चराचुरुङ्गीको वासस्थान, लोपोन्मूख वा संरक्षण सूचीमा सूचीकृत प्राणीहरुका प्रजातिहरुको वासस्थान, मनोरम प्रकृति र भूधरातलीय वनावटको कारण यो निकुञ्ज तराई उष्ण प्रदेशिय मैदानको प्राकृतिक पर्यावरणीय विविधताको एक सजिव उदाहरण हो । तर विभिन्न सोध, अनुसन्धान तथा यस वैयक्तिक अध्ययनले समेत के स्पष्ट गरेको छ भने यस निकुञ्जले स्थानीयहरुको मानव अधिकार र उनिहरुको सांस्कृतिक विविधताको संरक्षण तथा प्रवर्धन गर्न पूर्णत असफल रहेको तथ्यलाई पुष्टि गर्दछ ।

### २.२ **राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्र र आदिवासी जनजातिको अधिकार**

संरक्षित क्षेत्र, जस्तैः राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, सिकार आरक्षण, प्रकृति संरक्षण, आदिको स्थापनाको मूल उद्देश्य प्रकृति तथा प्राकृतिक प्रजातिहरुको संरक्षण र रक्षा गर्नु हो । यद्यपि, यस्ता उद्देश्यले विश्वभर संरक्षित क्षेत्र र आदिवासी जनजातिहरू बीच द्वन्द्व सृजन गर्ने, आदिवासी जनजातिलाई आफ्नो परम्परागत भूमिबाट विस्थापन गर्ने र उनिहरुको मानव अधिकार हनन गर्ने काम हुदै आएको छ । नेपालको सन्दर्भमा संरक्षित क्षेत्र स्थापना गर्नुको उद्देश्य आदिवासी जनजातिको परम्परागत भूमि जबरजस्ती खोस्नु र उनिहरुलाई बलपूर्वक विस्थापित गर्नु भन्ने हो । र चितवन राष्ट्रिय निकुञ्जको स्थापना र विस्तार यसरी नै भएको देखिन्छ । चितवन राष्ट्र्य निकुञ्जको स्थापना र विस्तार क्रममा परम्परागत रूपमा बसोबास गर्दै आएका आदिवासी जनजातिहरू जसले चितवन राष्ट्रिय निकुञ्ज स्थापना र विस्तार हुनु अघि सम्म त्यहाँको भूमि, पानी र वन जंगल उपयोग गर्दै थिए र उनिहरुको जीविकोपार्जन, संस्कार र परम्परा त्यही भूमि, पानी र वन जंगलमा पूर्ण रूपमा आश्रित थियो । हालको चितवन राष्ट्रिय निकुञ्ज आदिवासी जनजाति खास गरि थारु, बोटे, चेपाङ, दराई, कुमाल, आदिको सन्ततिहरुले आर्जेको परम्परागत भूमि थियो । आज संरक्षित क्षेत्र व्यवस्थापन र प्रकृति संरक्षणको नाममा राष्ट्रिय निकुञ्ज र स्थानीय समुदाय बीचको सम्बन्ध विलाएर गएको छ । निकुञ्जले स्थानीय

आदिवासी जनजातिको परम्परागत भूमि माथिको स्वामित्व र प्राकृतिक स्रोत-साधन माथिको पहुँचलाई नियन्त्रण गरेको छ। निकुञ्जले स्थानीय आदिवासी जनजातिलाई आफ्नो थातथलोबाट लखेटेको छ, उनिहरुको अधिकार छिनेको छ र एक अनन्त द्वन्द्वको विजारोपण गरेको छ। मानव- वन्यजन्तु र निकुञ्ज-मानवबीच कायम द्वन्द्वको विषयलाई निकुञ्ज र सरकार दुवैले उपेक्षा गर्दै आएका छन् ।

जब निकुञ्जको घोषणा भयो आदिवासी जनजातिलाई बलपूर्वक आफ्नो थात् थलोबाट लखेट्ने र उनिहरुलाई भूमिहीन र गरिव बनाउने काम भएको छ । नेपाली सेना (जसले निकुञ्जको रक्षा गर्ने जिम्मेवारी पाएको छ) ले घोषित निकुञ्जको क्षेत्र भित्र पर्ने र वरिपरिका आदिवासी जनजातिको घरहरू भत्काए, जलाए, खेतबारीका अन्नबालीहरू कुल्चने र मानिसहरुलाई बलपूर्वक लखेट्ने। यसकार्यमा हात्तीको समेत प्रयोग गराएको थियो । यसरी घरहरू भत्काउने, खेतबारीका अन्नबालीहरू कुल्चने र मानिसहरुलाई बलपूर्वक लखेट्ने कार्य पटक-पटक भएको थियो । सन् १९५९ मा टिकौली जंगलमा महेन्द्र मृग वाटिका स्थापना गर्दा, सन् १९६३ मा राप्ति नदिको दक्षिणमा गैंडा संरक्षित क्षेत्र स्थापना गर्दा, सन् १९७७ मा चितवन राष्ट्रिय निकुञ्जको विस्तार गर्दा, सन् १९९६ मा मध्यवर्ती क्षेत्र (बफरजोन) घोषणा गर्दा (जसमा निजी खेतियोग्य जमिन पनि समावेश गरिएको थियो) र सन् २००३ मा रामसार सन्धि अन्तर्गत विसहजारी ताल तथा अन्य ताल-तलैयाहरुलाई समावेश गरि सिमसार क्षेत्र घोषणा गर्दा आदिवासी जनजातिलाई बलपूर्वक लखेट्ने र भूमिहीन र गरिव बनाउने काम भएको छ।

चितवन राष्ट्रिय निकुञ्जले आफ्नो स्थापना र विस्तार गर्दा कहिले पनि आदिवासी जनजातिको विचार र उनिहरुको अधिकारलाई बेवास्ता गर्दै आएको पाइन्छ । थातथलोबाट लखेट्नु, भूमिहीन बनाउनु, परम्परागत रूपमा उपभोग गर्दै आएको स्रोत-साधन माथिको पहुँचलाई नियन्त्रण गर्नु जस्ता अधिकार

माथिको हिंसाका कारण यहाँका आदिवासी जनजातिहरू आज निकुञ्जको किनारा भागमा भूमिहिन, स्रोत-साधन विहिन र अति गरिवीमा जीवन विताउन बाध्य छन् ।

आइयुसिएनको सर्वोच्च अङ्ग वर्ल्ड कन्जरभेशन युनियन तथा वर्ल्ड पार्क कंग्रेसले संरक्षित आदिवासी जनजातिको अधिकारको सम्मान गर्नु पर्ने उल्लेख गरेको छ। किन्सस सङ्कल्पपत्र, १९७५ ले परम्परागत जीवनपद्धति र परम्परागत भूमि माथिको स्वामित्वलाई सम्मान गर्दै सरकारलाई आदिवासी जनजातिको भूमि माथिको अधिकार, स्वामित्व र उपयोगलाई कायम राख्न संयन्त्र निमार्ण गर्न आह्वान गर्दछ । साथै सन् १९८२ को सङ्कल्पपत्रले आदिवासी जनजातिको स्वःनिर्णय र भूमि र स्रोत-साधन माथिको जसमा आदिवासी जनजातिहरू निर्भर छन् र यस्ता विषयमा निर्णय गर्नु पर्दा उनिहरुलाई उक्त निर्णय प्रकृयामा सहभागिता हुने अधिकारलाई निश्चित गरेको छ ।

वर्ल्ड कन्जरभेशन कंग्रेसले अनुशरण गरेको सात वटा सङ्कल्पपत्रहरू मध्ये एक सङ्कल्पपत्रले संरक्षित क्षेत्रमा आदिवासी जनजातिको भूमि तथा भूभागमाथिको अधिकारलाई सम्मान गरेको छ । यसका साथै संरक्षित क्षेत्रमा आदिवासी जनजातिहरू स्वयम् वा संरक्षित क्षेत्रसंगको साझेदारीमा प्राकतिक स्रोत-साधनको व्यवस्थापन गर्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस सङ्कल्पपत्रले आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणा र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि सङ्ख्या १६९ लाई संरक्षण गरेको छ । यसर्थ, यी सबै संयन्त्रहरुले संरक्षित क्षेत्रको स्थापना तथा दिगो व्यवस्थापनका लागि आदिवासी जनजातिहरू अधिकारको सम्मान, उनिहरुसंगको सहभागिता, सहमति र सह-व्यवस्थापनमा जोड दिएको पाइन्छ ।

यद्यपि, नेपालको संरक्षित क्षेत्रको स्थापना तथा व्यवस्थापनका यी मान्यताहरू हाल सम्म लागू भएको देख्न सकिन्न । नेपालमा संरक्षित क्षेत्रको स्थापना तथा

विस्तारको कार्यहरू भैरहेका छन् र आदिवासी जनजातिहरू अधिकार हनन र उल्लेखित मान्यताहरुको उपेक्षा पनि निरन्तर भैरहेका छन् । संरक्षित क्षेत्रले आदिवासी जनजातिहरू अधिकार हनन गरि रहनुको पछाडि तलका कारणहरू देख्न सकिन्छ :

१. राज्य र समाजको आदिवासी जनजाति र उनिहरुको जीवनपद्धतिलाई विभेदमा राख्नु पर्छ भन्ने परम्परागत मानसिकता,
२. राज्यपक्ष रहेको घोषणापत्र, महासन्धि, प्रतिज्ञापत्रहरू लागू नगरिनु वा राज्यको लागू गर्ने इच्छाशक्ति नहुनु ।
३. आदिवासी जनजातिको हित हुने किसिमको राज्यको नीति तथा कानुन निर्माण नहुनु वा राज्यको इच्छाशक्ति नहुनु ।

जसको प्रतिफल, आदिवासी जनजातिहरू आफ्नो पुस्तेनी भूमिबाट हटाइएका छन् र सामान्यतः तल दिएका बुँदाहरुले सो कुराको पुष्ट्याइ गर्दछ ।

१. आफ्नो भूमि माथिको अधिकार, निजीसम्पत्ति र जीविकोपार्जनबाट बञ्चित भएको,
२. परम्परागत रूपमा जीविकोपार्जनका लागि उपयोग गर्दै आएको प्राकृतिक स्रोत-साधन माथिको पहुँचबाट बञ्चित भएको,
३. परम्परागत जीवनशैलीमा बाँच्ने अधिकारबाट बञ्चित भएको,
४. सामाजिक सञ्जाल र प्राकृतिक स्रोत-साधन उपयोगको परम्परागत ज्ञान, सीप र प्रविधि प्रवर्धन नगरिनुले विचलित हुनु, र
५. क्षतिपूर्ति तथा मानविय सम्मानबाट बञ्चित हुनु परेको स्थिति रहनु ।

संरक्षित क्षेत्र र आदिवासी जनजातिबीचको सम्बन्धलाई आदिवासी जनजाति बहिष्करण तथा सीमान्तिकरणको एउटा रूपमा हेर्न सकिन्छ । संरक्षित क्षेत्रको स्थापना र विस्तार हुदा राज्यले संरक्षित क्षेत्रको नाममा अन्तर्राष्ट्रिय कानुन र मान्यताहरू बेवास्ता गरेको छ, विश्वव्यापी मानव अधिकारको उल्लङ्घन गरेको छ । आदिवासी जनजातिले प्राप्त गरेको मानव अधिकारको घोर हनन गरेको

छ र धेरै आदिवासी जनजातिलाई आफ्नो भूमिबाट बलपूर्वक हटाएका छन् ।

**३.० वैयक्तिक अध्ययनहरुको प्रस्तुति**

**३.१ आदिवासी जनजाति चेपाङ समुदाय (घटना नं.** १)

माडि नगरपालिका ७, देवेन्द्रपुर, चितवन, नेपाल

*यस वैयक्तिक अध्ययनले चितवन राष्ट्रिय निकुञ्जको स्थापनाले चेपाङहरू चरम गरिवीमा बाँच्नु परेको र उनिहरुको मानव अधिकारको हननको स्थितिलाई एक प्रतिनिधिको रूपमा प्रस्तुत गरिएको छ ।*

३.१.१ चेपाङ समुदाय

चेपाङ नेपालको मध्ये तथा दक्षिणी भूभागमा बसोबास गर्ने एक न्यून जनसङ्ख्या भएको अति सीमान्तकृत आदिवासी जनजाति हो । उनिहरू खासगरी चितवन, धादिङ, मकवानपुर र गोरखा जिल्लाहरुमा बसोबास गर्दै आएका छन् । उनिहरू नेपालको अर्धफिरन्ते र दुरदराजमा बसोबास गर्ने आदिवासी जनजाति समुदाय हो । उनिहरुको आफ्नै मौलिक भाषा, संस्कृति र परम्परा छ । उनिहरुले आफ्नो पहिचान, भाषा, संस्कृति र परम्परागत ज्ञान सीपलाई बचाइ राख्न सफल भएका छन् । चेपाङहरू प्रकृति माथि विश्वास गर्दछन् र प्रकृतिलाई पूजा गर्दछन् । राष्ट्रिय जनगणना, २०११ अनुसार नेपालमा चेपाङ जातिको कुल जनसङ्ख्या ६८,३९९ रहेको छ । प्रारम्भिक अवस्थामा उनीहरुको जीवनयापन गर्ने शैली जंगलमा सिकार गर्ने, गिट्ठा-भ्याकुर खोर्ज्ने, माछा मार्ने र जंगलको नजिक परम्परागत कृषिमा संलग्न हुने गरिन्थ्यो । (गुरुङ, १९९५, एलिस, २०००) र नेपालमा कृषि व्यवसाय गर्ने पछिल्लो समुदाय चेपाङलाई मानिन्छ (नेपाल सरकार, १९७४) । नेपालको पछिल्लो सर्वेक्षण (लीक्क २०२०/२०२१) अनुसार लगभग ९० प्रतिशत चेपाङहरू गरिवीको रेखामुनि जीवन बाँच्न बाध्य छन् ।

३.१.२ परवी खोलाको चेपाङ समुदाय

आजको चितवन राष्ट्रिय निकुञ्ज विगतमा आदिवासी जनजातिहरू, जस्तैः

थारु, कुमाल, बोटे, चेपाङ, दराई, आदिको परम्रागत भूमि थियो । उक्त भूमिमा आदिवासी जनजातिको स्वामित्व अचानक अन्त्य भएको छ । चितवन राष्ट्रिय निकुञ्ज स्थापना र विस्तार गर्ने नाममा उनिहरुलाई सरकारले बलजफती धपाएको छ र चेपाङहरुलाई भूमिहीन बनाएर उक्सिनु नसकिने गरिवीतर्फ धकेली दिएको छ ।

माडि नगरपालिका, वडा नम्बर ७ देवेन्द्रपुरमा पर्ने परवी खोलाको बगरमा रहेको स-साना फुस्को छानाका ५५ वटा घरहरू मिलेर बनेको यो नयाँ वस्तिलाई सुकुमबासी चेपाङ वस्ति भनिन्छ । यो वस्ति सन् २०१८ मा कुसुम खोलामा बसोबास गर्दै आएका चेपाङहरुको अत्याधिक बाहुल्यता भएको घरपरिवारहरुलाई चितवन राष्ट्रिय निकुञ्जले बलपूर्वक कुसुम खोलाबाट हटाए पछि बनेको हो । हाल ४५ चेपाङ घरपरिवार र १० अन्य आदिवासी जनजातिको घरपरिवार यस वस्तिमा बसोबास गर्दै आएका छन् । परवी खोलाको यो सुकुमबासी चेपाङ वस्ति बाढीको दृष्टिकोणले अति उच्च जोखिममा छ । माडि नगरपालिकाले उपलब्ध गराएको यस बगरमा हरेक घरपरिवारले १०० वर्ग मिटर कम्तिमा र ३०० वर्ग मिटर बढिमा ओगटेको छ र उनिहरुलाई अस्थाइ संरचना बनाइ अस्थाइ बसोबास गर्न माडि नगरपालिकाले अनुमति दिएको छ । यद्यपि, उक्त अस्थाइ बसोबास गर्न दिएको विषयमा स्थानीय समुदाय र चितवन राष्ट्रिय निकुञ्ज असहमति रहदै आएको छ ।

यी चेपाङहरू उनिहरुको परम्परागत कृषि प्रणाली- खोरिया खन्ने र उत्पादन गर्ने गर्दथे । सरकारको निर्मम नीति र सामुदायिक वनको अवधारणाको कार्यन्वयनले आज चेपाङहरू उनिहरुको परम्परागत कृषि प्रणाली- खोरियाबाट पूर्णरूपले बञ्चित हुन पुगेका छन् र उनिहरुमा गरिवी झन् बढेको छ । चेपाङहरुको खोरियाको सम्बन्ध भूमि, प्राकृतिक स्रोत-साधन र खनिज, प्रथा र परम्परा, आदि अधिकारसंग रहेको छ । राज्यले चेपाङहरुलाई खोरिया कमाउन नदिनु र त्यसको विकल्पमा कुनै पनि अवसर नदिएको कारण उनिहरू क्रमशः खोला

किनाराहरुमा बसोबास गर्न थालेका र यही क्रममा कुसुम खोलामा बसोबास गर्न गएको जानकारहरू बताउछन् ।
निकुञ्ज र स्थानीयहरुले उनिहरुलाई पटक पटक परवी खोलाको बगरबाट समेत धपाउने प्रयास गरेका थिए । निकुञ्ज र स्थानीयहरू जति सक्दो उनिहरुलाई त्यहाँ वस्न नसक्ने स्थिति बनाउन चाहान्छन् । वस्तिमा बिजुलीको अभाव, पिउने पानीको उपलब्धता सहज नहुनु, घर बनाउन अनुमति नदिनु, फेरि पनि अस्थाइ घर वा घरको संरचना भत्काउने, धम्की दिने, स्रोत-साधनको पहुँचबाट बञ्चित गर्नु र स्थानीयहरुबाट गाली-गलौज तथा हेला हुनु आदिले उनिहरुको मानव अधिकारको हनन भएको छ ।

कुसुम खोलाको चेपाङहरुले उपभोग गरेको भूमि र उनिहरुको घर चितवन राष्ट्रिय निकुञ्जको स्थापना र विस्तारको नाममा निकुञ्जले खोसेको छ । जसले गर्दा कुसुम खोलाको चेपाङहरुको जीवनयापन र मानविय सम्मानमा ठूलो प्रभाव पारेको छ र कठिनाइ आएको छ । आफ्नो भूमिबाट विस्थापित भएकै कारण आदिवासी जनजाति चेपाङहरुको आर्थिक विकास गर्न पाउने, आफ्नो भूमि र परम्परागत रूपमा भोग चलन गर्दै आएको स्रोत-साधनको उपयोग गर्न पाउने र बाँच्न पाउने अधिकारको हनन भएको छ । आज कुसुम खोलाबाट धपाइएका परवी खोलाको चेपाङहरू न्यून ज्यालामा कृषि तथा अन्य ज्यालादारीमा काम गरेर जीवन यापन गरि रहेका छन् ।

परवी खोलाको चेपाङहरू चितवन राष्ट्रिय निकुञ्जले बल प्रयोग गरि भूमिहीन बनाइएका, मानव अधिकार तथा आदिवासी जनजातिहरुको विशेषाधिकार हिंसाको सिकार भएकाहरू मध्ये एक प्रतिनिधि पात्र मात्र हुन् । जब उनिहरू कुसुम खोलाबाट धपाइएका थिए यी सबै ५५ घरपरिवारहरुले एक वर्ष सम्म खरकट्टा भन्ने स्थानमा शरण लिएका थिए र त्यस पछिको झण्डै छ महिना सम्म हाल अस्थाइ बसोबास गर्दै रहेको स्थान भन्दा केही टाढा सोही परवी खोलाको बगरमा प्लाष्टिकको छाना बनाइ शरण लिएका थिए ।

कुसुम खोलाबाट धपाइएका र हाल परवी खोलाको बगरमा बस्दै आएका एक यूवा बिष्णुहरि प्रजा ('प्रजा' शब्द स्वर्गीय राजा महेन्द्रले आफ्नो तराईको शाही भ्रमणको दौरानमा चेपाङहरुसंग भेट हुदा चेपाङ्लाई सम्बोधन गर्न प्रयोग गरेको राजनीतिक शब्दावली जो पछि गएर केही चेपाङहरुले आफ्नो जातिय पहिचानलाई सम्बोधन गर्न प्रयोग गर्दै आएका छन्) भन्नु हुन्छ - 'परवी खोलाको यो वसाइ मेरो जीवनकालको चौथौ शरण हो' । बिष्णुहरि भन्नु हुन्छ - 'चितवन राष्ट्रिय निकुञ्ज हामीलाई कुसुम खोलाबाट अमानविय ढङ्गले विस्थापन गरेको थियो । हात्ति लागाएर घर कुल्चिदिए, घरमा आगो लगाइ दिए । हामीसंग कुनै विकल्प थिएन । हामी बाँच्नका लागि कुसुम खोलाको आफ्नो घरबारी सबै छाडेर भाग्यौं र बबइ बसपार्कमा अस्थाइ छाप्रो हाली बस्न थाल्यौं ।

माओवादी द्वन्द्व चर्कन थालेको हुदा निकुञ्जको हेरचाह गर्ने तिनै नेपाली सेनाहरुले उनिहरुको सुरक्षाको ढाल सम्झिएर होला हामीलाई बबइ बसपार्कमा अस्थाइ रूपमा शरण लिन दिए । नेपाली सेनाले केही चामलको बोरा उपलब्ध गराएको थियो र पुनः कुसुम खोलामा फर्कन सहयोग गरेका थिए । जब सरकार र माओवादीबीच शान्ति सम्झौता भयो र फेरि हामीलाई कुसुम खोलाबाट सधैंको लागि विस्थापन गरियो । खरकट्टा, परवी खोलाको बगर हुदै हाल परवी खोलाको अर्को बगरमा अस्थाइ रूपमा शरण लिइ रहेका छौं' । छलफलमा सरिक अर्को एक सहभागिले व्याङ्ग्यगर्दै भने - 'हामी चेपाङहरू फिरन्ते जीवन विताउने गर्दथ्यौं र अहिले हामीलाई चितवन राष्ट्रिय निकुञ्जले त्यही स्थितिमा पुऱ्याएको छ' ।

### ३.१.३ मानव अधिकार हननको एक अर्को दृष्टान्त

परवी खोलाको बगरमा चितवन राष्ट्रिय निकुञ्जले विस्थापित हुन बाध्य बनाएको ५५ घरपरिवार चेपाङ सुकुम्बासी वस्ति रहेका छन् । निकुञ्जले दुवै

- विश्वव्यापी मानव अधिकार र चेपाङहरुको भूमि र प्राकृतिक स्रोत-साधनमा आधारित परम्परागत जीवकोपार्जन तथा परम्परागत जीवन बाँच्ने अधिकार हनन गरेको छ । सम्बन्धित माडि नगरपालिकाले केवल अस्थाइ रूपमा बसोबास गर्न परवी खोलाको बगर उपलब्ध गराएको छ जो स्थानीयवासी, सम्बन्धित माडि नगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज बीचको विवादित र बाढीको उच्च जोखिम क्षेत्रमा पर्दछ । परवी खोलाको बगरका चेपाङहरू असहज जीवनयापन गर्दै अन्यायको विरुद्ध सङ्घर्षरत छन् ।

यस घटनालाई मध्यनजर गर्ने हो भने चितवन राष्ट्रिय निकुञ्जको स्थापना र विस्तारले चेपाङहरुको जिन्दगी तहसनहस बनाएको छ । राज्य र निकुञ्ज उनिहरुको आधारभूत बाँच्न पाउने र मानव सम्मान पाउने अधिकारको गम्भीर हनन गरेको छ । घरको लागि जमिन र जीविकोपार्जनको लागि स्रोत-साधनमा पहुँच परवी खोलाको चेपाङहरुको केवल सपना बनेको छ ।

परवी खोलामा अस्थाइ शरण लिदै आएकी ४३ वर्षिय कान्छिमाया चेपाङ भन्नु हुन्छ - 'म सानो छदा हाम्रो परिवार गरिव थियो र यूवा र प्रौढ अवस्था पनि गरिव चेपाङ महिला भएर नै बित्यो । अव म भन्न सक्छुकी चेपाङ महिला हुनु नै समाजको लागि मेरो जीवन तवाह बनाउने लेबल हो । मैले चरम गरिवी भोगेको छु र यो मेरो लागि मृत्युको सजाय दिए बरावर हो । अहिलेसम्मको परिस्थिति झेल्नु पर्दा  मैले मेरो घर बनाउन जग्गा पाउछु भन्ने विश्वास गर्न सकेको छैन' ।

'हामी कुसुम खोलामा हुदा चितवन राष्ट्रिय निकुञ्ज र हामी बीच कुसुम खोलामा बस्न पाउने सम्झौता भएको थियो । तर चितवन राष्ट्रिय निकुञ्जले हामीलाई त्यहाँबाट वलजफती निकालेर बेघर बनायो', कान्छिमाया भन्नु हुन्छ । कान्छिमाया थप्नु हुन्छ - 'निकुञ्ज र निकुञ्जको रक्षकहरुले केवल बेघर बनाएको र नीजि सम्पत्ति निकुञ्जकरण गरेको विषय मात्र हैन, यो त हामी

चेपाङहरुको जीवन तथा अस्तित्व माथि चुनौति दिएको हो' ।
छलफलका एक सहभागिले सोध्नु भयो - 'हामी नेपाली नागरिक हैन रहेछौं । के हामीले आफ्नो भूमिमा बसोबास गर्नु अपराध थियो ? चितवन राष्ट्रिय निकुञ्जको नजीकमा बसोबास गरेकै कारण हामी बल पुर्वक निकालियौं, झुठा आरोप खेप्यौं, बेकसुर थुनियो, असह्य यतना खेप्यौं र बेकसुर मारियौं' । प्रमाणहरुले पुष्टि गर्दछकी चितवन राष्ट्रिय निकुञ्जको स्थापना र विस्तारले चेपाङ लगायत अन्य आदिवासी जनजातिहरुलाई आफ्नो परम्परागत भूमिबाट बल पुर्वक निकाला गरिएको छ र उनिहरुको जीविकोपार्जनको पम्परागत स्रोत-साधनहरू पहुँचबाट बञ्चित गरिएको छ । चितवन राष्ट्रिय निकुञ्जले चेपाङहरुको परम्परागत खाना, औषधि र अन्य जीविकोपार्जनको स्रोतहरू खोसेको छ, र आदिवासी जनजाति चेपाङको मानव अधिकार र जिन्दगी छिनेको छ ।

३.१.४ परवी खोलाको चेपाङहरू चरम गरिवीमा

नेपालमा बसोबास गर्ने विभिन्न जातिय समुदायहरू मध्ये चेपाङ एक अति न्यून लाभान्वित, सीमान्तकृत र अति गरिव आदिवासी जनजाति समुदाय हो र उनिहरू खानाको लागि सङ्घर्षरत छन् । परवी खोलाको बगरमा अस्थाइ शरण लिएको यो चेपाङ समुदायलाई प्रायः बाह्रै महिना भोकमरीले सताउने गरेको छ । उनिहरुको आफ्नो जमिन छैन अनि जीवन धान्ने अरु कुनै विकल्प नै छ । उनिहरू आफ्नो दैनिक छाक टार्न टाढाको जंगलमा जंगली फल, टुसा, कलिलो मुना र तरुलको खोजीमा निस्कन्छन्, र नजीकको शहर र गाउँ वस्तिहरुमा निर्माण तथा अन्य श्रममूलक कामको खोजीमा निस्कन्छन् ।

फुस्को छानो भएको स-साना छाप्रो र सिमित खाने पानीको स्रोत (३ वटा ट्युवेल) बाहेक उनिहरु संग केही छैन । यस सुकुमबासी वस्तिमा आधारभूत सुविधाहरू जस्तैः बाटो, बिजुली बत्ति, स्वास्थ्य र सरसफाइ आदि उपलब्ध छैन । प्रायः घरहरुमा चर्पि समेत छैन ।

झण्डै ३७० जनसङ्ख्या भएको परवी खोलाको बगरको यस वस्तिमा खानेकुराको चरम अभाव रहेको छ । सरदर एक खानाले दिन गुजारा हुने गरेको छ । उनिहरुको भाग्यमा बिहान र बेलुकाको खाना प्रायः सम्भव छैन । अचम्मको कुरा त के भने सुत्केरी आमा, वृद्धा, वालवालिका तथा विरामीहरुले समेत दुई छाक खाना पाउन मुश्किल हुने गर्दछ । आश्यक खानाको मात्रा प्राप्त गर्नु उनिहरुको सपना हो । जे प्राप्त हुन्छ त्यही खाएर जीवन धान्नु उनिहरुको बाध्यता हो । परवी खोलाको चेपाङ समुदायले सधैं सामना गर्नु पर्ने विकराल परिस्थिति भोकमरी हो ।

भोकमरीको स्थिति सुख्खा र जाडोको समयमा अझ जटिल हुने गर्दछ । जंगलमा जंगली फल, टुसा, कलिलो मुना र तरुलहरू पाउन कठिन हुन्छ । यस्तो समयमा थोरै झोल वा पिठोको खोले वाहेक अन्य खाद्यान्न पाउन कठिन हुन्छ । कृषिको समयमा काम गरेर तिर्ने वाचा सहित स्थानीय साहु-महाजनबाट पैसा वा अन्न उधारो लिने गर्दछन् । यसै गरि जाडो समय उनिहरुको लागि अर्को विपत्ति हो । जाडोको समय आङ ढाक्ने न्यानो कपडा किन्ने हैसियत उनिहरुको छैन । वर्षातमा घरको छानो चुहिएर घरभित्रै भिजेर बस्नु उनीहरुको नियति बनेको छ । परवी खोलाको चेपाङहरुको यस्तो परिस्थितिले विश्वव्यापी खान पाउने, आङ ढाक्न पाउने र वासस्थान पाउने मानव अधिकार र नेपालको संविधानले सुनिश्चित गरेको गाँस, बास र कपासको मौलिक अधिकारलाई बेस्सरी गिज्याउदछ ।

### ३.१.५ निकुञ्जले सुकुमबासी बनाएको परवी खोलाको चेपाङहरू

चितवन राष्ट्रिय निकुञ्जको स्थापना र विस्तार कार्यले गर्दा मानव अधिकार तथा मानव जीवनको सम्मान तथा संरक्षण गर्न असफल भएको छ । निकुञ्जले चेपाङहरुको जीविकोपार्जनको स्रोत-साधन, मानव अधिकार, सम्मान र जीवन छिनेको छ । चितवन राष्ट्रिय निकुञ्ज र यसका वरिपरि बासोबास गर्ने मानिसहरुको मानव अधिकार जीविकोपार्जनबीचको सम्बन्धलाई मेटाएको छ ।

निकुञ्जले वरिपरि बासोबास गर्ने मानिसहरुलाई पटक पटक आफ्नो भूमिबाट बलपूर्वक हटाएको छ र उनिहरुको मानव अधिकारको हनन गरेको छ । यस कार्यले वन्य जन्तु वा मानव जीवनको मूल्य कुन ठूलो हो भन्ने नैतिक प्रश्न खडा भएको छ ।

दुःखको कुरा त परवी खोलाको चेपाङहरुले बसोबास गर्न वा घर बनाउनका लागि स्थायी स्थान पाएका छैनन् । चितवन राष्ट्रिय निकुञ्जको स्थापनाको प्रतिफल भन्नु नै चेपाङहरुको घरबार छिन्नु, लखेटिनु, उनिहरुको मानव अधिकार हनन हुनु र उनिहरू सुकुमबासी हुनु हो, र सरकार तथा निकुञ्जले चेपाङहरुलाई बेघर बनाइदिएको छ । मानव अधिकार हनन, वहिष्करण र सुकुमबासी भएको अवस्थाका बारेमा न त अनुसन्धानको विषय बन्यो न त सम्बोधन भएको छ, बरु निकुञ्जले परवी खोलाको चेपाङहरुलाई भूमिहीन तथा सुकुमबासी बनाएको छ ।

**३.२ आदिवासी जनजाति दराई समुदाय (घटना नं. २)**

भरतपुर महानगरपालिका २३, खड्गौली, चितवन, नेपाल ।

*यस वैयक्तिक अध्ययनले चितवन राष्ट्रिय निकुञ्जले दराईहरुको मानव अधिकारको हननको निरन्तरतालाई एक अर्को प्रतिनिधिपात्रको रूपमा प्रस्तुत गर्दछ ।*

३.२.१ दराई समुदाय

नेपालको सीमान्तकृत जातिय समुदायहरू मध्ये दराई एक हो । राष्ट्रिय जनगणना २०११ अनुसार नेपालमा दराईको कुल जनसङ्ख्या १६,७८९ रहेको छ । उनिहरुको आफ्नै दराई भाषा छ । दराईहरू नेपालको चितवन, तनहुँ, नवलपरासी, गोरखा, पाल्पा र धादिङ जिल्लाहरुमा बासोबास गर्दै आएका छन् । उनिहरू आर्थिक, सामाजिक-सांस्कृतिक र राजनीतिक रूपमा पछि पारिएका छन् र गरिव छन् । दराईहरू परम्परागत कृषिमा आधारित छन् । यद्यपि, डुङ्गा

चलाउने र माछा मार्ने पनि उनिहरुको परम्परागत पेसा हो । उनिहरुको आफ्नो संस्कार, परम्परा र प्रथाजन्य अभ्यासहरू प्रकृतिसंग तादम्य राख्दछन् ।

३.२.२ खड्गौलीको दराई समुदाय

आदिवासी जनजातिहरुको ऐतिहासिक जीवन सिकार गर्ने, खानेकुराहरू जम्मा गर्ने र प्रायः फिरन्ते प्रकारको थियो । यद्यपि, उनिहरुको प्राकृतिक वातावरणलाई नगण्य वा शून्य प्रभाव थियो । दराईहरुको पुस्तौं देखि बसोबास गर्दै आएको पैतृक थलो खड्गौली हो भन्ने विश्वास रहेको छ । प्रचुरमात्रमा प्राकृतिक संसाधन, जस्तैः नदी, वन, माछा, फलफुल, तरुल र समथर उर्वर जमिनले दराईहरुलाई खड्गौली आएर बस्न आकर्षित गरेको थियो । पछि यहि प्रचुर प्राकृतिक संसाधनको कारण खड्गौलीको जनसङ्ख्या वृद्धि हुदै गयो ।

चितवन राष्ट्रिय निकुञ्ज (सन् १९७३ मा स्थापित नेपालको पहिलो राष्ट्रिय निकुञ्ज र  सन् १९८४ मा विश्व सम्पदा सूचीमा सूचिकृत भएको) स्थापना भए पश्चात् आदिवासी जनजातिहरुको परम्परागत भूमि वा पैतृक थात्थलो विवादको विषय बन्न पुग्यो र दराईहरुलाई चितवन राष्ट्रिय निकुञ्जले कुनै पनि जानकारी नदिइ बलपूर्वक आफ्नो परम्परागत भूमि अर्थात पैतृक थात्थलोबाट हटाएको घटनाहरू कथा बनेका छन् । आज पनि धेरै दराईहरू सम्झने गर्दछन् कसरी उनिहरुको घर जलाइएको थियो, हात्ति लगाएर बालीहरू नष्ट गरिएको थियो र बन्दुक तेर्स्याएर त्रसित बनाएको थियो । चितवन राष्ट्रिय निकुञ्ज बन्नु पहिला त्यस क्षेत्र र वरिपरिका बसोबास गर्ने दराईहरुले सबै जमिन र सम्पत्तिहरू गुमाउनु परेको थियो र उनिहरू घरबार विहिन हुनु परेको थियो । आज उनिहरू यसै निकुञ्जको नजिक खड्गौलीमा कठिन जीवन बिताउन बाध्य छन् ।

झण्डै ७०० दराई घरपरिवारहरू खड्गौलीमा बसोबास गर्दछन् । उनिहरु चितवन राष्ट्रिय निकुञ्जको स्थापनाका कारण खोसिएको जमिन र परम्परागत स्रोत-साधन माथिको अधिकारबाट पीडित छन् र आज उनिहरू मानव-

वन्यजन्तुबीचको द्वन्द्वको कारण प्रताडित छन् । संरक्षित क्षेत्रको व्यवस्थापनमा अनुशरण गरिएको पश्चिमी मोडल (जसले संरक्षित क्षेत्रको स्रोत-साधन माथिको पहुँच र उपयोगलाई प्रतिबन्ध लगाउनु) ले दराईहरुले परम्परागत रूपमा उपयोग गरि जीविकोपार्जन गर्दै आएको स्रोत-साधनहरू माथिको पहुँच र उपयोगलाई प्रतिबन्ध लगाइ उनिहरुको परम्परागत स्रोत-साधन माथिको अधिकारको हनन गरेको छ । जसले गर्दा उनिहरुको खाना, पानी, फल, जडीबुटी, घाँस-दाउरा, निर्माण सामाग्री, र जल तथा वन पर्यावरणमा आधारित खड्गौलीको दराईहरुको जीवन पद्धति धरापमा परेको छ ।

३.२.३ मरेको चित्तलको कारण बेकसुर थुनामा

वि.सं. २०७७ सालको माघ महिना साँझको समयमा चितवन राष्ट्रिय निकुञ्ज बाहिर भरतपुर महानगरपालिका- २३, घैलाघैली सामुदायिक वन नजिक खड् गौलीको खेतमा एक चित्तल आएको थियो । स्थानीयको भनाइमा उक्त चित्तल निकुञ्जको वनबाट बाहिर आएको थियो र स्थानीय भुस्याहा कुकुरले मार्‍यो । भुस्याहा कुकुरहरुको आक्रमणले निकुञ्जको वनबाट बाहिर आएको जनावरहरू, जस्तैः बँदेल, हरिण आदि मारेको घटनाहरुको साक्षी छ खड्गौली टोल ।

भुस्याहा कुकुरले मारेको चित्तलले खड्गौली टोलका केही मानिसहरुको मनमा लोभ जाग्यो र उनिहरुले उक्त चित्तलको मासु खाने लोभमा घरमा ल्याएका थिए । करिब एक घण्टाको आसपासमा निकुञ्जको कर्मचारी र गार्डहरू आएर २ जना महिला सहित टोलका कुल ७ जना मानिसहरू (बुद्धि बहादुर दराई, सुकमाया दराई, शान्ति दराई, चन्द्र बहादुर दराई, सुक बहादुर दराई, सन्त बहादुर दराई र दिपक दराई) पक्राउ गरेर लगेका थिए । उनिहरुलाई २२ दिन सम्म थुनामा राखियो र जनाही ने.रु. २८०००/- को दरले जरिवाना तिराएर हरेक नेपाली महिनाको १५ गते चितवन राष्ट्रिय निकुञ्जको कार्यालय कसरामा तारिख धाउने सर्तमा थुना मुक्त गरिएको छ । हाल टोलबासीहरू उक्त मुद्धा

झुठो अभियोगको रूपमा उल्टिन सक्ने डरले चुपचाप छन् । उनिहरुलाई न त अभियोगबारे जानकारी छ न त मुद्धा कहिले किनारा लाग्छ भन्ने बारेमा नै जानकारी छ। उनिहरुलाई केवल भुस्याहा कुकुरले मारेको चित्तलको मासु खाने लोभमा घर ल्याएको थाहा छ र यही नै सत्य हो ।

### ३.२.४ मानव-वन्यजन्तुबीचको द्वन्द्व एक जटिल समस्या

चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा मानव-वन्यजन्तुबीचको द्वन्द्वले दराई समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा मात्रै नकारात्मक प्रभाव पारेको मात्र नभइ यसले वन्यजन्तुहरुको संरक्षणमा समेत नकारात्मक प्रभाव पारेको छ । निकुञ्जको वन्यजन्तुहरुबाट प्रत्यक्ष असर बालीनालीमा पनि परेको छ । स्थानीय दराईहरू भन्छन् - 'निकुञ्जको वन्यजन्तुहरू मानिसहरुले लगाएको अन्नबाली, सब्जी आदि खाइ दिने तथा नाश गर्ने, घरपालुवा जनावरहरुलाई आक्रमण गर्ने र मार्ने, घर भत्काउने, मानिसहरुलाई आक्रमण गर्ने र मार्ने गरेको छ' । चितवन राष्ट्रिय निकुञ्जको आसपास बसोबास गर्ने आदिवासी जनजाति दराईहरुले चितवन राष्ट्रिय निकुञ्जको वन्यजन्तुहरुको विभिन्न चुनौतिहरुको सामाना गर्नु परेको छ र उनिहरू वन्यजन्तुहरुको भयमा जीवन बिताउन बाध्य छन् ।

दराई समुदायको अनुभव यसरी बताउनु हुन्छ- मानव-वन्यजन्तुबीचको द्वन्द्व बढ्दो क्रममा छ र यो हामी खड्गौलीको दराईहरुको लागि एक कठिन चुनौति हो । यसले हाम्रो आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा नकारात्मक प्रभाव पारेको छ' । वहाँहरू भन्नु हुन्छ- निकुञ्जको वन्यजन्तुहरू आएर हामीले लगाएका बालीनाली सबै खाइदिन्छ, नाश गरि दिन्छन्, घरपालुवा जनावरहरुलाई आक्रमण गर्ने र मार्ने, घर भत्काउने, मानिसहरुलाई आक्रमण गर्ने र मार्ने समेत गर्ने गरेको छ। मानिसहरुलाई नै मार्नु त ठूलो क्षति हो र यो क्षतिपूर्ति दिएर पुग्ने र हुने विषय पनि हैन' ।

### ३.२.५ जंगली भक्षकले एकजना दराई महिलाको ज्यान लियो

केही महिना अघि ३२ वर्षिय संझना दराई चितवन राष्ट्रिय निकुञ्जको गैंडाको आक्रमणमा परि मृत्यु भयो । वहाँ घैलाघैली सामुदायिक वनमा घाँस काट्न जानु भएको थियो । संगै घाँस काट्न गएका तिन जना साथीहरुले वहाँलाई बचाउन सकेनन् । संझना नजिकको स्थानीय विद्यालयमा पियनको काम गर्नु हुन्थ्यो । वहाँले अनाहकमा ज्यान गुमाउनु पर्‍यो । वहाँको परिवारलाई आज सम्म क्षतिपूर्ति दिइएको छैन र उनिहरू क्षतिपूर्तिको पर्खाइमा छन् ।

विगतमा पनि ठीक यस्तै घटना यसै दराई टोलमा घटेको थियो। काली बहादुर दराईलाई गैंडाले गम्भीर घाइते बनाएको थियो। उनले आफ्नो उपचारको लागि आफुसंग भएको सम्पूर्ण जायजेथा सकेका थिए। तापनि उनि बाँचुञ्जेल अपाङ्गता भएर बाँचे र गम्भीर रूपमा घाइते भएकै कारण उनले अकालमा ज्यान गुमाउनु पर्‍यो । यस देखि बाहेक पनि यसै टोलमा अन्य तिन जना गैंडाको आक्रमणबाट घाइते भएका छन् र उनिहरू आफ्नै खर्चमा उपचार गरि स्वास्थ्य भएका छन् । यी घाइतेहरू क्षतिपूर्तिबाट बञ्चित भएका छन् ।

### ३.२.६ हात्तिले घर भत्काइ दियो

अप्रिल २०१८ मा २ छोरीकी आमा जमुना दराईको जंगली हात्तिले घर भत्काइ दियो र सञ्चय गरि राखेको सबै अन्न पनि खाइ दियो । त्यसै बखत निकुञ्ज सुरक्षा गस्ति टोली आइ पुग्यो र हात्तिलाई निकुञ्ज भित्र धपायो । जमुनाले हात्तिले घर भत्काइ दिए वापत चितवन राष्ट्रिय निकुञ्जबाट ने.रु. १०,०००। क्षतिपूर्ति पाउनु भयो । 'तर दोश्रो पटक पुनः मेरो घर हात्तिले भत्काउदा मैले कुनै क्षतिपर्ूति पाउन सकेको छैन', जमुनाले भन्नु भयो ।

जब, दोश्रो पटक पनि जमुनाको घर हात्तिले भत्काइ दियो तब जमुनाले उक्त घरमा फेरि पनि हात्ति आउन सक्ने र घर तथा मानिस दुवैको क्षति हुनसक्छ भन्ने डरले छाड्नु भयो । हाल जमुना बेघर हुनुहुन्छ र सोही गाउँको आफ्नो

नातेदारको घरमा आश्रय लिएर बस्नु भएको छ । यस क्षेत्रमा हात्ति बारम्बार आउने गरेको छ भने यसबारे चितवन राष्ट्रिय निकुञ्जलाई खबर गर्दा पनि हाल सम्म कुनै अग्रसरता देखाएको छैन । खड्गी टोलका दराईहरू भन्नु हुन्छ- ' जंगली हात्ति हाम्रो क्षेत्रमा सधैं आउछ, हाम्रो बाली र सम्पत्ति क्षति गरेको छ। घरपालुवा जनावरहरू मार्छन् र मानिसहरुलाई पनि आक्रमण गर्दछ' ।

**३.३ आदिवासी जनजाति कुमाल समुदाय** (**घटना नं**. ३)

भरतपुर महानगरपालिका- २८, योगी टोल, चितवन, नेपाल

*योगी टोलको कुमालहरुको लागि चितवन राष्ट्रिय निकुञ्ज एक विवादास्पद विषय हो किनकी निकुञ्जले  कुमालहरुलाई बलपूर्वक विस्थापित गरेर पीडा दिएको छ र गरिव बनाएको छ ।*

३.३.१ कुमाल समुदाय

आदिवासी जनजाति कुमाल नेपालको विपन्न र सीमान्तकृत समुदायहरू मध्ये एक हो । कुमालहरुको परम्परागत पेसा माटोको भाँडा बनाउने हो । उनिहरुको यो परम्परागत पेसा उद्योगबाट उत्पादित सस्ता र टिकाउ भाँडाको प्रतिस्पर्धाको कारण दिनानु दिन सङ्कटमा पर्दै गएको छ । हिजो आज कुमालहरू जीवन निर्वाह कृषि र पशुपालनमा लागेका छन् । सन् २०११ को राष्ट्रिय जनगणना अनुसार नेपालमा कुमालहरुको कुल जनसङ्ख्या १२१,००० रहेको छ । उनिहरुको बसोबास नेपालको मुख्य गरेर मध्ये र पश्चिमी भागमा भए पनि उनिहरू नेपालको विभिन्न स्थानहरुमा छरिएर बसेका छन् । उनिहरुको आफ्नै भाषा, परम्परा र सांस्कृतिक अभ्यासहरू छन् ।

३.३.२ योगी टोलको कुमाल समुदाय

भरतपुर महानगरपालिका २८ मा पर्ने योगी टोल कुमाल गाउँको नाममा परिचित छ । यो टोलमा करिव ७०० कुमाल घरपरिवारहरुको बासोबास रहेको छ । यो टोलमा पर्ने कुमाल म्युजियम पर्यटकहरुको आकर्षणको केन्द्र हो । पर्यटन

योगी टोलको कुमालहरुको जीविकोपार्जनको एक प्रमुख स्रोत हो । यद्यपि, चितवन राष्ट्रिय निकुञ्जले गरेको योगी टोलको पर्यटन गतिविधि (पछिल्लो समय कुमालहरुको जीविकोपार्जनको एक प्रमुख स्रोत बन्दै गएको) माथिको निरन्तर विरोध र नियन्त्रणका कारण योगी टोलको कुमालहरुको जीविकोपार्जन नराम्ररी बिग्रिएको छ ।

भनिन्छ, योगी टोलको प्रत्येक कुमालको घरपरिवारमा चितवन राष्ट्रिय निकुञ्जले सृजना गरेको अभाव र अन्यायको कैयौं घटना कथा बनेको छ । विगतमा योगी टोलको कुमालहरू हालको चितवन राष्ट्रिय निकुञ्जमा बसोबास गर्दथे र उनीहरुको जीविकोपार्जन हालको चितवन राष्ट्रिय निकुञ्जको स्रोत-साधनमा आश्रित थियो । परम्परागत रूपमा उनिहरू माछा मार्ने र डुङ्गा चलाउने पेसा गरि जीविकोपार्जन र आम्दानी गर्ने गर्दथे । निकुञ्जले माछा मार्ने तथा डुङ्गा चलाउने अनुमति अव्यवहारिक रूपमा अन्य व्यक्ति र व्यवसायीलाई वितरण गर्न थाले पछि योगी टोलको कुमालहरू परम्परागत माछा मार्ने र डुङ्गा चलाउने पेसा तथा उनिहरुको परम्परागत जीवन निर्वाहबाट टाढा भएका छन् ।

### ३.३.३ जीविकोपार्जन विकल्पको सीमितताामा कुमालहरू

योगी टोलको आदिवासी जनजाति कुमालहरुलाई परम्परागत भूमि माथिको स्वामित्व र स्रोत-साधनको उपयोगको विशेष अधिकारबाट चितवन राष्ट्रिय निकुञ्जले बञ्चित गरेको छ । परम्परागत माछा मार्ने र डुङ्गा चलाउने पेसा माथि निकुञ्जले नियन्त्रण गरे पछि योगी टोलको कुमालहरूको जीवन निर्वाह कृषिमा आधारित हुदै गएको छ । चितवन राष्ट्रिय निकुञ्जले परम्परागत पेसामा नियन्त्रण गरे पछि, परम्परागत भूमि माथिको स्वामित्व र स्रोत-साधनको उपयोगबाट बञ्चित गरे पछि र सीमित जमिनमा लगाएको बालीनाली वन्यजन्तु आएर नोक्सान पुऱ्याउन थाले पछि उनिहरू पर्यटन गतिविधि तर्फ लागेका थिए । पर्यटन गतिविधि योगी टोलको कुमालहरुको जीविकोपार्जनको एक प्रमुख स्रोत हो । तर निकुञ्जको निरन्तर विरोध र नियन्त्रणका कारण यो पेसा पनि धारासायी बनेको छ ।

कुमाल अगुवा जयमंगल कुमाल भन्नु हुन्छ - 'चितवन राष्ट्रिय निकुञ्ज भित्र र बाहिर सञ्चालित ठूला होटल व्यवसायीहरुलाई माछा मार्ने र डुङ्गा चलाउने अनुमति-पत्र दिएको छ र उनिहरुलाई निर्वाद माछा मार्न र डुङ्गा चलाउन स्वतन्त्र छन् तर हामी कुमालहरुलाई निकुञ्जले हाम्रो परम्परागत माछा मार्ने र डुङ्गा चलाउने पेसालाई नियन्त्रण गर्नुले जीविकोपार्जनमा कठिनाइ भएको छ' ।

स्थानीय मिरा कुमाल भन्नु हुन्छ - 'चितवन राष्ट्रिय निकुञ्जले हामीलाई हाम्रो परम्परागत माछा मार्ने र डुङ्गा चलाउने पेसाबाट बञ्चित गरेको छ । निकुञ्जको वन्यजन्तु आएर हामीले लगाएको बाली खाएर नोक्सान गर्दा समेत हामीले क्षतिपूर्ति पाउन सकेका छैनौ । हामीले बैकल्पिक उपायका लागि आफ्नै घर अगाडि छाता मुनि खुद्रा पसल सञ्चालन गरेर जीवकोपार्जनको लागि व्यवसाय सञ्चालन गरेकोमा त्यसलाई पनि बन्द गर्न चाहान्छन् । चितवन राष्ट्रिय निकुञ्जका कर्मचारी र सरकारको नियत हामी योगी टोलको कुमालहरुलाई हदै सम्मको दुःख दिएर हामीलाई विस्थापित हुन बाध्य पार्ने तर्फ उद्यत रहेको पाइन्छ । उनिहरू दिनानुदिन हामी आदिवासी कुमालको मानव बस्ति उठाएर निकुञ्जको विस्तार गर्दै वन्यजन्तुहरुको आरक्षण गर्न चाहान्छ' ।

### ३.३.४ बाँच्ने अधिकारबाट बञ्चित कुमालहरू

चितवन राष्ट्रिय निकुञ्जले योगी टोलका कुमालहरुको विभिन्न प्रकारले मानव अधिकार हनन गरेका थुप्रै अनुभव रहेका छन् । दिनदिनै कुट्ने, गाली बेइज्जत गर्ने, झुटो आरोप लगाइ पक्राउ गर्ने, चोरीको मुद्धा लगाउने जस्ता घटनाक्रम सामान्य हुन थालेका छन् । यदि निकुञ्जलाई कुनै व्यक्ति प्रति शङ्का लाग्यो भने उसलाई तुरुन्तै समातेर लान्छ  र शङ्काको भरमा नै अपराधी झैं समात्ने र हिरासतमा राख्ने गर्दछ र उसलाई आफ्नो सफाइ दिन वा निर्दोष सावित गर्न पनि समय दिदैन ।

शोषण, अभाव, बहिष्करण र गरिवीको लामो इतिहास भोगेका कुमाल महिलाहरू डरैडरले केही नबोली चुपचाप सहेर बस्ने, नबोल्ने भएका छन् । बोल्न नसक्नु र डराउनु यीनीहरुको नियति बनेको छ । यसै अवस्थाको फाइदा चितवन राष्ट्रिय निकुञ्जको गार्डहरुले कुमाल महिलाहरुबाट उठाउने गरेका छन् । भनिन्छ प्रायः योगी टोलको कुमाल महिलाहरुको जीवनमा एक पटक निकुञ्जको गार्डहरुको गिद्धे दृष्टिको सिकार बन्न बाध्य हुदा उनीहरुको आत्मा सम्मानमा चोट पुगेको छ । गाली वा अपशब्द, पिडा, बलपूर्वक नाङ्गिनु पर्ने, बलत्कार आदि । उनिहरू भन्दछन् - 'विगतमा गन्न सकिने सङ्ख्यामा कुमाल महिलाहरुलाई ललाइफकाइ गर्दा नमानेमा जबरजस्ती करणी गर्ने यौन अपराधको सिकारमा परेका छन् । निकुञ्जका गार्डहरूले सोझा कुमाल महिला तथा किशोरीहरुलाई विवाह गर्ने प्रलोभन देखाएर यौनतृप्तिका लागि विवाह गर्ने र निकुञ्जबाट अन्यत्र सरुवा हुदा छाडेर जानुले अवैध बच्चा जन्मिने गरेको छ । त्यस्ता बच्चालाई समुदायले छोरा जन्मिए गण बहादुर र छोरी जन्मिए गण कुमारी भनेर नामाकरण गर्ने गर्दछ । यस्ता बुबा विनाको सन्तान योगी टोलमा यौन शोषित आमाहरुले नै हुर्काउदै आएका छन्' ।

आज योगी टोलमा यस्ता मानव अधिकार हननको घटना विगतमा भन्दा न्यून भएर गएको छ । हामीले मानव अधिकार हननको घटनाहरू न्यून भएर जानुको कारण खोज्दा उनिहरू भन्छन् - 'विगतको तुलनामा योगी टोलमा महिलाहरू केही आफ्नो अधिकारको बारेमा सचेत भएका छन् र उनिहरू आफ् नो पिडा वा अधिकार हननको बारे बोल्न थालेका छन्' । शान्तिमाया कुमाल भन्नु हुन्छ - 'हामी महिलाहरुलाई निकुञ्जका कर्मचारीहरुले गर्ने यौन शोषण, दुर्व्यवहार र उनीहरुले बेकसुर नै धरपकड गर्ने जस्ता व्यवहारले हामी अत्यन्तै असुरक्षित भएका छौं । त्यसैले निकुञ्जको आसपास जान र उनिहरुको अगाडि पनि पर्दैनौं । हाम्रो मानव अधिकार हनन हुन पुगेको घटनाहरुको कुनै सुनुवाइ भएको छैन । तथापि, हामी उनीहरुबाट बच्न उनीहरुबाट टाढा रहने हाम्रो प्रयास जारीरहेको छ' ।

### ३.३.५ क्षतिपूर्ति नहुदा कुमालहरू अभावमा

समयमा उचित क्षतिपूर्ति नपाउनु यस योगी टोलका कुमालहरुले भोग्दै आएको एक गम्भीर सवाल हो । यस कार्यले उनिहरुको जीवीकोपार्जनलाई झनै कठिनाइ बनाएको देखिन्छ यस कारण पनि भन्न सकिन्छ कुमालहरुको आधारभूत मानव अधिकारको नै उलङ्घन भएको छ । समयमा नै उचित क्षतिपूर्ति दिनु निकुञ्ज र राज्यको दायीत्व हो । 'क्षतिपूर्ति दिन ढिलासुस्ति गरिनु र उचित क्षतिपूर्ति नपाएको कारण हामीले आफ्नो जमिनमा खेतीपाति गरेर बालीनाली भित्र्याउन पाएका छैनौं, आम्दानीको स्रोत नै निकुञ्जबाट हडपिनुले सम्पत्तिको जगेर्ना गर्न सम्पत्ति जोड्न सकेनौं ।', भएको जग्गा निकुञ्जले अधिकरण गरेकोले हाल अस्थायी बसोबास सिसावासमा भएको जानकारी ३२ वर्षिय एक कुमाल महिलाले दिनु भयो ।

राज्य वा राज्यको कुनै पनि निकायले विकासको नाममा कुनै पनि व्यक्ति वा समुदायलाई उठिबास लगाउने वा उनिहरुलाई चरम अभावको जिन्दगी बाँच्न बाध्य गराउने सरकार र सरकारी निकायको रवैयाले संविधानले व्यवस्था गरेको आभारभूत मानव अधिकार, संवैधानिक अधिकार र विशेष अधिकारको व्यवस्थाको कुनै हैसियत नभएको ठान्दछौं । हामी राज्य विहिन बनेको छ, राज्यमा संविधान र कानुन छ र त्यसको सुनुवाइ हुन्छ भन्ने अवस्था नहुनुले हामी कस्तो शासन भएको देशमा छौं भनेर सोच्न बाध्य भएका छौं । छलफलका बहुसङ्ख्यक सहभागी भन्नु हुन्छ-राज्यको दायित्व आफ्नो नागरिकहरुको रक्षा गर्नु हो तर 'चितवन राष्ट्रिय निकुञ्जको एक मात्र पानीको प्रमुख स्रोत नारायणी नदिले हरेक वर्ष किनारामा रहेको हाम्रो जमिन झार्दै बगाएकोले बगरमा परिणत हुदै गएको छ' ।

निकुञ्जको नारायणी नदिले गर्ने कटान नियन्त्रणमा आज सम्म कतैबाट पहल भएको छैन । जयमंगल कुमाल भन्नु हुन्छ- 'यो हामी कुमालहरुलाई योगी टोलबाट विस्थापन गर्ने चितवन राष्ट्रिय निकुञ्जले सुनियोजित कार्य

हो' । नारायणी नदिले योगी टोलमा झण्डै ३०० कुमाल घरपरिवारको निजी खोतियोग्य जग्गा जमिन बगरमा परिणत गरि सकेको छ । नारायणी नदिको बगर निकुञ्जको क्षेत्र मानिन्छ र हाल हामी ३०० कुमाल घरपरिवारको जग्गा बगरमा परिणत भैसकेको छ र निकुञ्जको नियन्त्रणमा छ । हामीले हाम्रो जग्गा उपभोग गर्न पाएका छैनौं । नारायणी नदिको कटानले हामीले आफ्नो खोतियोग्य जमिन गुमाएका छौं र नदि कटान हाम्रो लागि गम्भीर समस्या बनेको छ । 'हामी बगरमा परिणत भएको हाम्रो जमिनको कुत तिर्छौं किनभने त्यो हाम्रो जमिन हो भन्ने प्रमाणित गर्न र क्षतिपूर्ति दाबी गर्न, तर पनि हामीलाई सो जमिन भोग चलन गर्न निकुञ्जले दिदैन न त क्षतिपूर्ति नै दिन्छ', छलफलका एक महिला सहभागिले भन्नु भयो ।

राज्यको सम्बन्धित निकाय निकुञ्जले आफ्नो उत्तरदायित्व (क्षतिपूर्ति) बहन नगर्नुको अर्थ हुन्छ कुमालहरुलाई योगी टोलबाट सोझै विस्थापन गर्ने वा स्थानीय कुमालहरुलाई संरक्षण कार्य विरुद्ध उठ्न बाध्य बनाउनु । हामी ती दुवै कार्य नाजायज हैनन् ? छलफलको एक पीडित कुमाल सहभागिले अनुसन्धान टोलीलाई प्रश्न गर्दै भन्नु भयो- 'हामी पीडितहरू छलफलका बहुसङ्ख्यक सहभागी भन्नुहुन्छ- छलफलका बहुसङ्ख्यक सहभागी भन्नुहुन्छ- जीविकोपार्जनको खाजीमा छौं र हामीले हाम्रो सबै सम्पत्ति गुमाएका छौं, यो हुनु भनेको राज्यले दमन र मानव अधिकारको उलङ्घन गर्नु हो । हामी दुई दशक देखि स्वतन्त्र भएर बाँच्न पाउने अधिकारबाट बञ्चित भएका छौं । हाम्रो संविधानले कस्ता नागरिकहरुलाई मानव अधिकारको सुनिश्चित गरेको छ हामीले बुझ्न सकेका छैनौं । संवैधानिक व्यवस्थाले देशका को? कस्ता? नागरिकहरुको मानव अधिकारको सुरक्षा गर्छ?' छलफलको एक सहभागिले भन्नु भयो- 'केही स्थानीय पहुँचवालाहरुले क्षतिपूर्तिको फाइदा उठाए तर कुमालहरुलाई क्षतिपूर्ति नै दिइएन' ।

३.३.६ एक कुमाल युवा माथि भौतिक आक्रमण

योगी टोलको एक सोझो कुमाल युवा (हाल वयस्क उमेरका त्यही टोलमा एक किराना पसल सञ्चालन गरि रहनु भएको छ) सख्त घाइते हुनेगरि मार-पिटको सिकार हुन्छन् । तिज (विवाहित महिलाहरुले शिव भगवान र देवी पार्वतीको उपवास बसी पूजा गर्ने र धनधान्य हुन तथा श्रीमानको दीर्घायुको कामना गरिने मनसुन चाड) को दिन थियो, योगी टोलका महिलाहरू स्थानीय पर्सा बजारमा नाचगान गर्दै थिए । पर्सा बजारको उक्त नाचगानमा निकुञ्जको गार्ड र योगी टोलको महिलाबीच विवाद भएको विद्यालयबाट घर फर्कदै गरेको एक कुमाल युवाले सुन्नु भयो र वहाँ घरमा नगएर पर्सा बजार तिर हानिनु भयो । एक कुमाल युवाले भन्नु भयो- 'म पर्सा बजार पुग्दा निकुञ्जको कर्मचारीहरुको जस्तै पोशाक लगाएका एक हुल गार्डहरुले सार्वजानिक बजार क्षेत्रमा कुमाल महिलाहरुमाथि अनैतिक हरकत गरि रहेको देखें र म त्यहाँ के पुगेको मात्र थियो उनिहरू म माथि आइलागेर बेस्सरी पिटे । म, तत्कालिन वडाध्यक्ष लगायत हामी पाँच जनालाई मरणासन्न पिटे र हामीलाई एक रातको लागि थुनामा समेत राखे । जाडो महिना थियो, राती हामीलाई निकुञ्जको गार्डले चिसो खन्याइ दिन्थे र रातैभरि बेस्सरी पिटेका थिए । पिटाइको कारण हामी मध्ये एकको मुखबाट रगत निस्किएको थियो । त्यो थुनामा दिएको यातना र पिडा म कहिले पनि विर्सन्न । यस घटना पछि हामी चुपचाप छौं र उनिहरुसंग बोल्न पनि सकेका छैनौं' ।

**३.४ आदिवासी जनजाति बोटे समुदाय (घटना नं. ४)**

कावासोति नगरपालिका- १५, बाघखोर, नवलपरासी, नेपाल

*चितवन राष्ट्रिय निकुञ्जले आदिवासी जनजातिहरुको जीवनशैलीलाई जोखिममा पारेको, उनिहरुलाई अधिकारबाट बञ्चित बनाएको र विवादलाई निम्त्याएको कुरा साँचो हो ।*

### ३.४.१ बोटे समुदाय

बोटे समुदाय सामाजिक तथा आर्थिक रूपमा पछिपरेका अति सीमान्तकृत समुदाय हो । बोटेहरू खोला र नदि तर्न बोट (रुख वा रुखको हाँगा) को पुल बनाउने भएकोले उनिहरुलाई बोटे भनिएको हो भन्ने भनाइ छ । अर्को भनाइ- बोटेहरुको कतै पनि घरजमिन थिएन । उनिहरू नदि वा खोला छेउको बोट (रुख) मुनि घर बनाइ बस्ने गर्दथे । त्यसैले उनिहरुलाई बोटे भनिएको हो ।

आदिवासी जनजाति बोटेहरुको जीविकोपार्जन चितवन राष्ट्रिय निकुञ्जको सिमानामा रहेको पूर्वी राप्ति र नारायणी नदिहरुमा माछा मार्ने, डुङ्गा चलाउने र सुन छान्ने व्यवसायमा निर्भर रहेको छ । उनिहरुको मुख्य बसोबास चितवन, नवलपरासी, तनहु, गोरखा र लमजुङ जिल्लामा रहेको पाइन्छ । बोटे नेपालमा कम परिचित आदिवासी जनजातिमा पर्दछ । उनिहरुको आफ्नै भाषा, संस्कृति र परम्परा रहेको छ । सन् २०११ को राष्ट्रिय जनगणना अनुसार नेपालमा बोटेहरुको कुल जनसङ्ख्या २८३० रहेको छ ।

### ३.४.२ बाघखोरको बोटे समुदाय

चितवन राष्ट्रिय निकुञ्जको छेवैमा बाघखोरको स-साना माटो र फुस्को छानोले बनेको घरहरुको समूह नै बाघखोरको बोटे टोल हो । चितवन राष्ट्रिय निकुञ्जले बोटेहरुको माछा मार्ने, डुङ्गा चलाउने परम्परागत पेसामा नियन्त्रण गरे पछि बाघखोरको बोटेहरुको जीवन निर्वाहको एक मात्र उपाय कृषि मात्र भएका छन् । चितवन राष्ट्रिय निकुञ्जले बाघखोरको बोटेहरुले भोग चलन गर्दै आएको जमिन हडपेको छ र माछा मार्ने तथा डुङ्गा चलाउने परम्परागत पेसा माथि नियन्त्रण गरेको छ । बोटे अगुवा ज्ञान बहादुर बोटे भन्नु हुन्छ- ' चर्को शुल्क तिर्नु पर्ने भएको हुदा बोटेहरू डुङगा चलाउने परम्परागत पेसा प्रति निरुत्साहित भएका छन् । यद्यपि, यो हाम्रो परम्परागत पेसा हो र यस पेसासंग हाम्रो संस्कार, परम्परागत अभ्यास र प्रथा, प्रणाली जोडिएको छ । निकुञ्जको हतोत्साहित गर्ने (नियन्त्रण र चर्को शुल्क) कार्यले हामी बोटेहरुलाई अभावमा

बाच्न बाध्य बनाएको छ' ।

बोटे समुदाय नदिको किनार तथा जंगल छेउमा बसोबास गरेर बसेका छन् र पूर्व-पश्चिम राजमार्गको द्रुत सहरीकरण क्षेत्रको स्थानीय सहरी केन्द्रहरुसंग पनि जोडिएको छ। सहरीकरण र आधुनिकताले बाघखोरको बोटे समुदायलाई चितवनको पर्यटनमा आधारित पैसा कमाउने अर्थतन्त्र तर्फ आकर्षित गरेको छ । चितवन राष्ट्रिय निकुञ्जको वन्यजन्तु र पूर्वि राप्ति तथा नारायणी नदिले बाघखोरको बोटे समुदायलाई जोखिममा पारेको छ। बाघखोरको बोटे समुदायको जीविकोपार्जन माछा मार्ने, डुङ्गा चलाउने, खेति र पर्यटकिय क्रियाकलापमा आधारित छ। वर्तमान अवस्थामा मुस्किलले २० घरपरिवारले मात्र परम्परागत माछा मार्ने, डुङ्गा चलाउने पेसाले जीवन निवार्ह गर्दछन् । चितवन राष्ट्रिय निकुञ्जको स्थापनासंगै बाघखोरको बोटेहरुको परम्परागत पेसा हराएर गएको छ र उनिहरू सिमित जमिनमा जीवन निर्वाह खेति र गाँउ वा नजिकको सहर तथा छिमेकी देश भारतमा श्रममा आधारित रोजगारी गरि जीवन निर्वाह गर्ने गर्दछन् । केही बोटे घरपरिवार पर्यटनसंग सम्बन्धित क्रियाकलापहरू जस्तैः स-साना खानेकुराहरुको पसल तथा होमस्टे सञ्चालन गरि गुजारा चलाउछन् ।

### ३.४.३ संरक्षणको नाममा बोटेहरुको परम्परागत पेसा सांगुरोमा

चितवन राष्ट्रिय निकुञ्जले बोटेहरुको माछा मार्ने, डुङ्गा चलाउने परम्परागत तथा जीविकोपार्जनको पेसालाई सिमित बनाएको छ। उनिहरुको यो पेसा केवल परम्परागत र जीविकोपार्जनसंग मात्र सम्बन्ध राख्दैन, यो त स्थानीय वातावरण र पर्यावरणसंग घनिष्ट रहेको पुर्खौं देखिको ज्ञान तथा अनुभवको परम्परागत अभ्यास हो । यो उनिहरुको परम्परा, संस्कृति र सांस्कृतिक पहिचानसंग जोडिएको विषय पनि हो ।

चितवन राष्ट्रिय निकुञ्जको स्थापनाले उनिहरुको परम्परागत पेसामा लगाइएको

मात्र नभइ परम्परागत रूपमा उपभोग गर्दै आएको भूमि र अन्य प्राकृतिक स्रोत-साधनको स्वामित्व खोसिएको छ । यसले बाघखोरको बोटेहरुको जीवनमा नकारात्मक प्रभाव गम्भीर रूपमा पारेको छ । यसै गरि परम्परागत भूमि र अन्य प्राकृतिक स्रोत-साधनको स्वामित्व खोसिनु, परम्परागत पेसामा नियन्त्रण हुनु, आरक्षित कानुन तथा नीतिहरू र सहयोगको अभाव हुनु आदिले बाघखोरको बोटेहरुको परम्परागत पेसा र परम्परागत जीवन निर्वाह पद्धति सङ्कटमा परेको छ ।

चितवन राष्ट्रिय निकुञ्जले परम्परागत भूमि, पेसा र स्रोत-साधन माथि गरेको नियन्त्रणका बारेमा प्रश्न उठेको छ । बाघखोरको बोटे भन्छन् संरक्षणको नाममा परम्परागत भूमि, पेसा र स्रोत-साधन माथिको नियन्त्रण गर्नु केवल दुष्प्रयास र दुष्कार्य हो । यस कार्यले बोटे समुदायको भूमि, स्रोत-साधन र जीविकोपार्जनबीचको घनिष्ट सम्बन्धलाई बेवास्ता गरेको छ । यस बाघखोरको बोटेहरुको अध्ययनले के देखाउछ भने, उनिहरुको विगत एक 'पूर्ण जिन्दगी' थियो भनेर उनिहरू हरदम त्यसलाई सम्झने गर्दछन् । उनिहरुको दृष्टिकोणमा माछा मार्ने तथा डुङ्गा चलाउने पेसामा नियन्त्रण गर्नु भनेको उनिहरुको जीविकोपार्जनलाई चुनौती दिनु हो र उनिहरुको परम्परागत जीवन पद्धतिलाई तहसनहस बनाउनु हो । किनकी, परम्परागत पेसाले बोटेहरुको गौरवपूर्ण जीवन प्रदान गरेको थियो ।

३.४.४ संरक्षित कानुन तथा नियमहरुले परम्परागत पेसामा रोक लगाएको छ

परम्परागत पेसा माथि गरिएको नियन्त्रणको कारण बोटेहरू आफ्नो परम्परागत भूमिबाट क्रमशः स्थानान्तरण हुदैगइ रहेका छन् र उनिहरुको संस्कार र परम्परागत जीवन पद्धति क्रमशः विलय हुने तिर पुगेको छ । परम्परागत पेसा माथि गरिएको नियन्त्रणको कारण सरकार र निकुञ्जको बारेमा मानिसहरुमा नकारात्मक विचारहरू उब्जिएका छन्, किनभने संरक्षण कानुन तथा नियमहरुले संरक्षण नाममा परम्परागत पेसाहरुलाई रोक लगाएको छ । बाघखोरको बोटेहरू

र निकुञ्जबीचको द्वन्द्व आफ्नो भूमि र परम्परागत पेसालाई लिएर शुरु भएको छ । बोटेहरुको भूमिमा बोटेहरुलाई समावेश नगरेर उनिहरुको मञ्जुरी विना कसरी निकुञ्ज क्षेत्र घोषणा गरियो भन्ने बाघखोरको बोटेहरुको गुनासो रहदै आएको छ । आज उनिहरू परम्परागत भूमि, पेसा, स्रोत-साधन र सुरक्षाको पहुँचको अभावको सामना गर्दैछन् । बोटे समुदायको अगुवा ज्ञान बहादुर बोटे भन्नु हुन्छ- 'जल, जंगल र जमिन हाम्रो परम्परागत पेसाको आधार हो र निकुञ्ज हामीले परम्परागत रूपमा गरि आएको पेसा र हाम्रो परम्परागत पेसागर्न पाउने अधिकारको रक्षा गर्न असफल छ' ।

नेपालको संरक्षित क्षेत्रहरुमा परम्परागत अभ्यासहरू माथि रोक लगाइको छ र यसलाई एक सामान्य कार्यको रूपमा लिएको पाइन्छ । परम्परागत रूपमा माछा मार्ने तथा डुङ्गा चलाउने व्यक्ति वा समुदाय होस् वा गैर व्यक्ति वा समुदाय, सबैले माछा मार्न र डुङ्गा चलाउन अनुमति लिनु पर्ने र यो निश्चित कोटा र अनिवार्य वार्षिक नविकरणको व्यवस्था गरिएको हुदा परम्परागत रूपमा माछा मार्ने तथा डुङ्गा चलाउनेहरुको संरक्षण भन्दा पनि व्यापारिक तथा मनोरञ्जनको हिसाबले माछा मार्ने तथा डुङ्गा चलाउनेहरुको लागि सहयोगी देखिन्छ । यस व्यवस्थाले गैर व्यक्ति वा समुदायले पनि माछा मार्ने तथा डुङ्गा चलाउन अनुमति प्रदान गरेको हुदा र परम्परागत रूपमा माछा मार्ने तथा डुङ्गा चलाउने व्यक्ति वा समुदायसंग नविकरण गर्न सक्ने क्षमता नहुदा बोटेहरुको परम्परागत व्यवसाय धरापमा परेको छ । यस प्रकारका प्रतिबन्धले गर्दा परम्परागत रूपमा निर्वाद माछा मार्दै डुङ्गा चलाउदै आएका बोटेहरुका लागि आफ्ना परिवारलाई खान माछा मार्न र निजी प्रयोजनका लागि डुङ्गा चलाउन समेत नपाउने परिस्थिति बन्दै गएको छ ।

### ३.४.५ झुठो मुद्धामा अपराधिक घटना

दैनिक ज्यालादारी गरि जीवन गुजारा चलाएका २६ वर्षको दिलिप बोटे र रमेश बोटे चितवन राष्ट्रिय निकुञ्जको बफरजोनमा पर्ने बाघखोरको निवासी

हुन् । यस घटनाको विवरण लिदाको बखत दिलिप बोटेको एक श्रीमती र ६ वर्षका एक छोरी, र रमेश बोटेको एक श्रीमती र २ छोरीहरू क्रमशः ८ वर्ष र २ महिनाको शिशु (घटनाको समयमा भने रमेशको श्रीमती गर्भवती हुनु हुन्थ्यो) । दिलिप र रमेश दुवै संग माछा मार्ने अनुमतिपत्र थियो र उनिहरू खानको लागि परम्परागत माछा मार्ने जाल लिएर गाँउ नजिकैको नारायणी नदिमा माछा मार्ने पनि गर्दथे । मे २०२१ को दिन लकडाउन कायम नै थियो । दिलिप र रमेश हातमा परम्परागत माछा मार्ने जाल लिएर माछा मार्न नारायणी नदिमा पुगेका मात्र थिए, आकस्मत् निकुञ्जको गार्डहरू त्यहाँ आएर उनिहरूलाई समातेर निकुञ्जको मुख्य कार्यालय कसरा लगे । दुवैलाई १९ दिन सम्म हिरासतमा राखेर प्रति व्यक्ति ने.रु. २०,०००। जरिवाना लिएर तारिखमा छोडिएको थियो । दुवैलाई अवैधानिक रूपमा माछा मारेको र गोहि मार्ने मनसाय रहेको भन्ने झुठो आरोप लगाइ तारिखमा छोडिएको थियो । उनिहरू कुनै पनि समयमा आउन सक्ने गरि तयार छन् र हरेक नेपाली महिनाको १५ गते कसरा तारिख धाइरहेका छन् । कसराले हाल सम्म कुनै पनि निर्णय नसुनाएको हुदा उनिहरू चुपचाप निर्णयको पर्खाइमा निरन्तर कसरामा तारिख धाइरहेका छन् । । दुवै जना यस प्रकारका झुठो आरोपको कारण अदालत धाउनु पर्ने हो वा जेल जानु पर्ने हो भनि त्रसित छन् ।

### ३.४.६ माछा मार्ने बोटे महिलाको नारायणी नदिमा डुबेर मृत्यु

परम्परागत पेसामा महिलाहरुको दृष्टिकोणको बारेमा एक बोटे महिलाले आफ् नो विचार पिडा सहित पोख्नु भएको थियो । वहाँ भन्नु हुन्छ- 'जब चितवन राष्ट्रिय निकुञ्जले माछा मार्ने र डुङ्गा चलाउने परम्परागत पेसा माथि प्रतिबन्ध लगाएकोले गर्दा हाम्रा पुरुषहरुले नियमित आम्दानी गर्न र घरलाई आश्यक पर्ने बस्तुहरू खरिद गर्न सकेका छैनन् । माछा मार्ने र डुङ्गा चलाउने परम्परागत पेसाले हाम्रो जीविकोपार्जन हुने गर्दथ्यो । परम्परागत पेसामा प्रतिबन्ध लागे पछि उनिहरुले यो पेसा छाडे । बोटे महिलाहरू घरको काम तथा वालबच्चाहरुको स्याहारमै मात्र तल्लिन रहने गर्दछन् । आम्दानी नहुदा र घरको गर्जो टार्न नसके

पछि हामी पनि श्रीमान र घरको पुरुष सदस्यहरुसंग निकुञ्ज र निकुञ्ज बाहिर माछा मार्न जान बाध्य भएको छौं । हामी बोटे महिलाहरुमा पुरुषको तुलनाका पानीमा पौडिएर ज्यान बचाउने सीप र अनुभव कम भएको हुदा दुःख पाउने गरेका छौं । माटो भर्न जादा बोटे महिलाहरू नदिमा डुब्ने र बगाउने गरेर ज्यान गुमाएका घटनाहरुलाई चुपचाप सहेर बस्न बाध्य भएका छन्' ।

बाघखोर निवासी ४९ वर्षिया मिना कुमारी बोटेको माछा मार्ने क्रममा प्रोजेक्टघाट टापुमा अक्टोबर २०२१ मा डुबेर मृत्यु भयो । बाघखोर निवासी मछुवारा आईतराम बोटे भन्नु हुन्छ- 'मिना कुमारीको आफ्नो श्रीमानसंग माछा मार्ने क्रममा बगेर मृत्यु भयो । वहाँको माछा खोज्ने क्रममा हिड्दै जादा गल्तिवस् खुट्टा चिप्लियो र नदिको वहाव तीब्र भएको स्थानमा खस्नु भयो र नदिले बगाएर अकाल मृत्यु भयो' । आईतराम भन्नु हुन्छ- 'पानी परेको वा बाढि आएको बखत माछा मार्ने काम ज्यादै खतरनाक हुन्छ । पौडिन सीपालु नभएकाहरू छैन उनिहरू माछा मार्ने कामबाट टाढा बस्नु पर्दछ । यो घटना यस वर्षको पहिलो घटना  हो । यस घटनाले पानी पर्दा र बाढि आउदा माछा मार्ने महिलाहरुको अक्सर ज्यान जाने गरेको हुदा यसबारे चासो बढेको छ' ।

बोटेहरुको जीविकोपार्जनको रूपमा रहेको परम्परागत माछा मार्ने र डुङ्गा चलाउने पेसा गर्न पाउने र त्यसलाई निरन्तरता दिन पाउने उनिहरुको नैसर्गिक अधिकार हो । यद्यपि, निकुञ्ज प्रशासनले परम्परागत रूपमा माछा मार्ने र माछा मारेर जीविकोपार्जन गर्दै आएका व्यक्ति वा समुदायलाई कठोर सर्त वा नियमहरू पालना गर्ने गरि माछा मार्न दिने व्यवस्था गरेको छ । जस्तैः अनुमति-पत्र पाएकाले मात्र माछा मार्न पाउने, माछा मार्दा बल्छि वा परम्परागत माछा मार्ने जाल मात्र प्रयोग गर्न पाउने र तोकिएको स्थान र समयमा मात्र माछा मार्न पाउने, आदि रहेका छन् । तथापि, ती सर्त वा नियमहरुले परम्परागत रूपमा माछा मार्ने र माछा मारेर जीविकोपार्जन गर्दै आएका बोटे समुदायलाई गम्भीर आघात पुऱ्याएको छ । निकुञ्जले परम्परागत रूपमा माछा मार्ने र माछा

मारेर जीविकोपार्जन गर्नेलाई मात्र हैन अरुहरुलाई खास गरि निकुञ्ज भित्र र बाहिरका ठूला होटल र व्यवसायीहरुलाई समेत माछा मार्ने र डुङ्गा चलाउने अनुमति दिएको छ। यस कार्यले परम्परागत पेसागर्ने बोटे समुदाय विस्थापित हुने देखिन्छ। त्यति मात्र हैन माछा मार्न र डुङ्गा चलाउन अनुमति-पत्र लिने र नविकरण गर्ने प्रकृयालाई बढि झन्झटिलो बनाइएको छ, र निकुञ्जले कुनै पनि कारण र बहानामा माछा मार्न र डुङ्गा चलाउन अनुमति-पत्र खोस्न सक्दछ।

### ३.४.७ झुठो आरोपमा पक्राउ र यातना

२०७८ सालको साउने संक्रान्तिको ठीक अघिल्लो दिन थियो, बाघखोरका ७० वर्षिय आईतराम बोटे र वहाँको साथीहरू- कुम्भनारायण बोटे, विरबहादुर बोटे, रणबहादुर बोटे, हिरा बोटे र नर बहादुर बोटे समेतको छ जनाको टोली राप्ति दोभानको गोलाघटमा माछा मार्न गएका थिए। आईतराम बोटेले भन्नु भयो- ‘हाम्रो योजना माछा मारेर ल्याउने र साउने संक्रान्ति मनाउने थियो। योजना अनुरूप हामी सबै गोलाघटमा जम्मा भयौं र हामीसंग भएको डुङ्गा र परम्परागत रूपमा माछा मार्न प्रयोग गर्दै आएको जाल प्रयोग गरि माछा मार्न मात्र के थियो निकुञ्जको गार्डहरुको एक टोली हामी कहाँ आयो र हामी सबैलाई समातेर निकुञ्जको कार्यालय कसरा लिएर गयो’।

आईतरामले भन्नु भयो- ‘कसरा पुगेर थाहा भयो हामीलाई निकुञ्जको जंगलमा आगो लगाएको कसुरमा पक्राउ गरिएको रहेछ। हामीलाई नै थाहा छैन हामीले माछा मारेको स्थान नजिक कसले दाउरा जम्मा गरेर आगो बालेको थियो र त्यो कुरालाई हामीले हेक्का पनि राखेका थिएनौं, हामी त मात्र माछा मार्न आएका थियौं’।

आईतरामले थप्नु भयो- ‘हामीसंग माछा मार्ने अनुमति थियो, हामीसंग अनुमति पाइएकै माछा मार्ने साधनहरू थिए र हामीहरू परम्परागत रूपमा माछा मार्दै आएका बोटे थियौं। तर पनि हामीलाई निकुञ्जको गार्डहरुले निकुञ्जको

जंगलमा आगो लगाएको कसुरमा पक्राउ गरेर कसरा लगे । त्यो सब हामीलाई दुःख र यातना दिने उनिहरुको नियत थियो । हामीलाई जाँच दिन सम्म कसरामा हिरासतमा राखे । हिरासतमा रहदा कसराको कार्यालय र आँगन सरसफाइ, घाँस काट्ने आदि काम लगाएर हाम्रो शोषण गरेको थियो । हामी बाध्य भएर कावासोति नगरपालिकाको उप-मेयरको सहयोगमा जनही ने.रु. ३४००। जरिवाना तिर्न लगाएर जंगलमा आगो लगाएको कसुरलाई स्वीकार गराएर हामी त्यहाँबाट मुक्त भएका थियौं । हामीले नगरेको कसुरमा हामीलाई जरिवाना तिराउनु र कैद गर्नु निकुञ्जको कर्मचारीहरुले मानव अधिकारको उपहास गर्नुको साथै मानव अधिकार उल्लङ्घनको बर्बरतापूर्ण उदाहरण हो' ।

माछा मार्ने र डुङ्गा चलाउने कामलाई निकुञ्जले बोटेहरुको परम्परागत पेसाको रूपमा स्वीकार गरेको त छ तर पनि प्रर्याप्त कानुन र नीतिहरू नहुनु, मौजुदा कानुन र नीतिहरुलाई पनि कार्यन्वयन नगर्नु र बोटे आदिवासी भएको कारणले पनि उनिहरुले विभिन्न किसिमको समस्याहरू जस्तैः हेप्ने, दुःख र यातना दिने, विना कसुर पक्राउ र सजाय गर्ने, आदिको सामना गर्नु परिरहेको छ ।

**३.५ आदिवासी जनजाति** बो**टे समुदाय** (घटना नं. ५)

देवचुली नगरपालिका- १, केउरेनी, चितवन, नेपाल

*यस अध्ययनले देवचुली नगरपालिका- १, केउरेनीको जीवन निर्वाह खेतीपाती गर्ने बोटेहरुको चितवन राष्ट्रिय निकुञ्जको वन्यजन्तुहरुले बालीनाली सखाप पारेपछि देखिएको खाद्य सङ्कटको स्थिति बारे बताउदछ ।*

३.५.१ केउरेनीको बोटे समुदाय

पूर्व-पश्चिम राजमार्गसंग जोडिएको केउरेनी गाँउ र सहरसंग पनि जोडिएको छ । केउरेनीमा लगभग ६० घरपरिवार बोटेहरू बसोबास गरेर बसेका छन् । यो सङ्ख्या केउरेनीको कुल जनसङ्ख्याको झण्डै एक-तिहाइ हो । यहाँका केही बोटेहरुले पक्की घर बनाएका छन् भने अधिकांश बोटेहरुको घर माटो र

फुसको छानाले बनेको छ । केउरेनीको बोटेहरुको उत्पादन तथा आम्दानीको मुख्य स्रोत कृषि नै रहेको छ । यहाँका झण्डै ८० बोटेहरुको जीविकोपार्जन सीमान्तकृत जमिनमा आधारित जीवन निर्वाह कृषिमा रहेको छ । उनिहरू सीमान्तकृत कृषक वा कृषि श्रमिक हुन् । दैनिक ज्यालादारी र खुद्रा पसल उनिहरुको जीविकोपार्जन अन्य स्रोतहरू हुन् ।

कृषि प्रति देखा परेको वितृष्णा र पिडा केउरेनीको बोटेहरुको भावी जीविकोपार्जनको प्रश्न बनेको छ । आफ्नै खेतीको उब्जनीबाट यहाँको बोटेहरुलाई ३ देखि १२ महिनासम्म खान पुग्छ । धेरैजसो बोटे घरपरिवारहरुलाई भने आफ्नै खेतीको उब्जनीबाट केवल ६ महिना मात्र खान पुग्छ । केउरेनीको बोटेहरुले जलवायु परिवर्तनको असर र बढ्दो गाउँ छाडि बसाइँसर्ने काम भोग्दै आएका छन् । अर्कोतिर निकुञ्जको जनावरहरू आएर अन्नबाली सखाप पारिदिने कार्यले उनिहरुलाई गाह्रो बनाएको छ । निकुञ्जको जनावरहरू आएर अन्नबाली र सब्जीहरू सखाप पारि दिने कार्य उनिहरुको लागि एक गम्भीर समस्या बनेको छ ।

### ३.५.२ **वन्यजन्तुको बाली विनासका विरुद्ध केउरेनीको बोटेहरू**

वन्यजन्तुले गर्ने बाली विनास केउरेनीको बोटेहरुको एक गम्भीर समस्या बन्दै आएको छ । यसले एकल खाद्यबाली उब्जनीमा आश्रित केउरेनीको बोटेहरुको आर्थिक जीविकोपार्जन र खाद्यान्न सुरक्षामा गम्भीर नकारात्मक असर पारेको छ । केउरेनीको बोटेहरू भन्नु हुन्छ- 'जब, हामीले लगाएको अन्नबाली र सागसब्जी लहलहउदो हुन्छ वा काट्ने वा उठाउने बेला हुन्छ तब निकुञ्जको वन्यजन्तु आएर हाम्रो अन्नबाली र सागसब्जी सखाप बनाइ दिन्छ । निकुञ्जको नजिकको बालीनाली त अझ बढि क्षति हुने गरेको छ' । खासगरि कृषिमा जीवन निर्वाह गर्ने केउरेनीको बोटेहरुको सन्दर्भमा हेर्ने हो भने बाली विनासले खाद्य सुरक्षामा नकारात्मक असर पारेको देखिन्छ र खाद्य सुरक्षा नहुदा क्यालोरी प्राप्तिमा पर्न सक्ने असरको अनुमान गर्न सकिन्छ । तसर्थ, केउरेनीको बोटेहरुको

खाद्य सुरक्षालाई निकुञ्जको वन्यजन्तुले बाली विनास कार्यले ठूलो चुनौती दिइको छ र यो एक गम्भीर समस्या हो ।
केउरेनीको ४३ वर्षिय दुर्गा देवी थनेत भन्नु हुन्छ- 'मैले मेरो झण्डै आधा एकड जमिनमा मकै फलाएको थियो । निकुञ्जबाट जंगली सुंगुरको एक हुल आएर सबै सखाप पारि दियो । मैलै सबै आवश्यक कागजात तयार गरेर निकुञ्जको कार्यालय कसरमा क्षतिपूर्तिको लागि माग गरे । तर निकुञ्जले जंगली सुंगुरहरुले गरेको क्षतिको क्षतिपूर्ति पाइदैन भनि मलाइ क्षतिपूर्ति दिएनन्' ।

केउरेनीको मन माया बोटे थप्नु हुन्छ- 'निकुञ्जको जंगली जनवारहरू आएर हाम्रो बालीनाली सबै सखाप पार्छन्, बाली उठाउनै पाइदैन' । मन माया आफ्नै जमिन खनिखोर्सी आफ्नो परिवारको लागि खाद्यान्न र सागसब्जी उब्जाउने गर्नु हुन्छ । यो वहाँको जीविकोपार्जनको प्रमुख स्रोत पनि हो । मन मायाले भन्नु भयो- 'निकुञ्जको जंगली जनावरहरुले लगाएको अन्नबाली विनास गर्ने गरेकोले परिवारलाई तिन महिना सम्म खुवाउन समेत मुस्किल पर्दछ' ।

उनिहरुको भनाइमा जंगली जनावरको पहरा बसेर बालीनाली बचाउने काम प्रायः असंभव छ । चित्तल, साम्बर, निगाले र जंगली सुंगुरहरू हाम्रो बाली क्षति गर्ने प्रमुख जंगली जनावरहरू हुन् । निरन्तर बढ्दो बालीनालीको क्षति र क्षतिपूर्ति नपाउनुले हामी खाद्यान्नको लागि आफ्नो जमिनमा हैन बजारमा निर्भर हुनु परेको छ । यद्यपि, हामी पालो मिलाएर जंगली जनावरहरुबाट आफ्नो बाली बचाउन पहरा बस्ने गर्छौ । कुल बहादुर बोटे भन्नु हुन्छ- 'हामीले हाम्रो बालीमा जंगली जनावर भेटायौं भने पनि त्यसलाई धपाउन मात्र पाउछौं, पिट्न वा मार्न पाइदैन । जंगली जनावरलाई बाली लगाएको स्थानमा दौडन र घुमफिर गर्न छुट छ । यीनीहरुको पहरा गर्ने काम ज्यादै कठिन छ' ।

३.५.३ आफ्नो कल्याण र परम्परागत पेसा गर्न पाउने अधिकारको हनन

बोटेहरुको प्रकृतिमा आधारित जीवनयापनलाई चितवन राष्ट्रिय निकुञ्जले

प्रभावित तुल्याएको छ। उनिहरू संरक्षित क्षेत्र वा संरक्षणको मामिलामा कहिल्यै पनि सहभागी हुन पाएनन् । बरु संरक्षण कार्यबाट गम्भीर रूपले प्रभावित हुन पुगेका छन् । संरक्षण कार्यमा सहभागी नबनाउनु र उनिहरुको परम्परागत पेसालाई बेवास्ता गर्नु जस्ता कार्यले बोटेहरुलाई बहिष्करणमा पारिएको छ। बरु बोटेहरुको डुङ्गा चलाउने परम्परागत पेसालाई बदलिँदो परिस्थिति अनरूपको नभएको, अनुत्पादक र संरक्षण कानुनद्वारा निषेधित कार्यको रूपमा अन्यायपूर्ण ढङ्गले बेवास्ता गरिएको छ । यसैगरि अनावश्यक र झन्झटिलो सर्तहरू र निकुञ्जको उत्तेजित काम र व्यवहारहरुले बोटेहरुको डुङ्गा चलाउने परम्परागत पहिचानलाई खतरा पुगेको छ ।

जैविक विविधताको अधिवेशनले प्रस्तुत गरेको खाकामा परम्परागत पेसा जैविक विविधता लक्ष्य, २०२० को एक महत्वपूर्ण र सर्वसम्मत सूचक हो । यद्यपि, परम्परागत पेसा माथि सरकारी निकायको मानव अधिकार विरुद्धको कार्यले आदिवासी जनजातिलाई गम्भीर असर र अन्याय भएको छ ।

बोटेहरुको डुङ्गा चलाउने परम्परागत पेसा उनिहरुको दैनिकी र जीविकोपार्जनसंग जोडिएको छ। चितवन राष्ट्रिय निकुञ्जको वरिपरि बासोबास गर्ने बोटेहरुको जिन्दगी त्यहाँको प्राकृतिक स्रोत-साधन र पानीमा निर्भर रहेको छ। उनिहरुको पहिचान जंगल तथा जल पर्यावरणको विविधतासंग जोडिएको छ र यो कुरा उनिहरुको परम्परागत ज्ञान, विवेक र पर्यावरणीय ज्ञानले पनि पुष्टि गर्दछ । आज पनि बुढापाका बोटेहरू विगतको स्वतन्त्र र विना नियन्त्रणको जीवनलाई आदर्श जीवन बाँचेको भनि सम्झने गर्दछन् । उनिहरू नदि आसपासको जंगलमा बस्थे र जीवन गुजाराको आधार यहि दुई कुरा- नदि र जंगल हुने गर्दथ्यो ।

केउरेनीको बाबुराम माझी भन्नु हुन्छ- 'जब हामीले परम्परागत रूपमा सञ्चालन गर्दै आएको घाट चितवन राष्ट्रिय निकुञ्जले उसको सम्पत्ति भनेर हडप्यो,

हामीले परम्परागत रूपमा सञ्चालन गर्दै अएको डुङ्गा चलाउन पाएनौ र हामीलाई विभेदमा पारियो' । बाबुराम थप्नु हुन्छ- 'विस्तारै निकुञ्जले प्राकृतिक स्रोत-साधनमा नियन्त्रण गर्दै जानुले हाम्रो परम्परागत पेसा र जीवन बाँच्ने आधारहरुबाट हामीलाई विस्थापित गर्दै गएको छ' ।

निकुञ्जको विभिन्न सर्त र नियन्त्रणको कारण बोटेहरुको परम्परागत पेसा धरापमा परेको छ। केउरेनीमा मानव अधिकार हननको घटनाहरू न्यून भएको छैन। निकुञ्ज प्रशासनले बोटेहरुको डुङ्गा खोस्ने, बिगार्ने, बोटेहरुलाई समात्ने र यातना दिने काम रोकिएको छैन । 'निकुञ्ज प्रशासन वन्यजन्तु प्रति अनुग्रह राख्दछ र हाम्रो वन जंगल र माछा मार्ने र डुङ्गा चलाउने पेसाको पहुँच माथि नियन्त्रण गर्दछ। डुङ्गाबाट नदि तार्ने कार्य माथि प्रतिबन्ध लगाइएको छ। यस कार्यले बोटेहरुको जीवनमा पिडा थपेको छ', कुल बहादुर बोटे भन्नु हुन्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, १९७३ को संशोधनले माछा मार्ने र डुङ्गा चलाउने कार्यलाई वार्षिक रूपमा कर तिरेर अनुमतिपत्रको नविकरण गर्नु पर्ने सर्तमा अनुमति दियो । जो बोटेहरुले बेहोर्न नसक्ने भयो र यही स्थितिको कारण उनिहरू माछा मार्ने र डुङ्गा चलाउने परम्परागत पेसा त्याग्न बाध्य भएका छन् ।

## ४.० **निष्कर्ष तथा सुझाव**

### ३.१ **निष्कर्ष**

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र हो । तथापि, नेपालले विभिन्न नाममा संरक्षित क्षेत्रहरुको घोषणा र स्थापना गर्दा आदिवासी जनजातिलाई पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी विना परम्परागत भूमि तथा परम्परागत जीवनयापनको स्रोत-साधन भएको क्षेत्रहरू संरक्षित क्षेत्रको नाममा कब्जा गर्दै आदिवासी जनजातिलाई आफ्नो भूमिबाट जबरजस्ती विस्थापन गरिएको धेरै उदाहरण छन् ।

त्यस्ता भूमिहरुमा आदिवासी जनजातिहरुको प्राकृतिक र अन्योन्याश्रित सम्बन्ध जोडिएका हुन्छन्, जसलाई गैर आदिवासीले सम्झदैनन, बुझ्दैनन र बुझ्ने कोशिस पनि गर्दैनन । सरकारले घोषणा गर्दै स्थापना गरिएका संरक्षित क्षेत्र आदिवासी जनजातिहरुको जीवन र जीविकोपार्जनको आधार हो । यस दृष्टिकोणले आदिवासी जनजातिहरुको भूमि र अन्य प्राकृतिक स्रोत-साधनसंगको सम्बन्धलाई स्थापित गर्दछ र यसले संरक्षित क्षेत्र र आदिवासी जनजातिको सम्बन्धलाई परिस्कृत बनाउन सक्दछ । आदिवासी जनजातिहरू उनिहरुको परम्परागत जीवनयापन र पर्यावरणबीचको सम्बन्ध र पर्यावरणीय सुविधाको संरक्षणका बारेमा जानकार छन् (सिचोन २००७) ।

विगतका दशकहरुबाट नै अन्तराष्ट्रिय संरक्षण संस्थाहरुले आदिवासी जनजाति समुदायहरुको सन्दर्भमा संरक्षण कार्यहरुलाई निर्देशित गर्न विशेष संस्थागत नीतिहरू निर्माण गरेका छन् । विश्व संरक्षण युनियन  (आईयुसिएन) र विश्व वन्यजन्तु कोष (डब्ल्युडब्ल्युएफ) ले संरक्षित क्षेत्र र आदिवासी जनजातिसंग सम्बन्धित नीति र निर्देशिकाहरुलाई सन् १९९९ देखि अनुशरण गरेको छ । जैविक विविधता संरक्षण कार्यलाई प्रभावकारी बनाउन ती नीति र निर्देशिकाहरुले आदिवासी जनजातिहरुको परम्परागत स्रोत-साधनहरुको उपयोग, परम्परागत भूमि र परम्परागत नियन्त्रण प्रणालीलाई समेत समावेश गरेको छ । साथै जैविक विविधता संरक्षण कार्यलाई प्रभावकारी बनाउन आदिवासी जनजातिहरुको संरक्षित क्षेत्र व्यवस्थापनको परम्परागत ज्ञान र अभ्यासहरुलाई मूल्य दिने कार्य ती नीति तथा निर्देशिकाहरू मार्फत गरेको छ ।

यसै गरि अन्तराष्ट्रिय श्रम संगठनको १०७ औं र १६९ औं अधिवेशनले आदिवासी जनजातिहरुको अधिकारहरुलाई स्पष्ट गरेको छः
१) परम्परागत भूमिमाथिको सामूहिक स्वामित्वको अधिकार, र
२) परम्परागत भूमिको प्राकृतिक स्रोत-साधनहरुको व्यवस्थापनको अधिकार ।

उल्लेखित अधिकारहरुले असाधारण परिस्थिति बाहेक अन्य परिस्थितिहरुमा आदिवासी जनजातिहरुलाई आफ्नो परम्परागत भूमिबाट विस्थापन गर्न नपाइने र यदि विस्थापन गर्नु पर्ने परिस्थिति आएमा पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी लिएर क्षतिपूर्तिको समेत किटान गरि व्यवस्था हुनु पर्ने कुरालाई स्पष्ट गर्दछ । विगतको तुलनामा आदिवासी जनजातिहरुको अधिकारको पहिचान र आदिवासीहरुको विकासका लागि केही सुधारात्मक काम हुदै गएको भएता पनि विकासमा आदिवासीको पनि अधिकार छ भन्ने विषय स्थापित हुन सकेको छैन । उदाहरणका लागि आत्मनिर्णयको अधिकार, आफ्नो परम्परागत आदिवासी भू-स्वामित्व र नियन्त्रण गर्न पाउने अधिकार, आदिवासी ज्ञान, सीप, प्रविधि र अभ्यासको संरक्षण, प्रवर्धन र प्रसार गर्ने अवसरबाट यद्यपि बञ्चित रहेको छ ।

नेपालले संरक्षित क्षेत्र व्यवस्थापनमा अनुसरण गरेको पश्चिमी मोडलका कारण नेपालका आदिवासी जनजातिको अस्तित्व खतरामा परेको छ । वन जंगल र वन्यजन्तुहरुको संरक्षण पश्चिमी मोडलको मुख्य र एक लक्ष्य भएको हुदा बलपूर्वक स्थानान्तरण, सीमान्तिकरण, मानव अधिकार हनन र आदिवासी जीवन पद्धति तथा प्राकृतिक स्रोत-साधन माथि नियन्त्रण भएको छ । राज्य वा सरकार तथा संरक्षण नीति र कार्यक्रमले आदिवासी जनजातिहरुको मावन अधिकारलाई बेवास्ता तथा हनन गरेको छ । आदिवासी जनजातिहरुको भूमि अधिकारलाई नियोजित रूपले बेवास्ता गर्ने र उनिहरुलाई भू-स्वामित्व र भूमि अधिकारबाट बञ्चित गरेको छ । बलात् र हठात् स्थानान्तरण गर्ने कार्य व्यापक र निरन्तर रहेको छ । त्यस्ता कार्यहरुले गर्दा आदिवासी जनजातिहरुले विभिन्न कठिनाइहरू भोग्न परिरहेका छन् । एक सामाजिक परिवेशबाट अर्को सामाजिक परिवेशमा जीवन सञ्चालन, व्यवस्थापन र निर्वाह गर्न असहजता; संस्कृति र साँस्कृतिक विचलन, गरिवी र भूमिहीन अवस्थामा परिणत हुनु परेको छ ।

### ३.१ भावी कार्यदिशा

सरकार वा राष्ट्रिय निकुञ्जले आदिवासी जनजातिहरुको अधिकारलाई सम्मान गर्न वर्तमान संरक्षण सम्बन्धी ऐन, कानुन, नीति तथा कार्यक्रममा परिवर्तन गर्न पुनरलेखन गर्नु पर्ने । निकुञ्जले संरक्षण क्षेत्रको व्यवस्थापन गर्दा मानव अधिकारको विषयवस्तुलाई समायोजन गर्नु पर्ने । निकुञ्ज क्षेत्रमा वा निकुञ्जको वरिपरि बसोबास गर्ने स्थानीयवासी, आदिवासी जनजाति र महिलाहरुलाई संरक्षण कार्य तथा संरक्षण क्षेत्र व्यवस्थापनमा सहभागी गराउने र उनिहरुको अधिकार, जीविकोपार्जन र सामाजिक-सांस्कृतिक पक्षहरुलाई प्रकृति तथा जैविक विविधता संरक्षण प्रकृयाको अनिवार्य र संवेदनशील विषयवस्तुको रूपमा स्थापित गर्ने । संरक्षित क्षेत्र व्यवस्थापनमा आदिवासी जनजातिहरुको सहभागितालाई सुनिश्चित र प्रवर्धन गर्ने; र सुरक्षित गर्ने र उनिहरुको संवेदनशील विषयहरुलाई संवोधन गर्ने ।

सरकार वा राष्ट्रिय निकुञ्जले संरक्षित क्षेत्रको स्थापना र विस्तारको कारण प्रभावित आदिवासी वा घरपरिवारहरुलाई क्षतिपूर्ति सहितको न्यायिक व्यवस्थापनलाई शुनिश्चित गर्ने । संरक्षित क्षेत्रको संरक्षण र विकासमा आदिवासी जनजाति र महिलाहरुलाई साधन नठानी साध्यको रूपमा स्वीकार गर्ने, उनीहरुको आत्मसम्मानमा कुनै पनि प्रकारले आँच नपुऱ्याउने प्रतिबद्धता जाहेर गर्नु पर्ने, उनिहरुको अधिकार र प्राकृतिक स्रोत-साधन माथिको पहुँचलाई सुनिश्चित गर्नु पर्ने । संरक्षित क्षेत्रको स्थापना र विस्तार गर्दा आदिवासी जनजाति र आदिवासी महिलाहरुको अधिकार र स्रोत-साधन माथिको पहुँचलाई नियन्त्रण गर्न नपाउने ।

संरक्षित क्षेत्रको दिगो विकास र आदिवासी जनजातिहरुको अधिकारको संरक्षण गर्न आदिवासी जनजाति, आदिवासी जनजाति महिला र स्थानीय जनताहरुलाई एक साझेदारको रूपमा स्वीकार गर्ने । सरकार वा राष्ट्रिय निकुञ्जले परम्परागत संरक्षण मोडलमा परिवर्तन खोज्ने र आदिवासी जनजाति तथा महिलाहरुको

संरक्षित क्षेत्र व्यवस्थापन सम्बन्धी परम्परागत तथा आदिवासी ज्ञान, सीप, प्रविधि, अभ्यास र उनीहरुको मूल्य-मान्यतालाई पूर्णरूपमा सम्मान गर्दै त्यसको जगेर्ना गर्न, त्यसको उपभोग, सदुपयोग र बजारीकरणका लागि जोड दिनु पर्ने, उनिहरुको अधिकार र चासोका विषयहरुलाई समेत प्रवर्धन गर्ने गरि संरक्षित क्षेत्रको स्थापना र विकासमा जोड दिने ।

भाग - २

# वैयक्तिक अध्ययन प्रतिवेदन

उपत्यका सडक विस्तार आयोजनाको

# आदिवासी जनजाति नेवाः महिलाहरुको मानव अधिकार

उलङ्घनका घटनाहरू

## १.० परिचय तथा विधि

### १.१ परिचय

नेपालको राजधानी काठमाण्डौ विविधता, ऐतिहासिकता वास्तुकलाको महानगरी आधुनिकता र प्राचिन संस्कृति र परम्पराको संगम हो । यस काठमाण्डौ उपत्यका आदिवासी नेवाःहरुको परम्परागत भूमि हो । यस उपत्यकामा येन, येला र खोपा (क्रमशः काठमाण्डौ, ललितपुर र भक्तपुरमा) पर्दछन् र राष्ट्रिय जनगणना, २०११ अनुसार यहाँ नेवाहरुको कुल जनसङ्ख्या २५,१७,०२३ (२६.९२ प्रतिशत) रहेको छ। वि.सं. १९६९ मा गोर्खा राज्यको नियन्त्रणपूर्व काठमाण्डौ उपत्यकामा नेवाः वा तीनका पुर्खाहरू मात्र बसोबास गर्दथे । तसर्थ, आधुनिक नेपालको राज्यको निर्माण अघि नेवाःको इतिहास काठमाण्डौ उपत्यकाको इतिहाससंग जोडिन्छ। नेवाः समुदाय विभिन्न जातजाति र धर्म समुदायहरुमा बाँडिएर रहेका छन् । आजको नेवाः सभ्यता र नेवाः समुदाय आदिकालका तीनै विभिन्न जातजाति र धर्म समुदायहरुको सन्तानहरू हुन् । प्राचिनकालिन नेवाः व्यापरीहरुको कारण काठमाण्डौ उपत्यका देशको एक व्यापार तथा बाणिज्य केन्द्र बनेको छ।

वि.सं. २०४६ को प्रजातन्त्रको बहालीसंगै छिमेकी जिल्लाहरुबाट बसाईंसराइ गरेर आउने क्रममा तीब्रता आयो। तीब्र बसाइँसराइ र सहरीकरणले काठमाण्डौ उपत्यकामा अतिरिक्त संरचना विकास खास गरि चौडाबाटो र निकासको आवश्यकता महसुस हुन थाल्यो ।

देशको विकास र आर्थिक उन्नतिको लागि बाटो मेरुदण्ड हो । तथापि, काठमाण्डौ उपत्यका वरिपरि सडक विस्तार गर्दा ऐतिहासिक धरोहरहरू र ऐतिहासिक बस्तिहरू जगेर्नाको ख्यालै नराखि विकासको नाममा विनाश हुने गरि अव्यवस्थित र गैरकानुनी ढङ्गले सडक विस्तार गर्ने भवनहरू निर्माण गर्ने गराउने कार्यले काठमाण्डौ उपत्यकाका निवासीहरुलाई आफ्नो भूमिबाट विस्थापित गराउदै दिनानुदिन भूमिहीन अवस्था तर्फ धकेल्दै छ।

## १.२ वैयक्तिक अध्ययनको पृष्ठभूमी

सडक विस्तार आयोजनाले सबै भन्दा बढि असर आदिवासी नेवाः समुदायलाई पारेको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २००२ अनुसार नेवाः समुदाय आदिवासी जनजातिमा सूचिकृत समुदाय हो । आदिवासी नेवाः महिला नेवाः संकृतिको संरक्षक हुन् । नेवाः आदिवासी तथा परम्परागत भूमि आदिवासी नेवाः महिलाको जीवनजगतसंग जोडिएको छ, उनीहरुको जीविकोपार्जन र संकृतिको अभिन्न अङ्ग उनीहरुको भूमि हो। सडक विस्तार आयोजनाले आफ्नो जमिन र घरबाट बलात् र हठात् निकाले पछि आदिवासी नेवाः महिलाहरू भौतिक, मानसिक, सांस्कृतिक तथा आध्यात्मिक रूपमा पीडित भएका छन् । सडक विस्तार आयोजनाले उपत्यकावासी आदिवासी नेवाः महिलाहरुलाई विरोधमा उठ्न उक्साएको छ र नेवाः महिला सहितको नेवाः समुदायले उपत्यकाको विभिन्न स्थानहरुमा शान्तिपूर्ण विरोध गरेका छन्।

## १.३ सडक विस्तार आयोजना

सन् २०११ - २०१२ मा काठमाण्डौ उपत्यका विकास प्राधिकरण, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालयको संयोजनमा नेपाल सरकारले उपत्यकामा सडक विस्तार आयोजनाको घोषणा गरेको थियो । नेपाल सरकारले उपत्यका भित्र ९९६ कि.मी. सडक विस्तारको गर्ने अग्रसरता लिएको थियो जसमा निजी घरहरू भत्काएर, जमिन अतिक्रमण गरेर ३०० कि.मी. सडक विस्तार गरि सकेको छ । यस दौरानमा झण्डै १५,००० निजी घरहरू भत्काइएका छन् भने झण्डै १५,००० निजी घरहरू सडक विस्तारको क्रममा भत्काइदै छ । सन् २०१४/०१५ को घरधुरी सर्वेक्षण अनुसार सहरी क्षेत्रको औसत घरपरिवार सङ्ख्या ४.१ जना रहेको छ, जस अनुसार १,२३,००० मानिसहरू सडक विस्तार आयोजनाबाट प्रभावित हुने सहज आङ्कलन गर्न सकिन्छ। सडक विस्तार कहिले, कहाँ, कति हुने भन्ने बारे कुनै पनि माध्ययमबाट सूचना समेत दिएको पाइन्न ।

सडक विस्तार आयोजनाले बिष्णुमति र बागमति नदिको किनारमा २० मीटर चौडा सडक निर्माण गर्दै छ। योजनाले बल्खु नदिको दुवै किनारमा १० मीटर चौडा भएको ९८५ मीटर लामो बाटो निर्माण गर्ने योजना राखेको छ।

यो सडक विस्तार आयोजना वि.सं. २०३४ को पञ्चायतकालिन राजपत्रमा प्रकाशित सूचना, वि.सं. २०६४ को निर्माणको आधार, निजी जग्गालाई शहरी भूभागमा परिणत गर्ने भूमि व्यवस्थापन तरिका (गाईडेड ल्याण्ड डेभलपमेण्ट, जीएलडि) र गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा आधारित छ।

यस आयोजनामा क्षतिपूर्ति एक गम्भीर विषय बनेको छ। भत्काइएको घरको क्षतिपूर्ति अत्यन्तै न्यून र अपर्याप्त छ। पूर्वसुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी, क्षतिपूर्ति र स्थानीयहरुसंगको परामार्श विना नै यस आयोजनाको थालनी भएको थियो। स्थानीयहरुको अस्तित्व, पहिचान र उनिहरुको आधारभूत मानव अधिकार माथि खतरा हुने भएको हुदा प्रभावित समुदायहरुले विरोधका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका थिए। आदिवासीहरुको विचारमा यो आयोजना विकास योजना भन्दा पनि भूमि माथिको अतिक्रमण, विध्वंस र विस्थापनका लागि हो।

सम्पत्ति, संस्कृति, सम्पदा, परामर्श, आवास, सहभागिता तथा क्षतिपूर्ति आदिको अधिकार दाबी गरि पटक पटक सर्वोच्च अदालतमा जनचासोका मुद्धाहरू दर्ता गरिएको छ।

### १.४ आयोजनाबाट प्रभावित स्थानहरू

काठमाण्डौ उपत्यकाको पुरानो क्षेत्रहरुका साथै सहरको केन्द्रीय भूभाग, मूख्य नेवाः सहरहरू र पुरानो सडकसंग जोडिएका क्षेत्रहरू सडक विस्तार आयोजनाबाट बढि प्रभावित स्थानहरू हुन् जहाँ उनिहरुको पुस्तेनी, सघन र निरन्तर बासोबास बस्दै आएको छ। आयोजनाबाट टोखा र कालीमाटीमा

९० प्रतिशत घरधूरीलाई प्रभावित बनाएका छन् । त्यसै गरि बालाजुमा ९८ प्रतिशत र हरिसिद्धिमा शत प्रतिशत नेवाहरू आयोजनाबाट प्रभावित भएका छन् । उपत्यकामा सडक विस्तार आयोजना अन्तर्गत विस्तार गरिएका सडकको (जहाँ प्रशस्त निजी आवासहरू भत्काइएको छ) विवरण तपसिल बमोजिम रहेका छन्ः

| क्र.स. | सडक विस्तार क्षेत्र | विस्तारित सडकको लम्बाई |
|---|---|---|
| १. | चाबहिल-बौद्ध | २.७ कि.मी. |
| २. | सिनामंगल-डिल्लिबजार-रत्नपार्क | ४.४ कि.मी. |
| ३. | चारखालचोक-ज्ञानेश्वर-महाराजगञ्ज | ३.६ कि.मी. |
| ४. | लाजिम्पाट-महाराजगञ्ज | २.२ कि.मी. |
| ५. | माइतिघर मण्डला-तिनकुने | ३.६ कि.मी. |
| ६. | सुर्यविनायक-बनेपा | ११.९ कि.मी. |
| ७. | लगनखेल-सातदोबाटो | १.८ कि.मी. |
| ८. | कमलपोखरी (कृष्ण पाउरोटी)-ज्ञानेश्वर-रातोपुल-गौशाला | २.५ कि.मी. |
| ९. | बलाजु-बाईसधारा | २.० कि.मी. |

उदाहरणको लागि बलाजु-बाईपासको २.० कि.मी. विस्तार गरिएको सडकलाई लिने हो भने कुल ४२ आदिवासी नेवाको घरहरू भत्काइएको छ र ४२ घरपरिवार आदिवासी जनजातिहरू बेघर तथा कमजोर बनेका छन् । यसै गरि अन्य सडक विस्तार भएको स्थानहरुमा कति आदिवासी जनजाति घरपरिवारहरू घरबार विहीन तथा कमजोर बनाएको पाइछ । यसरी माथि उल्लेख गरिको सडकहरुको साथै काठमाण्डौ उपत्यकको अन्य भित्री सडकहरू विस्तार गर्दा कयौं घरहरू भत्काइएका छन् ।

सडक विस्तार योजनामा परेको तर सर्वोच्च अदालतले घरहरू नभत्काउन

दिएको आदेशका कारण विस्तार हुन बाँकी रहेको सडकहरू देहाय बमोजिम छन् :

| **क्र.सं.** | **सडक विस्तार हुने क्षेत्र** | **विस्तार हुने सडकको लम्बाई** |
|---|---|---|
| १. | सामाखुशी-टोखा-झोर | ११.० कि.मी. |
| २. | गल्कोपाखा-गोंगबुचोक | ३.० कि.मी. |
| ३. | टेकु-सोल्टिमोड | २.३ कि.मी. |
| ४. | कलंकी-नागढुa\गा | ९.० कि.मी. |
| ५. | जोरपाटी-सुन्दरीजल | १९.६ कि.मी. |
| ६. | चोभार-दक्षिणकाली | १३.० कि.मी. |
| ७. | लगनखेल-सातदोबाटो | १.५ कि.मी. |
| ८. | सातदोबाटा-हरिसिद्धि-गोदावारी | ८.७ कि.मी. |
| ९. | सितापाईला-रामकोट-भिमढुa\गा | ४.५ कि.मी. |
| १०. | कोटेश्वर (पेप्सिकोला)-सल्लाघारी (तिनकुने भक्तपुर) | १०.० कि.मी. |

### १.५ मुख्य विधिहरू

यस वैयक्तिक अध्ययनमा दुवै सङ्ख्यात्मक तथा गुणात्मक प्रकृतिका प्राथामिक र द्वितिय सूचनाहरू प्रयोग गरिएको छ । प्राथामिक सूचनाहरू काठमाण्डौ उपत्यकामा छनौट गरिएको स्थानहरुमा लक्षित समूह छलफल, अन्तरवार्ता र अवलोकन गरि सङ्कलन गरिएको छ भने द्वितिय सूचनाहरू प्रकाशित पुस्तक, प्रतिवेदन, लेख रचना र अप्रकाशित स्रोतहरुबाट लिइएको छ । यस अध्ययनका लागि पाँच स्थानहरूः सामाखुशी-टोखा, बालाजु-बाईपास, थानकोट, कलंकी र हरिसिद्धि छनौट गरिएको थियो । सूचना सङ्कलन गर्न संरचित प्रश्नावलीको प्रयोग गरिएको थियो ।

सङ्ख्यात्मक सूचनाहरू विश्लेषण गर्न एक्सेलको प्रयोग गरिएको छ भने

गुणात्मक सूचनाहरुलाई अध्ययन टोलीका सदस्यहरुसंग छलफल गरि विश्लेषण गरिएको छ ।

**२.० आयोजना र आदिवासी जनजाति नेवाः महिला**

परम्परागत तथा आदिवासी भूमि तथा पैतृक थातथलोसंग आदिवासी जनजाति महिलाहरुको गहिरो भावानात्मक सम्बन्ध रहेको छ । महिलाहरुको घर भन्नु मुटु हो । घर वासस्थान मात्र नभइ महिलाको अभिमान र स्वाभिमान पनि हो जसले उनिहरुलाई समाजमा जीउन अभिप्रेरित गर्दछ ।

राज्यद्वारा प्रायोजित सडक विस्तारबाट नेवाः महिलाहरू पीडित छन् । यो कार्य न्याय संगत छैन र बेइमानीपूर्ण छ । पीडितहरू पैतृक थाँतथलोबाट बलजफ्ती निकाला गरिएको छ र भाडामा बस्न बाध्य तुल्याइएको छ । सडक विस्तारका कारण भूमिका मालिक महिलाहरू आज भाडामा बस्न बाध्य भएका छन् । उनिहरू आर्थिक रूपमा विस्थापित भएका छन् र उनिहरुको आर्थिक विघट्न भएको छ । उनिहरू ऋणको मारमा परेका छन् । महिलाहरुले व्यापार र आम्दानीको स्रोतहरू गुमाएका छन् । सडक विस्तारले घरहरू भत्काए पछि आम्दानीको स्रोतको रूपमा रहेका घरभाडा र घरमा सञ्चालन गरेका पसल तथा व्यापार गुमेको छ ।

आम्दानीको स्रोतहरू गुमेपछि कतिले घर निर्माणको लागि लिएको ऋण तिर्न सकेका छैनन् र घर निमार्णको लागि लिएको ऋण तिरि नसक्दै घरहरू भत्काइएको छ । वर्षौं लगाएर निर्माण गरेको घर आयोजनाले भत्काइदिएको छ । प्राप्त भएको क्षतिपूर्ति न त जग्गा खरिद गर्न काफि छ न त अर्को घर निर्माण गर्न । केही वृद्धा महिला त वृद्धा आश्रममा आश्रित हुन बाध्य भएका छन् । केही भत्काइएको घरहरू शताब्दियौं अघि निर्माण भएको र अनुपम कलाकौशलताले भरिभराउ थियो । महिलाहरुले घरसंग जोडिएको पुस्तैनी पहिचान गुमाएका छन् ।

दैनिक हुने बुल्डोजरको आताङ्क र घर भत्काइदिने कार्यले महिलाहरू मानसिक रूपमा विक्षिप्त बनेका छन् र डिप्रेसनको सिकार भएका छन् । सङ्केत गरिएको स्थानहरुमा विना सूचना, बिदा र चाडपर्वको समयमा पनि बुल्डोजर आउला र घरहरू भत्काउलान भन्ने डरले सबैजना त्रसित छन् । भौतिक क्षति मात्र हैन यस कार्यले महिलाहरुको प्रजनन क्षमतामा ह्रास आएको छ । यो महिलाहरुको मानसिक अवस्था र प्रजनन सक्षमतासंग जोडिएको विषय हो । मानसिक तनावका कारण विवाहित महिलाको गर्भधारण अवस्थामा असहजता र कठिनाइ सिर्जना भएको छ । यस प्रकारका परिस्थिति सिर्जना हुनुले महिलाहरू आमा बन्न सहज नरहेको परिस्थिति बनेका छन् । यसका असरले नेवाः को जनसङ्ख्या खट्दै गएको तथ्याङ्काले देखाएको छ । यस प्रकारको नतिजा आउनु यस समुदायको लागि सङ्कटको विषय बन्न गएको छ । यसर्थ, महिला अधिकार नेपालको संविधानमा केवल लिखित दस्तावेज मात्र बनेको छ ।

काठमाण्डौको आदिवासी जनजाति नेवाः महिलाहरू सोझा छन् र उनिहरू प्रायः घर भित्र नै रमाउछन् । जब, उनिहरुको घर भत्काइयो (आमा र संरक्षकको भूमिकाको अन्त्य गरियो) तब, उनिहरू घर भत्काउनेको विरुद्धमा उभिएका छन् । यसरि नेवाः महिला विद्रोहीको रूपमा उभिनु समाज तथा राज्य दुवैका लागि एक चुनौती बनेको छ । आमाको प्रतिरोध सबैको लागि गाह्रो हुन सक्दछ । सडक विस्तारले नेवाः महिलाहरुमा विभिन्न नकारात्मक असर परेको छ । पहिचान, जातियता, संस्कृतिको आधारमा गरिएको विभेदको वास्तविकता नेवाः महिलाहरुमा सजिलै देख्न सकिन्छ । उनिहरुले भोगेको पिडा क्षम्य छैन ।

काठमाण्डौको घट्दो नेवाः जनसङ्ख्या यस प्रकार छन् :

| जन गणना वर्ष | प्रतिशत | कुल जनसङ्ख्या | कैफियत |
|---|---|---|---|
| १९९१ | ५.६ | १०,४१,०९० | |
| २०११ | ३.५ | ८,४६,५५७ | घट्दो |

आयोजनाले भत्काउने सूचीमा राखिएको बस्ति तथा घरहरू नभत्काउन मुद्धा जितेको भए पनि नेवाः महिलाले घरको निर्माण सम्पन्नको प्रमाणपत्र सम्बन्धित निकायबाट पाउन सकेको छैन। जसका कारण उनिहरुले घर धितोमा राखी बैंकहरुबाट ऋण लिन कठिनाइ भेलिरहेका छन् । बैंकहरुले उनिहरुको नानीहरुको शिक्षा तथा स्वास्थ्य उपचारका लागि राखेको प्रस्ताव स्वीकार गर्दैनन् । घर भत्काउने सूचीमा परेको कारण उनिहरुले आफ्नो घर बेचबिखन समेत गर्न सकेका छैनन् ।

## ३.० वैयक्तिक अध्ययनको प्रस्तुति

### ३.१ घर भत्काए पछि आफ्नै घरजग्गा भएको महिला भाडामा बस्न बाध्य (घटना नं. १)

काठमाण्डौ महानगरपालिका- १६, बालाजुको ६५ वर्षिय शारदा देवी श्रेष्ठ लेखपढ भएको (उच्च शिक्षा भने प्राप्त नगरेको) एक गृहिणी हुनु हुन्छ । वहाँको परिवारमा आठ जना सदस्यहरू हुनु हुन्छ। विगत ६ वर्ष देखि वहाँ भाडाको घरमा बस्दै आउनु भएको छ। बालाजुमा वहाँको साढे तिन तल्लाको घर थियो जो सडक विस्तार आयोजनाले भत्काइ दिएको छ।

शारदाको घर रहदा सम्म घरभाडाबाट मासिक ने.रु. ३५,०००। आम्दानी हुने गर्दथ्यो । छोरालाई घरमा राखेर पसल सञ्चालन गर्नु हुन्थ्यो । छोराको मृत्यु पछि निजको नातीले पसल सञ्चालन गर्दथ्यो । शारदा र वहाँको परिवारको आम्दानीको स्रोत त्यहि घर भाडा र घरमा सञ्चालित पसल थियो। आयोजनाले निजको घर दुई पटक गरेर भत्काइ दियो। पहिलो पटक ४१८ वर्ग फिट बराबरको घरको क्षेत्रफल भत्काइएको थियो र क्षतिपूर्ति बापत ने.रु. ३,२२,०००। पाउनु भएको थियो जो बाँकी रहेको घरको मर्मतको लागि पनि पुग्ने थिएन र निजको छोराले घर मर्मत र पसल सञ्चालनको लागि ऋण लिन बाध्य हुनु परेको थियो । घर मर्मतको लगत्तै केही समय पछि पुनः सडक विस्तारको नाममा दोश्रो पटक घर भत्काइयो । शारदाको छोराले भक्कानिदै

सम्भिदै भन्नु भयो- ?‘आर्मी सहितको बुल्डोजरले घर पछाडिबाट भत्काउन शुरु गरि सकेको थियो तर आमा भने घर छोड्न तयार हुनुहुन्न थियो । आमाको लागि घर, घर मात्र थिएन वहाँको आम्दानीको स्रोत र स्वाभिमान पनि थियो । त्यसको कुनै विकल्प वा व्यवस्था विना नै घर छोड्नु भयो । त्यो घर भत्काइनु, जवरजस्ति घरबाट निकालिनु र आर्थिक क्षति हुनु वहाँ र वहाँको लागि कठिन समय थियो । हाल वहाँ सानो अत्यन्तै साँघुरो कोठा जहाँ फर्निचर तथा अन्य सामाग्री यततत्र राखि बहालमा बस्नु हुन्छ तर आमा आफ्नै घरमा बस्ने प्रतिक्षामा हुनुहुन्छ ।’

६७ वर्षिय शारदाको श्रीमान भिम देव श्रेष्ठले रुदै भन्नु भयो वहाँको सासुआमा (भिम देवको आमा सानुमैया श्रेष्ठले, जो मार्च २०२१ मा वित्नु भयो) आफ्नो घरमा फर्कन पाउने आशा मारिसक्नु भएको थियो । भिम देव आफ्नो आमाको लागि पुनः घर निर्माण गर्न नसकेकोमा पश्चाताप गर्नु हुन्छ । वहाँ कयौं पटक आफ्नो घरको बचाउको दौरानमा पक्राउ पर्नु भएको छ । वहाँको स्वास्थ्य अवस्था साह्रै दयनिय र दैनिक जीवनयापन गर्न वित्तिय सहयोगको खोजीमा हुनुहुन्छ ।

अन्तर्वार्ताको दौरानमा शारदाले आँखा भरि आँशु लिएर कसरी जबरजस्ती घरबाट निकालिनु पर्‍यो, घरका सबै पुरुषहरू पक्राउ परेको र बुल्डोजरले कसरी घर भत्काइएको थियो बर्बरतापूर्ण घटना बताउनु भयो । अघिल्लो साल मात्रै विरोध कार्यक्रममा वहाँको श्रीमान पक्राउ पर्नु भएको थियो र वहाँलाई हप्तादिन थुनामा राखियो । शारदा मानसिक रूपमा विक्षिप्त हुनुहुन्छ र विगतको कुनै पनि कुरा सम्भना चाहानु हुन्न ।

**३.२ एक वृद्धा महिला वृद्धा आश्रममा आश्रय लिन बाध्य (घटना नं.** २)

काठमाण्डौ, कमलपोखरी निवासी ७८ वर्षिया गंगादेवी राजबाहकको परिवारमा पाँच छोरी, दुई छोरा र एक्काईस जना नातिनातिनाहरू छन् । सडक विस्तार

आयोजनाले वहाँको घर भत्काइदिएको छ। हाल वहाँ भद्रा घले वृद्धा आश्रममा आश्रय लिन बाध्य भएका छन भने बाँकी परिवारका सदस्यहरू भाडाको घरमा बस्दै आउनु भएको छ।

क्षतिपूर्ति स्वरूप प्राप्त भएको ने.रु. २५,०००। ले त्यस परिवारलाई भाडाको घर खोज्न र घरको सामाग्री ओसार्न मात्र पुगेको थियो । वहाँहरुको बस्ने स्थानको अन्य कुनै विकल्प छैन। वहाँहरू चरम आर्थिक अभावमा परेको छ। वहाँको एक मात्र आम्दानीको स्रोत घरमा राखिएको पसल र घर भाडा थियो। अकस्मात घर भत्काइदिएपछि वहाँको छोराले स्थानीयहरुसंग घर भाडामा लिन खोजी दिन सहयोग माग्नु भएको थियो । त्यसै क्रममा वृद्धा आश्रमबारे जानकारी पाएर आश्रममा आश्रय लिन जानु भएको थियो।

गंगादेवी आफ्नो पुरानो घर सम्झिएर कहिले रुने र कहिले हाँस्ने गर्नु हुन्छ। वहाँ नातिनातिनाहरुसंग कथा सुनाएको र आफ्नो अनुभवहरू बताएको अनि बुहारीले तातो खाना ल्याइदिएको स्मरण गर्नु हुन्छ। हामीसंग खाना खानको लागि समेत पैसा छैन। 'के हाम्रो देशमा सरकार छ ?' वहाँले हामीलाई सोध्नु भएको थियो।

आफ्नो राज्यको वृद्ध नागरिकहरू प्रति सरकार नैतिक रूपमा जवाफदेही हुन्छ। त्यसो भने वृद्ध नागरिक, खास गरि वृद्धा महिलाहरुले को बाट के अपेक्षा गर्ने ? के वृद्ध-वृद्धाहरुको सरल जीवनयापन गर्ने अधिकार र चाहाना विकासको नाममा गुमाउनु पर्ने हो?

### ३.३ न्याय पर्खिएकी एक वृद्धा महिलाको अन्त्य (घटना नं. ३)

एकल वृद्धा महिला विष्णुदेवी मानन्धर काठमाण्डौ महानगरपालिका-१६, बालाजु-वाईपास निवासी हुनुहुन्थ्यो । वहाँले तारकेश्वर नगरपालिका

जितपुरफेदिको जेठाजुको सहयोगमा बालाजुमा एउटा घर बनाउनु भएको थियो । वहाँ आफ्नो बाह्रजना परिवारका सदस्यहरू संगै उक्त घरमा बस्दै आउनु भएको थियो । वहाँको घर सडक विस्तार आयोजनाले भत्काइदियो र न्यायको लागि गरिएको बालाजुको पहिलो भोक हड्तालमा वहाँको देहान्त भयो ।

विष्णुदेवी एकल महिला भएको कारण उक्त घर बनाउदा वहाँले आर्थिक, भावनात्मक र मानसिक दृष्टिकोणले धेरै सङ्घर्ष गर्नु परेको थियो । कडा मेहनतका साथ बनाएको घर भत्काइदियो । घर भत्काइएको कारण वहाँ भौतिक तथा मानसिक रूपले विक्षिप्त हुनु भएको थियो । वहाँ पाको उमेरको भैसकेको थियो र हिंडडुल गर्न पनि कठिन भैसकेको थिया । जब शुभेच्छुकहरू वहाँलाई भेट्न आउनु हुन्थ्यो तब वहाँ आफ्नो घरको अवस्था, न्यायालयको फैसलाको प्रगति, जिर्णोद्वारको बारे सोधी खोजी गरिरहनु हुन्थ्यो ।

वहाँको छोरा श्यामकृष्ण मानन्धर न्याय र पुनर्वासको लागि निरन्तर सङ्घर्षरत हुनुहुन्छ । विष्णुदेवीको घर भएको स्थानमा अहिले ट्याक्सी पार्किङ क्षेत्र बनेको छ र उक्त क्षेत्र सडक विस्तारको लागि उपयोग भएको छैन । यो केवल आदिवासी जनजातिलाई बेघर बनाउने अन्यायपूर्ण कार्य मात्र भएको छ ।

छोरा श्यामकृष्ण मानन्धर निरन्तर सङ्घर्षरत हुनुहुन्छ र मृतक आमा र उनको परिवारको न्यायको लागि निरन्तर प्रयास गरि रहनुभएको छ । श्यामकृष्ण भन्नुहुन्छ- 'म संग घर स्वामित्वको वैध कागजात छ र यो मैले पूर्व शहरी विकास राज्यमन्त्री रामवीर मानन्धर, बडाको अध्यक्ष भएको बेला प्राप्त गरेको हुँ ।'

### **३.४ आयोजनाले साहसी महिलाको अठोट डगमागाइ दियो (घटना नं.** ४)

काठमाण्डौ शङ्करापुर नगरपालिका, थली निवासी ५३ वर्षिय सुशिला महर्जनले

दिन भरि चिया बेचेर, रातभर ऊनको काम गरेर र नानीहरुको खाजा खर्च बचाएर बुढेस कालमा आफ्नो घर बनाउनु भएको थियो । साढे चार तलाको वहाँको घर भएको १९ वर्ष भैसकेको छ । सडक विस्तार आयोजना विना सूचना उक्त घर भत्काउन आएको थियो तर वहाँले आयोजनाको अधिकृतहरुलाई चुनौती दिदै भन्नु भयो- 'सावधान घर भत्काउन कामदारहरू नपठाउनु । घर भत्काउन आए भने मट्टितेल खन्याइ सबै मेसिन जलाइ दिनेछु ।' हाललाई वहाँको घर सुरक्षित छ । यद्यपि, घर भत्काइदिन्छ भन्ने डरले सताइरहेको छ । किनभने वहाँको घर सडक विस्तार गर्न भत्काउन पर्ने भनि चिन्ह लगाइएको छ र सडक विस्तार गर्न भत्काउन पर्छ भन्ने खबर आइरहेको छ । भत्काउन पर्ने घर भनि चिन्ह लगाइए पछि वहाँले पसलको लागि घर भाडामा दिन सक्नु भएको छैन र यस्तो घर पसलको लागि भाडामा लिन मानिसहरू पनि इच्छुक छैनन् । त्यस कारण परिवारलाई पाल्न वहाँले भाडा स्वरूप प्राप्त हुदै आएको आम्दानी गर्न सक्नु भएको पनि छैन ।

सुशिलाको पाँच जनाको परिवारमा वहाँ लगायत श्रीमान, दुई छोरा र एक बुहारी छन् । बुल्डोजर घर भत्काउन आउदा वहाँलाई प्रहरीले समातेर लगेको थियो र एक दिन हिरासतमा समेत राखेको थियो । प्रहरी आउदा वहाँको श्रीमान डराउनु भएको थियो र घरमा लुक्नु भएको थियो । यस्तो अवस्थाले सुशिलामा भय उत्पन्न भएको थियो र मानसिक आघात परेको थियो । राती सुत्न नसकेपछि डाक्टरको सल्लाह बमोजिम हाल मानसिक आघातको उपचारको लागि नियमित औषधि सेवन गरिरहनु भएको छ । मन तथा मस्तिष्कलाई राहत पुगोस् भनि छोराहरुले वहाँलाई नेवाःहरुको सांस्कृतिक कार्यक्रममा लैजाने गर्दछन् । हरेक दिन घर भत्किदैछ भन्ने चिन्ताको कारण वहाँको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव परेको छ ।

सर्वोच्च अदालतले क्षतिपूर्ति दिन आदेश गरे पनि सम्बन्धित आयोजना र स्थानीय सरकारले क्षतिपूर्ति उपलब्ध गराएका छैनन् । क्षतिपूर्तिकोबारे मेयरलाई

सोध्दा सर्वोच्च अदालतसंग नै माग्ने भन्ने जवाफ मेयरको हुन्छ। यदि शारदाले घर गुमाउनु नै पर्नेभो र क्षतिपूर्ति पाउने नै हुनुभो भने पनि उक्त क्षतिपूर्तिले वहाँ कहिल्यै पनि सन्तुष्ट हुनु हुने छैन किनभने वहाँले घर प्रति चुकाएको मूल्य क्षतिपूर्तिले पुनःस्थपित गर्न सक्ने छैन ।

## ४.० आयोजनाले काठमाण्डौ उपत्यकाको सांस्कृतिक, ऐतिहासिक तथा आध्यात्मिक क्षेत्रमा पारेको प्रभाव

नेपाल अति सुन्दर र वैभवशाली एक पर्यटकिय देश हो। काठमाण्डौको हजारौं वर्ष पुराना असङ्ख्य ऐतिहासिक, परम्परागत तथा सांस्कृतिक मठ-मन्दिर, बौद्धगुम्बा, वास्तुकलाहरुले संसार भरका पर्यटकहरुलाई आकार्षण गरि रहेको पाउछौं । सडक विस्तार आयोजनाले यस्ता विगत देखि बचाएर राखिएको नेवाः महिलाहरुको बहुमूल्य तथा दुर्लभ धरोहर, परम्परागत मूल्य-मान्यतालाई जोखिममा पुऱ्याएको छ । यहाँको केही ऐतिहासिक रितिरिवाज वा प्रथा जो विशेष मन्दिरसंग मात्र सम्बन्धित छन् । आयोजनाले पर्यटकहरू आएर हेर्ने महत्वपूर्ण संस्कृति र सांस्कृतिक धरोहरको ऐतिहासिकतामा खलल पुऱ्याएको छ । आदिवासी आयोजनाले प्रभाव पारेको आदिवासी जनजातिहरुको सास्कृतिक महत्वको स्थलहरु निम्न छन् :

| **क्र.सं.** | **सांस्कृतिक महत्वको स्थल** | **अवस्थिति** | **सांस्कृतिक महत्व** |
|---|---|---|---|
| १. | नरायण पोखरी | टोखा (टोखा नगरपालिका) | हरेक वर्षको बैशाख ३ गते नेवाःहरुले जात्रा मनाउने गर्दछन् । भगवान चण्डेश्वरी माई, सपनातीर्थ माई, सरस्वती र गणेशको पूजा गर्दछन् । सामूहिक पहिचान र सामाजिक एकीकरणको प्रतिक । |

| | | | |
|---|---|---|---|
| २. | बुधवा मन्दिर | बाडेगाँउ (गोदाबारी नगरपालिका) | बुधवाको अर्थ बुधबार वा बुद्धको दिन हो । यो मन्दिर १७०० वर्ष पुरानो मन्दिर । नेवाः हरू वर्षमा सबैभन्दा लामो श्रावण महिना गुलन पर्वको रूपमा महिना भरि पूजा गर्दछन् र पाँचदानको दिन अनिवार्य मन्दिरमा जाने गर्दछन् । |
| ३. | भैरव मन्दिर | बाडेगाँउ (गोदाबारी नगरपालिका) | नेवाः हरुले हरेक वर्ष इन्द्रजात्राको दिन भैरवजात्रा मनाउने गर्दछन् । |
| ४. | सत्तल | बाडेगाँउ (गोदाबारी नगरपालिका) | नेवाः हरुले हरेक वर्ष भगवान बुद्धको बारेमा धार्मिक गीत गाउने वा भजन किर्तन गर्ने गर्दछन् । |
| ५. | कृष्ण मन्दिर | बाडेगाँउ (पुरानो बसपार्क) | हरेक दिन नेवाः हरु मन्दिरमा पूजा गर्दछन् र डालीमा भगवानको मूर्ति राखी सहर परिक्रमा गर्दछन् । |
| ६. | कुमारी मन्दिर | चन्द्रागिरी (चन्द्रागिरी नगरपालिका) | नेवाः हरुसंग यस मन्दिरको ऐतिहासिक तथा सांस्कृतिक महत्व छ । उनिहरुको जन्म देखि मृत्यु सम्मको सबै रितिरिवाज यसै मन्दिरमा सम्पन्न गर्ने गर्दछन् । |
| ७. | सरस्वति मन्दिर | चन्द्रागिरी (चन्द्रागिरी नगरपालिका) | नेवाः हरु यस मन्दिरमा सरस्वतीलाई विद्याको देवीको रूपमा पूजा गर्ने गर्दछन् । |
| ८. | गुप्ति गणेश | गोकर्ण (गोकर्ण नगरपालिका) | यस आध्यात्मिक स्थलमा नेवाः हरू वर्षको दुई पटक (अप्रिल २५ र मे ३१ को दिन) जात्रा गर्ने गर्दछन् । |

## ५.० आयोजनाले हनन गरेको आदिवासी जनजातिहरुको अधिकार

आदिवासी जनजातिहरुको आत्मनिर्णयको अधिकार

संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणाको धारा- ३ मा आदिवासी जनजातिहरुको आत्मनिर्णयको अधिकारको व्यवस्था गरिएको छ । यसको अर्थ उनिहरुले आफ्नो राजनीतिक अवस्था र आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा आत्मनिर्णयको अधिकार ।

धारा- ४ मा आत्मनिर्णयको अधिकार उपयोग गर्दा उनिहरुको आन्तरिक तथा स्थानीय विषयवस्तुहरुमा स्वतन्त्रता र स्वसाशनको अधिकार र यस सम्बन्धी क्रियाकलाप गर्न वित्तिय व्यवस्थापनको अधिकार रहेको उल्लेख गरिएको छ ।

यसै गरि धारा- ५ मा आदिवासी जनजातिहरुले चाहेमा राज्यको राजनीति, आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा उनिहरुलाई उनिहरुको भिन्न रहेको राजनीतिक, कानुनी, आर्थिक, सामाजिक तथा सांस्कृतिक संस्थाहरुको संवर्धन तथा प्रवर्धन गर्ने अधिकार उल्लेख गरिएको छ ।

### पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी

पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणामा उल्लेख गरिएको आदिवासी जनजातिहरुको एक विशेष अधिकार हो । यस अधिकारले आदिवासी जनजातिहरुलाई असर पार्ने कुनै पनि कार्य वा आयोजना गर्दा वा उनिहरुको परम्परागत भूमिमा कुनै पनि कार्य वा आयोजना गर्दा पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी लिनु पर्ने र कार्य वा आयोजना सञ्चालनको कुनै पनि अवस्थामा मञ्जुरी फिर्ता लिन सक्ने अधिकार र कार्य वा आयोजनाको तयारी, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा उनिहरुको सहभागितालाई प्रेरित गर्नु पर्ने उल्लेख गरिएको छ । यो आत्मनिर्णयको अधिकारसंग सम्मिलित अधिकार हो ।

पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरीको अधिकार आदिवासी

जनजातिहरुको लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने औजार हो । यस अधिकारले आदिवासी जनजातिहरुलाई परियोजनाले के कस्तो असर पुऱ्याउन सक्छ भन्नेबारे सम्पूर्ण जानकारी दिन्छ । आफ्नो भूमि र परम्परागत भूमिमाथिको स्वामित्व, नियन्त्रण र व्यवस्थापन, उनिहरुको सांस्कृतिक पहिचानको सम्मान र आत्मनिर्णय सहित विकासको अधिकारलाई सुनिश्चित गर्दछ ।

संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणाको धारा- १० मा आदिवासी जनजातिहरू आफ्नो भूमि र परम्परागत भूमिबाट बलपूर्वक निकाल्न नपाइने प्रावधान राखिएको छ । पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी विना उनिहरुलाई पुनर्वास गरिने छैन । यदि पुनर्वासको मञ्जुरी भए सम्भावना रहेसम्म पुनः आफ्नो भूमि र परम्परागत भूमिमा फर्कन पाउने विकल्प सहित न्यायपूर्ण र निष्पक्ष क्षतिपूर्ति दिइ पुनर्वास गर्नु पर्ने व्यवस्था गरिएको छ ।

सडक विस्तार आयोजनाले यसको योजना तथा कार्यान्वयनमा आदिवासी जनजाति नेवाः समुदायको पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरी तथा आत्मनिर्णयको अधिकारलाई पूर्ण रूपले बेवास्ता गरेको छ ।

भूमि तथा स्रोत-साधन माथिको अधिकार

आफ्नो स्वामित्वको वा परम्परागत भूमिको उपयोग, नियन्त्रण तथा रक्षा गर्न पाउने आदिवासी जनजातिको विशेष अधिकार हो । यस विशेष अधिकार र आदिवासी जनजातिहरुको परम्परागत भूमि तथा भूमि स्वामित्व प्रणालीको पहिचान र रक्षा गर्नु राज्यको दायित्व हो । यद्यपि, सडक विस्तार आयोजनाले आदिवासी जनजाति नेवाः हरुलाई विना क्षतिपूर्ति बलपूर्वक निकाला गरि उनिहरुको आफ्नो स्वामित्वको वा परम्परागत भूमि माथिको अधिकारबाट बञ्चित गरेको छ ।

## निर्णय प्रकृयामा सहभागी हुने अधिकार

संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणाको धारा- १८ ले आदिवासी जनजातिहरुलाई उनिहरुको अधिकार वा रुचिलाई असर पर्ने निर्णय प्रकृयामा उनिहरुको आफ्नै तरिकाले छनौट गरेको प्रतिनिधि वा उनिहरुको आफ्नै निर्णय प्रकृयाको माध्ययमबाट सहभागी हुने अधिकारलाई स्थापित गरेको छ । यस बाहेक पनि संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणामा करिव २१ धाराहरुमा आदिवासी जनजातिहरुको निर्णय प्रकृयामा सहभागी हुने अधिकारलाई विभिन्न रूपमा उल्लेख गरिको छ । यद्यपि, सडक विस्तार आयोजना आदिवासी जनजाति नेवाः समुदायलाई निर्णय प्रकृयामा सहभागी गराउन असफल रहेको छ, जसबाट उनिहरुको अधिकारको गम्भीर उल्लङ्घन भएको छ ।

## आधारभूत मानव अधिकार

सडक विस्तार आयोजनाले नेपालको संविधान, २०७२ मा उल्लेखित आधारभूत अधिकारहरू जस्तैः आवासको अधिकार, भाषा तथा संस्कृतिको अधिकार, पहिचानको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार आदिको उल्लङ्घन गरेको छ । आयोजनाले आदिवासी जनजाति महिलाहरुलाई आफ्नो पुर्खौली घरबाट विस्थापन गरे पछि उनिहरुले आफ्नो संस्कृतिको अभ्यास गर्न सकेका छैनन् र उनिहरुको भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन कार्य जोखिममा परेको छ । घर (आम्दानीको प्रमुख स्रोत) गुमे पछि उनिहरुले खाद्य अभावको सामना गर्नु परेको छ । आयोजनाले धार्मिक स्थल र गुठी (प्रथाजनित भूमि) भत्काउने काम गरेको हुदा आदिवासी जनजाति महिलाहरुको धार्मिक स्थल र गुठी (प्रथाजनित भूमि) को अभ्यास र प्रवर्धन गर्न पाउने अधिकार जोखिममा परेको छ । आयोजनाले आदिवासी जनजाति महिलाहरुको पहिचान (जो भूमि र घरसंग अनन्य छ) सहितको सम्मानित जीवनको अधिकारको उपेक्षा गरेको छ ।

## ६.० सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनबारे जानकारी

### ६.१ राष्ट्रिय कानुनहरू

नेपालको संविधान, २०७२

नेपालको संविधान, २०७२ को धारा- २५ (१) प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

धारा- २५ (२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

धारा- २५ (३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ ।

धारा- ३७

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

(२) कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

सार्वजनिक सडक ऐन, २०३१

दफा- ४ सार्वजनिक सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने सार्वजनिक सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिनेः सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा नेपाल सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

जग्गा अधिग्रहण ऐन, २०३४

दफा- ३ आवश्यकता ठहरेमा ऐन अन्तर्गत रही नेपाल सरकारल सार्वजनिक उद्देश्यको लागि कुनै पनि स्थानको कुनै पनि जग्गाको मुअब्जा दिइ अधिग्रहण गर्न सक्नेछ ।

सडक विस्तार आयोजनाले नेपालको संविधान, २०७२ मा उल्लेखित आवास तथा भूमिको अधिकार र सार्वजनिक सडक ऐनको उल्लङ्घन गरेको छ । तसर्थ, प्रभावित समुदायहरू यो आयोजना नेपालमा गैरकानुनी रहेको दाबी गर्दछन् ।

## ६.२ अन्तर्राष्ट्रिय कानुनहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता

धारा- ११, हरेक व्यक्ति र उसको परिवारलाई खाना, लत्ताकपडा र आवास सहितको सामान्य जीवन निर्वाह गर्ने र जीवन स्तरमा सुधार ल्याउने अधिकार रहन्छ । यस अधिकारको प्रत्याभूतिका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने दायित्व पक्ष राज्य वा देशको हुनेछ । यसको प्रभावकारिताको लागि स्वतन्त्र मञ्जुरीका आधारमा अन्तर्राष्ट्रिय सहयोगलाई विशेष महत्व दिइने छ (सारांश) ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि

धारा- ४, अनुच्छेद- १, पक्ष राज्य वा देशले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गरि महिला र पुरुष बीच समान व्यवहार, समान अवसर र वास्तविक समानता स्थापित गर्न बनेको विशेष अस्थाइ संयन्त्र (सारांश) ।

नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा- २ (१) जात, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीति वा विचार, राष्ट्रियता वा सामाजिक उत्पत्ति, आर्थिक अवस्था, जन्म वा अन्य कुनै पनि आधारमा

राज्य वा देशको कुनै पनि व्यक्तिलाई विभेद गरिने छैन । यस अधिकारको सम्मान र सुनिश्चितता गर्ने दायित्व पक्ष राज्य वा देशको हुनेछ (सारांश) ।

संयुक्त राष्ट्रसङ्घको आदिवासीको अधिकार सम्बन्धी घोषणापत्र र नेपालले हस्ताक्षर गरेको आदिवासी जनजाति विशेष अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धि ।

अन्तर्राष्ट्रिय श्रम संगठनको १६९ औं महासभाले पारित गरेको र नेपालले हस्ताक्षर गरेको आदिवासी जनजाति विशेष अन्तर्राष्ट्रिय मानव अधिकार कानुन ।

**७.० प्रभावित समुदायले उठाएको कानुनका कदम**

सबै प्रभावित स्थानका पीडितहरुले अदालतमा लिखित याचिका दर्ता गराएका छन् र प्रतिवादिहरू तपसिल अनुसार रहेका छन्ः

- प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौ
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाण्डौ
- सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौ
- काठमाण्डौ उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाण्डौ
- काठमाण्डौ उपत्यका सडक सुधार आयोजना, बानेश्वर, काठमाण्डौ
- सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, बबरमहल, काठमाण्डौ
- सडक विभाग, चाकुपाट, ललितपुर
- जिल्ला प्रसाशन कार्यालय, ललितपुर
- ललितपुर महानगरपालिकाको कार्यालय, ललितपुर ।

पीडितहरुले लाहुर्निप (नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह) को सहयोगमा अन्तर्राष्ट्रिय श्रम संगठनमा पनि गुनासो दर्ता गराउने प्रयास भएको थियो । तथापि, अन्तर्राष्ट्रिय श्रम संगठनमा गुनासो दर्ता

गराउन श्रमिक संगठन माध्यय कन्नु पर्ने भएकोले प्रारम्भमा नेपाल दुरसञ्चार कर्मचारी युनियनले साथ दिने भनिए तापनि सरकारको चर्को दबाबको कारण नेपाल दुरसञ्चारका कर्मचारी युनियनले साथ नदिए पछि गुनासो दर्ता गराउन रोकिएको थियो ।

उनिहरुले राष्ट्रिय मानव अधिकार आयोगमा पनि गुनासो दर्ता गराएका छन् र आयोगलाई आयोजना स्थलहरुमा मानव अधिकारको अवस्थाबारे अनुगमन गर्न अनुरोध गरेका छन् ।

## ८.० प्रभावित मानिसहरू प्रतिरोध अभियानमा

प्रभावित स्थलका पीडितहरू आदिवासी जनजाति महिलाहरुको सकृय सहभागितामा आयोजनाको विरुद्धमा विभिन्न स्थानहरुमा जनभेला र प्रदर्शन गरि रहेका छन् । यही जनभेला र प्रदर्शनको दौरानमा आयोजना विरुद्ध सङ्घर्ष गर्ने उपत्यका स्तरीय सडक विस्तार आयोजना सङ्घर्ष समिति र ३२ वटा उप-समितिहरू गठन भएका छन् । पीडितहरुले माइतिघर मण्डलामा वर्षभरि प्रदर्शन गरेर हरेक प्रदर्शनमा दर्जनौ प्रदर्शनकर्ताहरुलाई प्रहरीले हिरासतमा राखेका छन् र कैंयौं घाइते भएका छन् । माइतिघर मण्डलाको निहत्था आदिवासी जनजातिहरुको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हिंसापूर्ण दमन गरेको थियो । आदिवासी जनजाति महिला प्रदर्शनकर्ताहरू समेत प्रहरीले कयौं पटक अश्रु ग्याँसको सेल र पानीका फोहराहरू हानेका थिए । प्रहरीले लाठी चार्ज गर्दा आदिवासी जनजाति महिला सहित कयौं प्रदर्शनकारीहरू घाइते भएका छन् ।

बालाजु-बाईपासका पीडितहरुले स्थानीय स्थलमा रिले भोक हड्ताल गरेका थिए । पीडितहरुले काठमाण्डौ स्थित विभिन्न राजदुतावास र राजनीतिक नेताहरू समक्ष गुनासो दर्ता गराउने र आफुहरुलाई सहयोग गर्न अनुरोध गरेका थिए । उनिहरुले राजनीतिक नेताहरुबाट देखावटी सान्त्वना बाहेक अरु कतैबाट कुनै प्रतिकृया पाएका छैनन् ।

शान्ता प्रकास श्रेष्ठ, सडक विस्तार आयोजनाको एक पीडित तथा हालिन नेवाः गुठीको संस्थापक सभापति भन्नु हुन्छ- 'नेवाः हरुलाई आफ्नो पैतृक थलो वा भूमिबाट हटाउने र उनिहरुको संकृति, परम्परा र धरोहर नष्ट गर्ने यो राज्य प्रायोजित काम हो। किनभने सरकारले विगत देखि आज सम्म काठमाण्डौको आदिवासी जनजाति नेवाः हरुलाई एक ठुलो चुनौतिको रूपमा लिदै आएको छ।'

## ९.० निष्कर्ष र सुझावहरू

जनसाङ्ख्यिक दृष्टिकोणमा नेपालको कुल जनसङ्ख्याको ५१.५ प्रतिशत जनसङ्ख्या महिलाहरुको रहेको छ। नेपालको कुल महिला जनसङ्ख्याको ३६ प्रतिशत जनसङ्ख्या आदिवासी जनजाति महिलाको रहेको छ। आदिवासी जनजाति महिलाहरुले महिला र आदिवासी जनजाति महिला भएको कारण दोब्बर विभेद भोगी रहेका छन्। विद्यमान महिला सम्बन्धी कानुन तथा नीतिहरुले संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणा, अन्तर्राष्ट्रिय श्रम संगठनको १६९ औं महासभाले पारित गरेको आदिवासी जनजाति विशेष अन्तर्राष्ट्रिय मानव अधिकार कानुन, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको सुझाव नं. २५ र जातिय विभेद उन्मूलन समिति अनुरूप आदिवासी जनजाति महिलाहरुको पहिचान र अधिकारलाई सम्मान गर्न सकेको छैन।

आदिवासी जनजातिहरुको भूमि र थातथलो माथिको अधिकार कमजोर भएको बेला प्रथाजनित कानुन र भूमि माथिको सामूहिक स्वामित्वको अधिकारको पहिचान र रक्षा अत्यन्तै जरुरी भएको छ। यद्यपि, विभिन्न समूह बीच महिलाहरुको अधिकार प्राप्तिसंग आदिवासी जनजातिहरुको कानुनी र सांस्कृतिक स्वतन्त्रता र पहिचानले महत्व पाउन सकेको छैन।

आदिवासी जनजाति महिलाहरू दोब्बर कमजोर छन्। उनिहरुको भूमि र स्रोत-

साधनसंगको पहुँचलाई प्रथाजनित कानुनद्वारा बारम्बार मध्यस्थता गरिन्छ जो समुदाय नियन्त्रित परम्परागत भूमिमा निर्भर गर्दछ। जब, समुदायले उक्त भूमिमा आफ्नो स्वामित्व छोड्दछ यसको असर महिलाहरू माथि असमानतापूर्वक पर्दछ । किनभने परिवारको लागि पानी, इन्धन र अन्य वस्तुहरुको व्यवस्था गर्ने महिलाहरुको परम्परागत भूमिका हो । विगत देखि भोग्दै आएको महिला माथि हुने अन्याय प्रभावित महिलाहरुले आज पनि भोग्दै आएको विषय हो ।

तसर्थ, काठमाण्डौ उपत्यकाको सडक विस्तार आयोजनाले स्थानीय महिलाहरुमा प्रतिकुल परिस्थिति सृजना गरेको छ । राज्य आदिवासी जनजातिहरुको विशेषताको रूपमा रहेको पुरानो परम्परा र मूल्य-मान्यताको संरक्षण र प्रवर्धन प्रति उदासीन छ । आयोजना गैरकानुनी र नेपालको राजनीति र कानुनको विरुद्धमा छ ।

यस अध्ययनको सन्दर्भमा राखिएको सुझावहरू तपसिल अनुसार छन् ः
काठमाण्डौ केन्द्रित भौतिक पूर्वाधार विकासले नेपालको दुर्गम स्थानहरुको विकासलाई उपेक्षा गरि रहेको छ। नेपालका गाउँहरुको भौतिक पूर्वाधार, जस्तैः सडक, स्वास्थ्य उपचार, शिक्षामा पहुँच न्यून वा छैन र अविकसित छन् । तसर्थ, गाँउहरुको विकासमा जोड दिनु पर्दछ जसले गर्दा काठमाण्डौको भारी जनसङ्ख्यालाई नियन्त्रण गर्न र सडक विस्तारको आवश्यकताबाट छुटकारा पाउन सकिने छ ।

काठमाण्डौ उपत्यकामा हुने गरेको अनियन्त्रित सवारी साधनको आयातलाई नियमन गरिनु पर्दछ। काठमाण्डौ उपत्यकाले धान्ने जनसङ्ख्या र अत्याधिक सवारी साधनको कारण भएको वायु प्रदुषणको बारे सरकारको ध्यान जानु पर्दछ। जनसङ्ख्याको साथ साथै अत्याधिक रूपमा बढेको सवारी साधनलाई के काठमाण्डौको सडकले धान्न सक्ला ?

आदिवासी जनजातिहरुको अधिकारको रक्षा गर्ने नेपालको संविधान, राष्ट्रिय कानुन तथा नीति, अन्तर्राष्ट्रिय कानुन, जस्तैः संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणा, अन्तर्राष्ट्रिय श्रम संगठन नं. १६९ औं महासभाले पारित गरेको आदिवासी जनजाति विशेष अन्तर्राष्ट्रिय मानव अधिकार कानुन, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि र जातिय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि आदिको सम्मान गर्ने ।

वि.सं. २०६८ मा सफलता पूर्वक विस्तार गरिएको सडकहरुमा १० वर्ष वित्दा सवारी साधनहरू पुनः जाम भएको अध्ययनहरुले देखाएको छ । वास्तवमा यी विस्तार गरिएको स्थानहरू या त पार्किङ क्षेत्रको रूपमा उपयोग गरिएको छ वा खेर गएको छ । यसले के प्रमाणित गर्दछ भने सडक समस्याको समाधान हैन र सडकको प्रयाप्तता पूर्ण हुने कुरा पनि हैन । जब, सम्म ग्रामीण क्षेत्रको विकास गरि आन्तरिक बसाइँसराइलाई नियन्त्रण गर्न सकिन्न तब सम्म समस्याको समाधान हुदैन ।

एसियाली विकास बैंक तथा विश्व बैंक जस्ता ठूला लगानीकर्ताहरुले यस्ता आयोजनाहरुमा लगानी गर्नु अघि आयोजना कार्यान्वयन हुने क्षेत्रको जनताहरुमा आयोजनाको कस्तो प्रभाव पर्न सक्छ भनि सोच्नु पर्दछ ।

आदिवासी जनजाति महिलाहरू परम्परागत ज्ञानको संरक्षक हुन् र उनिहरुको वातावरण र प्राकृतिक स्रोत-साधनहरुको संरक्षणमा महत्वपूर्ण भूमिका र योगदान रहेको कुरालाई पूर्ण रूपमा सम्मान गर्दै उनिहरुको भूमि तथा स्रोत-साधन माथिको अधिकारलाई प्रवर्धन गरिनु पर्दछ ।

बलपूर्वक हटाइनु पूर्व महिलाहरू माथि आउने जोखिमबारे विचार गरिनु

पर्दछ। सरकारले सामाजिक तथा आर्थिक विकासको सोच बनाउदा आदिवासी जनजातिहरुको अधिकार तथा लैङ्गिक दृष्टिकोलाई नजरअन्दाज नगरि उनिहरुको विशेष आवश्यकता र चासोहरुमा ध्यान पुऱ्याउन सक्नु पर्दछ। नीति, कार्यक्रम तथा बजेट आदिवासी जनजाति महिलाहरुमा हुने विभेदको अन्त्य हुने किसिमले निर्माण गरिनु पर्दछ।

**परिशिष्टहरू**

**परिशिष्ट १ : जानकारी सहितको मञ्जुरी**

*(वैयक्तिक अध्ययन गर्नका लागि छनौट भएका आदिवासी जनजाति समुदायको पूर्वजानकारी सहितको मञ्जुरी लिन प्रयोग गरिएको सङ्क्षिप्त कार्यक्रम सन्देश)*

१. वैयक्तिक अध्ययनको विषय

आदिवासी जनजाति महिलाहरुको अधिकारमा हिंसा

२. वैयक्तिक अध्ययन स्थान

चितवन राष्ट्रिय निकुञ्ज र काठमाण्डौ उपत्यका

३. वैयक्तिक अध्ययन गर्ने संस्था

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ

४. वैयक्तिक अध्ययनको उद्देश्य

चितवन राष्ट्रिय निकुञ्ज र काठमाण्डौ उपत्यकामा घटेको आदिवासी जनजाति महिलाहरुको भूमि तथा मानव अधिकार हननको घटनाहरुलाई अभिलेख गरि नीतिगत पैरवीको लागि प्रकाशन तथा प्रसारण गर्नु।

५. वैयक्तिक अध्ययन विधि

क) वैयक्तिक अध्ययन सम्बन्धी जानकारी प्राप्त गर्नु,

ख) प्रभावित समुदाय तथा व्यक्तिसंग भेटघाट,

ग) समूह छलफल र
घ) मुख्य सूचनादातासंग अन्तरवार्ता

६. वैयक्तिक अध्ययनको जोखिम

वैयक्तिक सुरक्षा, घटनाबारे सम्झेर स्पष्ट बताउन नसक्नु, तथ्य बताउन डर मान्नु, छनौटमा त्रुटि आदि

७. वैयक्तिक अध्ययनको फाइदा

घटनाको गहिराइ र वास्तविकता बुझ्ने अवसर प्राप्त हुने र भविष्यमा हुन सक्ने जाखिमलाई न्यूनिकरण गर्न मद्धत पुग्ने, साथै यस अध्ययनमा सहभागिता स्वयम्सेवी हुनेछ र सामान्य खाजा बाहेक सहभागिहरुले कुनै पनि वित्तिय लाभ पाउने छैनन्)

८. विश्वसनीयता

विश्वसनीयता कायम राख्न र जोखिम न्यूनिकरण गर्न अध्ययनका सहभागिहरू गोप्य रहन सक्नेछन् ।

९. सम्पर्क सूचना

संस्थाको सम्पर्क सूचना
अनुसन्धानकर्ताको नाम र सम्पर्क सूचना

१०. जानकारी सहितको मञ्जुरी

माथि उल्लेख भए अनुरूप हामीले/मैले परियोजना र यस अध्ययनको बारेमा जानकारी पायौं/पाए र बुझ्यौं/बुझें, र हामीले/मैले यस अध्ययनमा हाम्रो/मेरो सहभागिताको महत्वबारे बुझ्यौं/बुझें, र हामीले/मैले विना कुनै कारण जुनसुकै बखत सहभागी नहुने स्वतन्त्रता पाएको पनि बुझ्यौं/बुझें । तसर्थ, हामीले/मैले

उपस्थिति खातामा हस्ताक्षर गरि यस अध्ययनमा हुने मञ्जुरी दिएका छौं/दिएको छु ।

११. सहभागिहरुको हस्ताक्षर
(कृपया, सहभागिहरुको उपस्थिति खातामा हेर्नुहोस्)

**परिशिष्ट २क : प्रश्नावली**
*(चितवन राष्ट्रिय निकुञ्ज र काठमाण्डौ उपत्यकाका आदिवासी महिलाहरुको अधिकार हननबारे जानकारी लिनका लागि)*

क. सामान्य जानकारी मूलक सूचना
१. समुदायको जातियता
२. समुदायको नाम
३. समुदायको ठेगाना
४. समुदायको अनुमानित घरपरिवार सङ्ख्या
५. समुदायको अनुमानित जनसङ्ख्या
६. सर्वेक्षण/समूह छलफल मिति
७. छलफलको सहभागी सङ्ख्या

ख. आदिवासी महिलाको विरुद्ध प्रतिबद्ध मानव अधिकार हनन/दुरुपयोग
१.तपाइँको समुदायमा आदिवासी महिलाको मानव अधिकार हनन/दुरुपयोग भएको छ ? (यदि छ भने ...)
- कति जना आदिवासी महिलाको मानव अधिकार हनन/दुरुपयोग भएको छ ?
- के यी हनन/दुरुपयोग भएको घटनाहरुलाई किसिम र समयको आधारमा बताउन सक्नु हुन्छ ?

| अधिकार हनन/दुरुपयोगको रप्रका | पीडित सङ्ख्या | घटनाको सङ्क्षिप्त विवरण | घटनाको मिति |
|---|---|---|---|
| | | | |

के यी घटनाहरू औपचारिक रूपमा दर्ता गरिएको छ ? (यदि छ भने ...)

| अधिकार हन(न/दुरुपयोगको रप्रका | पीडित सङ्ख्या | दर्ताको सङ्क्षिप्त विवरण | दर्ता मिति |
|---|---|---|---|
| | | | |

२. तपाईँको विचारमा किन आदिवासी महिलाको मानव अधिकार हनन/दुरुपयोग भएको हो ?

३. के आदिवासी महिलालाई आफ्नो अधिकार उपयोग गर्न चुनौती छ ? (यदि छ भने ...के चुनौती छ ?)

४. के आदिवासी महिलाको मानव अधिकार हनन/दुरुपयोग हुदा सरकारले छानबिन गर्ने गरेको छ ? (यदि छ भने ...कसरी गर्ने गरेको छ ?)

५. मानव अधिकार हनन/दुरुपयोगको छानबिन हुदा पीडितको पीडित तथा घटनाको विवरण कसरी तयार गरिन्थ्यो ? आदिवासी महिलाको मानव अधिकार हनन/दुरुपयोगको छानबिन हुदा के कुनै विशेष विचार वा सावधानी अपनाइएको पाइन्थ्यो ?

६. के छानबिन वा अनुसन्धान निष्पक्ष हुने गर्थ्यो ? (यदि हुन्न थियो भने ... निष्पक्ष नभएको छानबिन वा अनुसन्धानको सङ्ख्या कति छ ?)

७. आदिवासी महिलाको अधिकार हनन/दुरुपयोगको विषयमा काम गर्दा कुनै कठिनाइको सामना गर्नु परेको छ ? (यदि छ भने ...सामना गर्नु परेको कठिनाइहरू के के हुन् ?)

८. आदिवासी महिलाको अधिकार हनन/दुरुपयोगको छानबिन वा अनुसन्धान गर्दा कुनै वैधानिक कठिनाइ महसुस गर्नु भएको छ ? (यदि छ भने ...ती सामना गर्नु परेको वैधानिक कठिनाइहरू के के हुन् ?)

९. अधिकारको संरक्षण गर्दा वा हनन/दुरुपयोगको घटना दर्ता गर्दा कुनै चुनौती आएको छ ? (यदि छ भने ...ती चुनौतीहरू के के हुन् ?)

नोट : चुनौती जस्तैः फोन वा प्रत्यक्ष धम्की, पारिवारलाई पिडा दिने, गाली गलौज, आदि ।

१०. तपाइँको विचारमा आदिवासी महिला अधिकारको रक्षा गर्ने नेपालले संयन्त्र बनाएको छ ? (यदि छ भने ...ती संयन्त्रहरुको नाम उल्लेख गर्नुहोस् ?)

११. तपाइँ आदिवासी महिला अधिकारको सुनिश्चित गर्न सरकार, मानव अधिकार संस्था र समाजलाई के सुझाव दिनु हुन्छ ?

ग. आदिवासी महिलाको भूमि र पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरीको अधिकार

१. चितवन राष्ट्रिय निकुञ्ज/सडक विस्तार आयोजनाले आदिवासी जनजाति, खास गरि आदिवासी महिला प्रभावित भएको छन् ?

२. के आदिवासी समुदाय चितवन राष्ट्रिय निकुञ्ज/सडक विस्तार आयोजनाको विस्तार क्षेत्र र भूमि र स्रोत-साधनमाथिको अधिकारबारे युएनड्रिप र आएलओ नं. १६९ अनुरूप औपचारिक रूपले जानकार थिए ? (यदि थिए भने ...ती आयोजनाको विकासमा उनिहरुको सहमति र मञ्जुरी थियो ?)

३. के सडक विस्तार आयोजना निर्माण गर्दा र चितवन राष्ट्रिय निकुञ्ज/काठमाण्डौ उपत्यकामा पूर्व सुसूचित जानकारी सहितको स्वतन्त्र मञ्जुरीको अधिकार कार्यन्वयन भएको थियो ? (यदि थियो भने ...आयोजनाको विकासमा आदिवासी वा आदिवासी जानकार व्यक्तिहरू सहभागी भएका थिए ?)

४. निकुञ्ज/आयोजनाले आदिवासी जनजाति वा उनिहरुको निजी वा पैतृक भूमि र स्रोत-साधनलाई प्रभावित बनाएको छ ? (यदि छ भने ...कसरी र कति निजी वा पैतृक भूमि र स्रोत-साधनलाई प्रभावित बनाएको छ ?)

५. निकुञ्ज/सडक विकास वा विस्तारले आदिवासी जनजाति र आयोजना

बीच द्वन्द्व सृजना गरेको छ ? (यदि छ भने ...अख्तियारले कार्यन्वयनमा कमजोरी भएको, द्वन्द्व सृजना भएको, भूमिी अधिकार कार्यन्वयन नभएको र सहमति तथा मञ्जुरी नभएका महसुस गरेको छ ?)

६. आदिवासी जनजातिलाई परेको विभिन्न प्रभाव बारे लेखाजोखा भएको छ ? (यदि छ भने ... लेखाजोखा तथा प्रभाव कम गर्न आदिवासी जनजातिको सहभागिता छ ? र लेखाजोखा प्रतिवेदनको मुख्य निष्कर्ष प्रकाशित गर्ने र प्रसारण गर्ने काम भएको छ ?)

७. आदिवासी तथा विज्ञहरुको सहमतिमा आयोजनामा गुनासोहरू सुन्ने संयन्त्र विकास गरिएको थियो ? र सरोकारवाला आधिकारिक मानिस वा समुदायलाई सूचनाहरू प्रदान गरिएको थियो ?

**परिशिष्ट २ ख : प्रश्नावली**

*(मानव अधिकार हननबारे वैयक्तिक जानकारी लिनका लागि)*

समूह छलफलबाट सामान्य सूचना र घटनाबारे साक्षीहरुको सङ्क्षिप्त जानकारी प्राप्त गरे पश्चात् मानव अधिकार हिंसाका पीडितहरुको पहिचान गरिएको थियो, र देहायका प्रश्नावलीको सहयोगमा मानव अधिकार हननको वैयक्तिक घटना तयार गरिएको छ ।

१.० वैयक्तिक विवरण

१.१ पुरा नाम

१.२ पुरा ठेगाना

१.३ उमेर/जन्म मिति

१.४ लिङ्ग

१.५ पेसा

१.६ पारिवारिक स्थिति

१.७ धर्म

१.८ जातियता

१.९ सम्पर्क विवरण

२.० मानव अधिकार हनन/दुरुपयोग भएको स्थान तथा मिति

२.१ हिंसाको घटना कहिले भएको थियो (मिति र समय) ?

२.२ त्यही मिति र समयमा घटना भएको भन्ने कसरी प्रमाणित हुन्छ ?

२.३ घटना कहाँ भएको थियो (स्थान, ठेगाना) ?

२.४ घटना घटेको स्थलमा तपाइँ हुनुको कारण के थियो ?

२.५ घटना घटेको बेला के गर्दै हुनु हुन्थ्यो ?

२.६ घटना घटेको बेला तपाइँको वरपर कुनै घटना घटेको थियो ?

३.० मानव अधिकार हनन/दुरुपयोग घटनाको विवरण

३.१ घटनामा के भएको थियो र कसरी भएको थियो ?

३.२ घटनामा कति लामो समय वा कति पटक सम्म भएको थियो ?

३.३ घटनालाई तपाइँ कसरी सम्झनु हुन्छ ?

३.४ यस घटनाबाट कति मानिसहरू प्रभावित भएका छन् (संभव भए सम्म उमेर र लिङ्गको आधारमा सङ्ख्या) ?

३.५ घटनालाई पुष्टि गर्ने कुनै तस्बीर वा भिडियो छन् (यदि भए, कहाँबाट प्राप्त गर्न सकिन्छ) ?

३.६ तपाइँ घटनाको अपराधि पहिचान गर्न सक्नु हुन्छ ? (यदि पहिचानमा छन् भने, को हुन्, पूर्ण विवरण लिने) ?

३.७ घटना घट्नुको कारण वा मनसाय के हो ?

३.८ घटना भएको अरु कसैले देखेको छ ?

४.० पक्राउ वा हिरासत र चोटपटक वा हानी नोक्सानी

४.१ पक्राउ गर्दा वा हिरासतमा लिदा बल प्रयोग भएको थियो ?

४.२ पक्राउ गर्दाको कारण वा पक्राउ पुर्जा जारी गरिएको थियो ?

४.३ पक्राउ गरि टाढा लगिएको थियो (कति दिन र अरु मानिसलाई पनि पक्राउ गरिएको थियो) ?

४.४ थुना वा हिरासत रहदा के भएको थियो (पूर्ण विवरण लिने) ?

४.५ थुना वा कैदको स्थिति कस्तो थियो (कति जनालाई राखिन्थ्यो, खानाको गुणस्तर कस्तो थियो, सरसफाइ कस्तो थियो आदिको विवरण लिने) ?

४.६ यही कारणले अरु मानिसहरुलाई पनि थुना वा हिरासतमा लिइएको थियो (भए, अरुको पूर्ण विवरण लिने) ?

४.७ कहिले थुना वा हिरासत मुक्त हुनु भएको थियो र कसरी ? (यदि थुना वा हिरासतमा नै भएको भए ...स्थान र कहिले सम्म थुना वा हिरासतमा राखिने हो उल्लेख गर्ने)

४.८ थुना वा हिरासतमा परेको पीडित यदि घाइते भए वा उसको नोक्सानी भएको भए ..

- उपचार कसले र कसरी गरिएको छ ? पूर्ण विवरण लिने
- मृत्यु भएको भए, पूर्ण विवरण लिने
- कुनै नोक्सानी वा क्षति भएको भए, पूर्ण विवरण लिने ।

४.९ घाइते भए वा उसको नोक्सानी भएको भए पुष्टि गर्ने कुनै तस्बीर वा भिडियो छन् भने प्राप्त गर्ने ।

## प्रयोग भएका सामाग्रीको सूची


1. Amend, S. & Amend, T., Eds. (1992). Espacios sin habitantes? Parques nacionales de America del Sur. Gland, Switzerland: IUCN
2. Cultural Survivor (2020). News and Articles, Human Rights Issues: Chepang Families Still Waiting for Housing After Conservation Officials Burned Down Their Homes in Nepal.
3. Government of Nepal (2011), National Planning Commission Central Bureau of Statistics.
4. Joanne McLean Charles Sturt University (Australia) (1999). Himalaya, the Journal of the Association of Nepal and Himalayan Studies, Vol. 10, No. 2, Himalayan Research Bulletin.
5. The Kathmandu Post, Wednesday, December 8, 2021.
6. Kemf, E., 1993. The Law of the mother: Protecting Indigenous Peoples in Protected Areas. San Francisco: Siena Club Books. MacKay, F. (2002, October). Addressing Past Wrongs. Indigenous Peoples and Protected Areas: the right to restitution of lands and resources. Occasional Paper, Moreton-in-Marsh, U.K.: Forest Peoples Program.
7. WCPA & IUCN. (2000). Indigenous and Traditional Peoples and Protected Areas: Principles, Guidelines and Case Studies. Gland, Switzerland: Beltran, J., Ed.
8. https://www.lahurnip.org/kathmandu-valley-road-expansion-widening-projects
9. https://www.onlinekhabar.com/2021/03/934494?fbclid. IwAR1s6FSfEQEIpVoC2C7

WXVHJMoSwpohc8ilBJR72cjov19H8RPMfkXSxhKg

10. https://www.onlinekhabar.com/2018/08/698618?fbclid=IwAR1Z1Z_ccvKOE-M29DV_HF1dYVxPJqHBi9ghtVVgqEtQKYAaPAu0JhoKB2o
11. https://ekantipur.com/national/2020/08/09/159697448262596733.html
12. https://www.